# रोल्पा जिल्ला सुनछहरी गाउँपालिका वडा नं. २ (भित्रि गाम स्थित भुलुङछुङ खोला, फलवाङ्ग खोला), वडा नं. ३ (बाहिरी गाम स्थित स्याङ खोला, रिजावन/तम्घास खोला, गाँजा खोला) र वडा नं. ७ (जेल्बाङ स्थित जरापानी/जेल्बाङ खोला) का किनार क्षेत्रबाट दिगो तथा वातावरणमैत्री रुपले ढुङ्गा, गिट्टी र बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन

## पेस गरिने निकाय

सुनछहरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

पोबाङ, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

## प्रस्तावक

## सुनछहरी गाउँपालिकाको कार्यालय

## पोबाङ -०५, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

असोज, २०८२

# कार्यकारी सारांश

यस प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले नेपालको लुम्बिनी प्रदेश अन्तर्गत रोल्पा जिल्लाको सुनछहरी गाउँपालिका रोल्पा जिल्ला सुनछहरी गाउँपालिका वडा नं. २ (भित्रि गाम स्थित भुलुङछुङ खोला, फलवाङ्ग खोला किनारा), वडा नं. ३ (बाहिरी गाम स्थित स्याङ खोला, रिजावन/ तम्घासको उत्खनन क्षेत्र, गाँजा खोला उत्खनन् क्षेत्र) र वडा नं. ७ (जेल्बाङ स्थित जरापानी/जेल्बाङ खोला) का किनार क्षेत्रबाट दिगो तथा वातावरणमैत्री रुपले ढुङ्गा, गिट्टी र बालुवा (नदीजन्य पदार्थ) उत्खनन् तथा संङ्कलन कार्य गर्दा पर्न जाने प्रभावहरुको मुल्याकंन गर्दछ । यस अध्ययनको मुख्य उद्देश्य नै नदी नियन्त्रण गर्नका लागि नदीले थुपारेको नदीजन्य पदार्थ उत्खनन् तथा संङ्कलन गर्दा स्थानीय वातावरणमा पर्न जाने प्रभावहरुको पहिचान र समाधान गर्नु हो । मापदण्डक पूर्ण रुपमा पालना गरि यस कार्य गर्दा स्थानीय वातावरणीय प्रणालीमा केहि सकरात्मक तथा थोरै नकारात्मक प्रभावहरु पर्न जाने भएकोले यस अध्ययन प्रतिवेदनले सकरात्मक प्रभावहरुलाई प्रोत्साहित गर्ने तथा नकरात्मक प्रभावहरुलाई न्यूनिकरण गर्न उचित परामर्श दिएको छ ।

नेपाल सरकारको वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची २ नियम ३ संग सम्बन्धित, ग) खानी क्षेत्र अन्तर्गत बुँदा न. ७ बमोजीम कुनै पनि नदीनाला सतहबाट दैनिक १०० घनमिटर भन्दा बढी ३०० घनमिटरसम्म नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्नु परेमा प्रस्ताव कार्यान्वयन गर्नु पुर्व प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अनिवार्य स्वीकृत गराउनु पर्ने रहेको हुदाँ प्रस्तावित रोल्पा जिल्लाको सुनछहरी गाउँपालिकामा पर्ने भुलुङछुङ खोला, स्याङ खोला र जरापानी/जेल्बाङ खोला किनारा क्षेत्रको भोगअधिकार भित्र रहेको बिबिन्न किनारा क्षेत्र बाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी/गिर्खा र बालुवा) उत्खनन् तथा सङ्कलन कार्य गर्नको लागि प्रारम्भीक वातावरणीय परीक्षण आवश्यक रहको छ । यो अध्ययन प्रतिवेदन नेपाल सरकारको वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ अनुसूची ११ साथै लुम्बिनी प्रदेश वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची २ को नियम ३ संग सम्बन्धित रहेर ग (खानी क्षेत्र) बुँदा ७ अनुसार नदीनाला सतहबाट दैनिक १०० घनमिटर भन्दा बढी ३०० घनमिटर सम्म बालुवा, ग्राभेल, गिर्खा माटो (नदीजन्य पदार्थ) उत्खनन् प्रस्तावका लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने कानुनी प्रावधान अनुसार तयार पारिएको छ । यस प्रस्तावित क्षेत्रबाट निकाल्ने दैनिक परिमाण घनमिटर १०१.८५ ($m^3$) रहेको छ । कुल मौजदा परिमाण २७,४९८.२ घनमिटर ($m^3$) मात्र नदीले थुपारेको नदीजन्य पदार्थ उत्खनन्-संकलने गरिने छ ।

## विद्यमान वातावरणीय अवस्था

### भौतिक वातावरण

यस गाउँपालिका भएर बग्ने मुख्य खोलाहरु मध्य भुलुङछुङ खोला, स्याङ खोला र जरापानी/जेल्बाङ खोलाहरु पर्दछ । नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरिने स्थानहरु रोल्पा जिल्लाको सुनछहरी गाउँपालिका अन्तर्गत रोल्पा जिल्ला सुनछहरी गाउँपालिका वडा नं. २ (भित्रि गाम स्थित भुलुङछुङ खोला, फलवाङ्ग खोला), वडा नं. ३ (बाहिरी गाम स्थित स्याङ खोला, रिजावन/तम्घास खोला, गाँजा खोला) र वडा नं. ७ (जेल्बाङ स्थित जरापानी/जेल्बाङ खोला) का किनारा क्षेत्र पर्दछन् । प्रस्तावित उत्खनन्-संकलन क्षेत्रहरुमा पर्ने नजिकैका स्थानहरुमा बाढीले कटानी गर्ने जस्ता जोखिमहरु न्यून रहेको भएपनि वर्षादको समयमा उचित सावधानी अपनाउनु पर्ने देखिन्छ भने वन यवं जङ्गल र मानव बस्ती उत्खनन् क्षेत्रबाट टाढा रहेको छ । प्रस्तावित उत्खनन्-संकलन क्षेत्रहरु समुन्द्री सतहबाट १,२०० देखि १,५०० मिटर सम्म रहेको छ ।

### जैविक वातावरण

नदीजन्य पदार्थ संकलन क्षेत्र कुनै संरक्षित क्षेत्र, राष्ट्रिय निकुञ्ज तथा जैविक महत्वको संवेदनशिल क्षेत्र भित्र पर्दैन । यस प्रस्ताब कार्यानव्यन क्षेत्रमा भित्र सामुदायिक वन पर्दैन, उत्खनन् क्षेत्र वारिपरि वनस्पतीहरु देखिन्छन तर तिनीहरुलाई प्रत्यक्ष प्रभाव नपर्ने देखिन्छ । त्यसैगरि बिभिन्न प्रजातिका जंगली जनावर र पन्छीहरु पनि यस क्षेत्रमा पाईन्छन् । सदावहार नदी भएकोले बिभिन्न माछाका प्रजाती पनि भुलुङछुङ खोला, स्याङ खोला र जरापानी/जेल्बाङ खोलाहरुमा पाहिन्छ।

### सामाजिक आर्थिक तथा सस्कृतिक वातावरण

रोल्पा जिल्लाको सुनछहरी गाउँपालिका वडा नं. २, ३ र ७ मा क्रमशः करिब २,२३३, २,३०० र २,८५४ जनसंख्या रहेका छन्, जहाँ मुख्यतया मगर समुदायसहित अन्य जाति/जनजाति र दलित बासोबास गर्छन् । नेपाली र मगर भाषा प्रचलित छन् भने हिन्दू धर्मका प्रमुख पर्वहरू (दशैं, तिहार, तीज) सँगै मगर समुदायका आफ्नै सांस्कृतिक नाचगान र चाडपर्वहरू पनि महत्त्वपूर्ण छन्। यहाँको प्रमुख जीविकोपार्जन कृषि (धान, मकै, कोदो) र पशुपालन भए पनि वैदेशिक रोजगारी र रेमिट्यान्स आर्थिक आधारको मुख्य स्तम्भ बनेको छ । प्राथमिक र माध्यमिक विद्यालय गाउँमै भए पनि उच्च शिक्षा र स्वास्थ्य उपचारका लागि सदरमुकाम वा अन्य शहर धाउनुपर्ने बाध्यता छ । वडाभर विभिन्न प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरू छन्, जसमा सुनछहरी झरना र विपाङ दह पर्यटनका दृष्टिले आकर्षक छन् । यातायात र पूर्वाधार

अझै चुनौतीपूर्ण भए पनि शिक्षा, कृषि, साना उद्यम तथा पर्यटन विकासका क्षेत्रमा ठूलो सम्भावना रहेको छ ।

## वातावरणीय प्रभावहरु

### सकारात्मक प्रभाव

मुख्यत प्रस्ताव कार्यान्वयन गर्दा नदीले थुपारेको नदीजन्य पदार्थले नदीकोसतह बढाउने, नदीले धार परिवर्तन गर्ने र दैविक प्रकोप निम्त्याउने जस्ता विपत्तिहरु रोकथाम हुन्छ । यसको अलवा प्रस्ताव कार्यान्वयनबाट सम्बन्धित निकायको करको दायरा बढेर राजस्व स्रोतमा बृद्धि हुन गइ स्थानिय स्तरमा सेवा प्रवाह गर्न सहज हुनेछ साथै वर्तमान अवस्थामा यस क्षेत्रमा बिकास निर्माण कार्यले व्यापकता लिएको अनुभुति गरि गाउँपालिकाले स्थानिय माग धान्न तथा यस गाउँपालिकाको बिभिन्न क्षेत्रमा हुने पुल, बाटो, भवन तथा स्थानिय भौतिक पुर्वाधार निर्माणका लागि आवस्यक पर्ने नदीजन्य पदार्थको उपलब्दाताको लागि यस आयोजना अघि सारेको छ । आयोजना कार्यान्वयनले स्थानियबासीलाई रोजगारीको अवसर सृजना गर्छ । प्रस्ताव कार्यान्वयन हुँदा स्थानिय श्रमशक्ति खपत हुनेछ । यसबाट स्थानियबासीले आफ्नो दैनिक आवश्यकताका वस्तुहरुको परिपुर्ति गरि दैनिक जिन्दगीमा परिवर्तन ल्याउने छन् । स्थलगत श्रोत सर्वक्षण गर्दा प्रस्तावित आयोजना बाट कुनै पनि वातावरणीय प्रणालीलाई मापदण्ड अनुरुप उत्खनन्-संङ्कलन गर्दा प्रतिकुल असर पर्ने देखिदैन । साथै प्रस्तावित आयोजना कार्यन्वयन गर्दा तोकिएकै मात्रामा नदीजन्य पदार्थ बगरबाट निकालदा भू-उपयोगमा र स्थानीय पुर्वाधारमा कुनै जोखिम तथा असर देखिदैन ।

### नकारात्मक प्रभाव

नदीजन्य पदार्थ उत्खनन्-संकलन कार्यमा संलग्न कामदारहरुले उचित व्यवसायिक स्वास्थ्य र सुरक्षाका मापदण्ड नअपनाउदा चोटपटक लाग्ने तथा धुलो धुँवाको कारणले स्वास्थ्यमा प्रतिकुल असर पर्न सक्छ । तोकिएको परिमाण भन्दा बढी र अव्यवस्थित नदीजन्य पदार्थ उत्खनन्-संकलन गर्नाले नदीले आफ्नो प्राकृतिक वहाब परिवर्तन गरि नदी किनार कटान तथा नजिकैका भौतिक संरचनामा असर तथा बाढी निम्त्याउन सक्नेछ, जसले गर्दा नजिकैको तटीय क्षेत्रमा रहेको खेतीयोग्य जमिनमा प्रतिकुल असर गर्दछ । साथै बाढीले तराई जस्तो समथर भूभागमा खेति योग्य उर्बर भूमिलाई बन्जर तथा बाजो बगर पनि बनाउन सक्दछ । पुल नजिकै जथाभावी नदीजन्य पदार्थ उत्खनन्-संकलन कार्य गरेमा पुल भासिन सक्ने अवस्था आउन सक्दछ । धँवा, धुलो उड्ने, ध्वनी प्रदुषण हुने जस्ता असरहरु पनि देखिन सक्दछन् ।

## प्रभाव न्यूनिकरणका उपायहरु

स्थानिय वन तथा वातावरणमा हुन सक्ने नकारात्मक क्रियाकलापहरुको न्यूनिकरणको लागि नदीजन्य पदार्थ उत्खनन्-संकलन कार्य श्रममुलक प्रविधिको प्रयोग गरि स्थानीय कामदारहरुबाट उत्खनन्-संकलन कार्य दैनिक विहान ७ बजे बाट बेलुका ६ बजे सम्म मात्र अनुमति दिईनेछ । वर्षाको समयमा नदीबाट उत्खनन्-संकलन कार्य गर्न दिईने छैन । नदीजन्य पदार्थ उत्खनन्-संकलन कार्य गर्दा कुनै भौतिक संरचना तथा पहुँच मार्गमा असर पर्न सक्ने गरि मापदण्ड बिपरित निकाल्न पाईने छैन र यसको साथै गाउँपालिकाले निकासि ढुवानी मार्ग र संकलन स्थल निर्धारण गरि सोहि मार्ग र क्षेत्रबाट मात्र नदीजन्य पदार्थ ढुवानी यवं संकलन गर्ने र यस्तो मार्गको मर्मत संहार गर्ने व्यवस्था मिलाइने छ ।

उत्खनन् कर्ताले आफ्नो फाईदाको लागि बढी नदीजन्य पदार्थ निकाल्ने हुनाले, यस सम्भावित कार्य नियन्त्रण गर्नको लागि उत्खनन्-संकलन क्षेत्रको नाम, निश्चित क्षेत्रफल, कुल परिमाण र समयावधि सहितको सूचना पाटी राख्नु पर्नेछ । उत्खनन्-संकलन कार्य गर्नु पूर्व स्थानियलाई उत्खनन् संकलन गरिने क्षेत्र, परिमाण, विधि र वातावरणीय संवेदनशिलताका बारेमा अनिवार्य सचेतना अभिमुखिकरण गर्नु पर्ने छ । साथै स्थानिय बासिन्दाहरुबाट अनुगमन समिति बनाई सूचना पाटी अनुसार उत्खनन् कार्य भए नभएको अनुगमन गर्न लगाइने छ । ढुवानी गर्दा मोटरहरुको आवत जावतले गर्दा धुलो, धुँवा यवं ध्वनी प्रदुषण बढ्ने हुनाले यसको न्यूनिकरण को लागि ढुवानी साधनमा सामाग्री लोड गरिसकेपछि त्रिपालले ढाक्ने व्यवस्था मिलाईने छ । बढी धुलो उडेमा पानी छर्किने व्यवस्था मिलाईने छ । साथै बस्ती वरपर प्रेसर हर्न निषेध गरिने छ ।

## प्रभाव न्यूनिकरणका लागि गरिने क्रियाकलाप र बजेट

अनुगमन तथा वातावरणीय प्रभावलाई न्यूनिकरण गर्नको लागि अवलम्वन गरिएका कृयाकलापको कार्यान्वयन पक्ष महत्वपुर्ण हुनेछ । वातावरणीय प्रभाव न्यूनिकरण सम्वन्धि अनुगमन गरिने कृयाकलाप, नदी किनार कटान, फोहर तथा जल प्रदुषण र सरसफाई, पहुचमार्ग मर्मत तथा निर्माण, वन, वन्यजन्तु तथा जलचर संरक्षण, स्वास्थ्य, तथा सुरक्षा र बाढी एवं अन्य जल उत्पन्न प्रकोपको प्रभाव बढोत्तरीकरण यवं न्युनिकरणका (वातावरण ब्यवस्थापन योजनाका) लागि जम्मा ने. रु. १,०८०,००० मात्र र वातावरणीय अनुगमन तथा लागि जम्मा ने. रु. २९०,००० अनुमानित गरिएको छ ।

**वातावरणीय व्यवस्थापन योजना**

प्रस्ताव कार्यान्वयन गर्दा यसबाट हुन सक्ने सकारात्मक प्रभावलाई अधिकतम गर्न तथा नकरात्मक प्रभावलाई न्यूनिकरण गर्न त्यस्ता उपायहरुको पहिचान गरि प्रभावकारी कार्यान्वयनको लागि आवश्यक मानविय स्रोत र बजेट समेतको व्यवस्था गर्न सिफारिस गरिएको छ । यसका लागि गाउँपालिकाले अनुगमन व्यवस्थापन योजना बनाई आधार रेखा, नियमपालन र प्रभाव अनुगमन प्रक्रियालाई सशक्त गरिए मात्र उत्खनन्-संङ्कलन कार्य दिगो र वातावरण मैत्री हुन सक्नेछ ।

**निष्कर्ष**

प्रस्ताव कार्यान्वयनको चरणमा रोल्पा जिल्ला सुनछहरी गाउँपालिका वडा नं. २ (भित्रि गाम स्थित भुलुङछुङ खोला, फलवाङ्ग खोला), वडा नं. ३ (बाहिरी गाम स्थित स्याङ खोला, रिजावन/तम्घास खोला, गाँजा खोला) र वडा नं. ७ (जेल्बाङ स्थित जरापानी/जेल्बाङ खोला) का किनारा क्षेत्रबाट दिगो र वातवरण मैत्री रुपमा नदीजन्य पदार्थको उत्खनन्-संकलन दैनिक उत्खनन् गर्न सकिने परिमाण १०१.८५ $m^3$ घनमिटर मात्र रहेको छ । नदीजन्य पदार्थको उत्खनन्-संकलन गरिने हुँदा क्षति हुने वा अपेक्षाकृत धेरै प्रतिकुल प्रभावहरु पर्ने स्थिति देखिदैन । प्रभाव न्यूनिकरणका उपायहरुलाई कार्यान्वयन गरि नियमित रुपमा अनुगमन गर्दा वातावरण मैत्री प्रस्ताव कार्यान्वयन हुनेछ ।

विकल्पहरुको विश्लेषणमा यो प्रस्तावमा सुल्झाइएका न्यूनिकरणका उपायहरु अवलम्वन गर्दै न्यूनिकरणका कार्यक्रमहरुको कार्यान्वयन गरि ती अनुगमनको सुनिश्चितता गरि उपरोक्त अनुसारका नदीजन्य पदार्थ जस्ता स्रोत संकलन तथा बिक्रि वितरण गर्न सम्बन्धित निकायको योजना कार्यान्वयन गर्न यो प्रस्ताव कार्यान्वयनका लागि सिफारिस गर्न सकिने स्पष्ट रुपमा देखिएकोले स्वीकृतीको लागि प्रस्ताव गरिएको छ । साथै प्रस्ताव कार्यान्वयन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण मात्र गरे पुग्ने र वातावरणीय प्रभाव मुल्यांकन गर्न आवश्यक नरहेको देखिएको छ ।

# विषयसूची

कार्यकारी सारांश ........................................................................ २

तालिका सुची........................................................................१२

चित्र सुची........................................................................१३

परिच्छेद १ः प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना ....................................१४

१.१ प्रस्तावकको नाम र ठेगाना ईमेल र फोन नं.............................................१४

१.२ परामर्शदाताको नाम ठेगाना ईमेल र फोन नं ...........................................१४

१.३ प्रस्तावको पृष्ठभूमि.................................................................१४

१.४ प्रारम्भिक वातावरणीय परीक्षणको उद्देश्य................................................१६

परिच्छेद २ः प्रस्तावको सामान्य परिचय.......................................................... १७

२.१ भुमिका ........................................................................ १७

२.२ आयोजनाको विवरण ............................................................. १७

२.३. प्रस्तावको उद्देश्य ............................................................... १७

२.४ प्रस्ताव क्षेत्रको अवस्थिति............................................................१८

२.५ प्रस्तावको सान्दर्भिकता.............................................................२४

२.६ स्थान/अवस्थिति र पहुँच ............................................................२४

२.७ प्रस्तावको क्षेत्र निर्धारण............................................................ २५

२.८ प्रकृति/किसिम.................................................................... २५

२.९ संरचनाहरुको जानकारी र अवयवहरु (Salient Features)............................ २५

२.१० प्रस्ताव सम्बन्धी क्रियाकलापहरु....................................................... २७

२.१०.१ निर्माण तथा संरचना योजना ..................................................... २७

२.१०.२ प्रस्तावित क्षेत्रको जग्गा प्रकार र स्वामित्व ........................................ २७

२.११ संकलन-उत्खनन् र ढुवानी (कार्य र विधि)..........................................२८

२.१२ प्रस्ताव क्षेत्रमा नदीजन्य पदार्थको दिगो उत्खनन-संकलन.......................... २९

२.१३ उत्खनन्-संकलन गरिने परिमाणको आंकलन........................................ ३०

२.१४ संकलन-उत्खनन् गरिने परिमाणको प्राप्त हुने राजश्व............................... ३२

परिच्छेद ३: प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधि.......................................... ३४

३.१ प्रकाशित/उपलब्ध जानकारी र तथ्याङ्कको पुनरावलोकन यवं संश्लेषण............... ३४

३.२ फिल्ड सर्भे यवं प्रस्ताव क्षेत्र अवलोकन................................................ ३४

३.३ सार्वजनिक सूचना, सार्वजनिक सुनुवाई एवं शिफारिस पत्रहरु ......................... ३५

३.३.१ सार्वजनिक सुनुवाई ........................................................................ ३५

३.३.२ सार्वजनिक सूचना र शिफारिस ..................................................... ३६

३.३.३ तथ्याङ्क विश्लेषण प्रभावहरुको पहिचान-अनुमान-मुल्याङ्कन, प्रभाव न्युनिकरण विधिहरुको पहिचान सुझाव यवं प्रतिवेदन तयारी............................................. ३६

परिच्छेद ४: प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका तथा अन्तराष्ट्रिय सन्धि सम्झौता..................................................................... ३७

४.१ नेपालको संविधान........................................................................... ३७

४.२ वातावरण सम्बन्धित नीति................................................................. ३८

४.३ वन क्षेत्रको नीति २०४६ ................................................................. ३८

४.४ सान्दर्भिक ऐन तथा नियमहरु............................................................. ३९

४.४.१ वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियावली २०७७........ ३९

४.४.२ वन ऐन, २०७६ .............................................................................. ३९

४.४.३ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०४९ ............................. ४०

४.४.४ भू-तथा जलाधार संरक्षण ऐन २०३९ तथा नियमावली २०४२................ ४०

४.४.५ स्थानीय सरकार सञ्चालन ऐन २०७४ .............................................. ४०

४.४.६ खानी तथा खनिज ऐन २०४२ तथा नियम २०५६............................... ४०

४.४.७ जलश्रोत ऐन २०४९ तथा नियम २०५०.......................................... ४०

४.५ निर्देशिका तथा दिग्दर्शनहरु ............................................................... ४१

४.५.१ राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका २०५० ......................... ४१

४.५.२ अन्तराष्ट्रिय कानून तथा सम्झौता.......... ४१
४.५.३ ढुंगा, गिट्टी बालुवा तथा मिस्कट संकलन सम्बन्धमा सर्वोच्चको निर्णय.......... ४१
४.६ ढुंगा, गिट्टी तथा बालुवाका उत्खनन्, बिक्री तथा व्यवस्थापन मापदण्ड २०७७..... ४६
प्ररिच्छेद ५ः वस्तुगत वातावरणीय अवस्थाको बयान.......... ४८
५.१ भूस्थिति.......... ४८
५.२ जलवायु-हावापानी.......... ४८
५.३ भूक्षय.......... ४९
५.४ हावा र पानीको गुणस्तर यवं ध्वनिको मात्रा.......... ४९
५.५ जैविक वातावरण.......... ४९
५.५.१ वन तथा वनस्पती.......... ४९
५.६ सामाजिक आर्थिक-सास्कृतिक वातावरण.......... ५०
५.७ जातजाति र धर्म.......... ५१
५.८ पेशा र भाषा.......... ५१
५.९ धार्मिक, सांस्कृतिक यवं ऐतिहासिक स्थलहरु.......... ५१
परिच्छेद ६ः प्रस्ताव कार्यन्वयन गर्दा वातावरणमा पर्ने प्रभाव.......... ५२
६.१ सामाजिक-आर्थिक तथा सांस्कृतिक प्रभाव.......... ५२
६.१.१ मानव स्वास्थ्यमा पर्ने प्रभाव.......... ५२
६.१.२ खेति योगय जमिनको क्षय.......... ५२
६.१.३ वन जङ्गलको क्षय.......... ५३
६.१.४ सामाजिक, साँस्कृतिक र धार्मिक मूल्य मान्यतामा हुने परिवर्तन.......... ५३
६.२ जैविक प्रभाव.......... ५४
६.२.१ जनसङख्या.......... ५४
६.२.२ वनस्पति तथा जीवजन्तु.......... ५५
६.२.३ प्राकृतिक बासस्थान र समुदाय.......... ५५
६.३ भौतिक प्रभाव.......... ५५

६.३.१ जमिन ................................................ ५५

६.४ रासायनिक अनुसूची प्रभाव ................................................ ५६

परिच्छेद ७: विकल्पहरुको विश्लेषण ................................................ ६५

अध्याय ८: वातावरणीय व्यवस्थापन योजना ................................................ ६८

८.१ प्रभाव बढोत्तरी यवं न्यूनीकरणका उपायहरु ................................................ ६८

८.१.१ अनुकूल प्रभावलाई बढोत्तरी गर्ने उपायहरु ................................................ ६८

८.२ प्रतिकूल प्रभावहरुलाई न्यूनीकरण गर्ने उपायहरु ................................................ ७०

८.२.१ सामाजिक-आर्थिक तथा सांस्कृतिक प्रभाव ................................................ ७०

८.२.२ जैविक वातावरण ................................................ ७१

८.२.३ भौतिक वातावरण ................................................ ७२

८.२.४ रसायनिक वातावरण ................................................ ७४

८.३ वातावरणीय व्यवस्थापनका लागि जिम्मेवार निकायहरु ................................................ ८५

८.३.१ स्थानीय स्तरका निकायहरु ................................................ ८५

८.३.२ केन्द्रियस्तरका निकाय ................................................ ८६

८.४ वातावरणीय अनुगमन योजना ................................................ ८७

अध्याय ९: निष्कर्ष ................................................ ९२

सन्दर्भ सामग्री ................................................ ९४

अनुसूची १: स्व-घोषणा ................................................ ९५

अनुसूची २: बायोडाटा र अध्ययन प्रमाणपत्र ................................................ ९७

अनुसूची ३: स्वीकृत कार्यसूचीको चिठी ................................................ १२०

अनुसूची ४: सार्वजनिक सुनुवाई कार्यक्रमको लागि प्रकाशित सूचना ................................................ १२१

अनुसूची ५: सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति र निर्णय ................................................ १२३

अनुसूची ६: सूचनाको टांसको जानकारी, मुचुल्का र शिफारिसहरु ................................................ १३०

अनुसूची ७: राय-सुझाव सम्बन्धि प्रकाशित ७ दिने सूचना ................................................ १४५

अनूसूची ८: आयोजना स्थल अवलोकनका तस्विरहरु ................................................ १४७

अनूसूची ९: सार्वजनिक सुनुवाईका तस्विरहरु ..................................................१५१

# तालिका सुची


तालिका १: प्रस्तावको क्षेत्र निर्धारण ........................................................ २५

तालिका २: आयोजनाको प्रमुख विशेषताहरु.................................................... २५

तालिका ३: उत्खनन्-संकलन गरिने परिमाणको विवरण ......................................३१

तालिका ४: उत्खनन् तथा संकलन क्षेत्रको विवरण..............................................३१

तालिका ५: नदिजन्य पदार्थबाट संकल हुने राजस्वको विवरण .................................३३

तालिका ६: वनस्पतीका प्रकारहरु..................................................................४९

तालिका ७: वन्यजन्तुका प्रकारहरु ...............................................................५०

तालिका ८: तालिका पंक्षीहरु .......................................................................५०

तालिका ९: प्रभाव पहीचान तथा मुल्यांकन म्याट्रिक्स.............................................. ५७

तालिका १०: प्रभाव बढोत्तरीकरण यवं न्युनिकरण म्याट्रिक्स.................................. ७५

तालिका ११: अनुगमन तथा वातावरण व्यवस्थापन योजना, विधि र समय तालिका.........८२

तालिका १२: अनुगमनका सूचकहरु, विधि, समय तालिका जिम्मेवारी .........................८९

तालिका १३: बिषय बिज्ञहरुको समूह............................................................ ९५

# चित्र सुची

चित्र १: गुगल अर्थ प्रो नक्सामा प्रस्तावित भुलुङछुङ खोलाको किनार क्षेत्र (नदीजन्य पदार्थ उत्खनन्/सङ्कलन योग्य) देखाइएको छ । ........................................................१८
चित्र २: गुगल अर्थ प्रो नक्सामा प्रस्तावित फलवाङ्ग खोलाको खोलाको किनार क्षेत्र (नदीजन्य पदार्थ उत्खनन्/सङ्कलन योग्य) देखाइएको छ....................................................१९
चित्र ३: गुगल अर्थ प्रो नक्सामा प्रस्तावित बाहिरी गाम स्थित स्याड खोलाको किनार क्षेत्र (नदीजन्य पदार्थ उत्खनन्/सङ्कलन योग्य) देखाइएको छ........................................१९
चित्र ४: गुगल अर्थ प्रो नक्सामा प्रस्तावित रिजवान खोलाको खोलाको किनार क्षेत्र (नदीजन्य पदार्थ उत्खनन्/सङ्कलन योग्य) देखाइएको छ । ................................................ २०
चित्र ५: गुगल अर्थ प्रो नक्सामा प्रस्तावित गाँजा खोलाको किनार क्षेत्र (नदीजन्य पदार्थ उत्खनन्/सङ्कलन योग्य) देखाइएको छ ........................................................... २०
चित्र ६: गुगल अर्थ प्रो नक्सामा प्रस्तावित जरापानी/जेल्बाङ खोलाको किनार क्षेत्र (नदीजन्य पदार्थ उत्खनन्/सङ्कलन योग्य) देखाइएको छ.................................................... २१
चित्र ७: Arc GIS 10.5.4 मा प्रस्तावित आयोजना क्षेत्रको प्रशासनिक नक्सा देखाइएको छ । ................................................................................................ २२
चित्र ८: सुनछहरी गाउँपालिकाको भू-उपयोग नक्सा । ......................................... २३
चित्र ९: प्रस्तावित आयोजना क्षेत्रका तस्विरहरु...............................................१५०
चित्र १०: सार्वजनिक सुनुवाईको क्रम्मा लिईएको तस्बिरहरु.................................१५२

# परिच्छेद १ः प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना

## १.१ प्रस्तावकको नाम र ठेगाना ईमेल र फोन नं.

रोल्पा जिल्लाको सुनछहरी गाउँपालिका वडा नं. २ (भित्रि गाम स्थित भुलुङछुङ खोला, फलवाङ्ग खोला), वडा नं. ३ (बाहिरी गाम स्थित स्याङ खोला, रिजावन/तम्घास खोला, गाँजा खोला) र वडा नं. ७ (जेल्बाङ स्थित जरापानी/जेल्बाङ खोला) का किनारा क्षेत्र बाट दिगो र वातावरण मैत्री रुपले नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी/गिर्खा र बालुवा) उत्खनन् तथा सङ्कलन कार्य गर्ने प्रस्तावको प्रस्तवक रोल्पा जिल्लाको सुनछहरी गाउँपालिकाको कार्यालय रहेको छ । प्रस्तावकको नाम ठेगाना निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम | : सुनछहरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय |
| ठेगाना | : पोबाङ -०५, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल |
| ईमेल | : info@sunchhaharimun.gov.np / sunchhaharimun@gmail.com |
| फोन नं. | : ९८५७८२५०९३ |

## १.२ परामर्शदाताको नाम ठेगाना ईमेल र फोन नं

यस प्रतिवेदन तयार गर्न वातावरण तथा ईन्जिनियरिङ क्षेत्रमा काम गर्ने परामर्शदाता, श्री थ्रि रिसर्च पोइन्ट नेपाल प्रा. लि. लाई प्रस्तावकले प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीको लागी परामर्शदाता कम्पनिको रूपमा जिम्मा दिईएको छ । परामर्शदाताको विवरण ठेगाना तल दिइएको छ ।

| | |
|---|---|
| संस्थाको नाम | : थ्रि रिसर्च पोइन्ट नेपाल प्रा. लि. |
| ठेगाना | : तारकेश्वर नगरपालिका-५, बागमती प्रदेश, नेपाल |
| फोन नं. | : +९७७- ९८५७८४७१७९ |
| ई-मेल | : threeresearchpoint@gmail.com |

## १.३ प्रस्तावको पृष्ठभूमि

संघीय गणतन्त्र नेपालको लुम्बिनी प्रदेशअन्तर्गत रोल्पा जिल्लामा अवस्थित सुनछहरी गाउँपालिका जिल्लाका १० वटा स्थानीय तहहरूमध्ये एक हो । यस गाउँपालिकाको नाम प्राकृतिक सौन्दर्य र पर्यटनका दृष्टिले प्रसिद्ध सुनछहरी झरनाबाट राखिएको हो । प्रशासनिक केन्द्र पोवाङमा रहेको यो गाउँपालिका डमरु आकारको नक्शामा देखिन्छ र सदरमुकाम लिवाङदेखि करिब ४८ किलोमिटर उत्तर—पूर्वमा पर्छ । गाउँपालिकामा ७ वटा वडा (सेरम, भित्री गाम, बाहिरी गाम, स्युरी, जैमाकसला, फगाम र जेल्वाङ) छन् र यसले २७७.६२ वर्ग किलोमिटर क्षेत्रफल

ओगटेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार जनसंख्या १६,०३४ थियो भने २०७४ को सर्वेक्षणले १९,०५४ पुगेको देखाएको छ, जसमा जेल्वाङ र जैमाकसला बढी जनसंख्या भएका वडा हुन् ।

पूर्वमा बागलुङ, पश्चिममा सुवर्णावती गाउँपालिका र रोल्पा नगरपालिका, उत्तरमा रुकुम र बागलुङ तथा दक्षिणमा लुंग्री गाउँपालिका र सुवर्णावती गाउँपालिकासँग सीमा जोडिएको यो गाउँपालिकाको भौगोलिक बनावटमा पहाड, खोला—खोल्सा, वनजंगल र खेतीयोग्य जमिन प्रमुख छन् । यहाँ कृषि, पशुपालन, जडीबुटी संकलन र ग्रामीण पर्यटनको राम्रो सम्भावना छ । मगर, छन्त्याल, क्षेत्री, ब्राह्मण, कामी, दमाई लगायतका समुदायको सहअस्तित्व रहेको यस गाउँपालिकामा विविध भाषा, संस्कृति, परम्परागत चाडपर्व र सांस्कृतिक धरोहरले समृद्ध पारेका छन् ।

वडा नं. २ (भित्रि गामस्थित भुलुङछुङ खोला), वडा नं. ३ (बाहिरी गामस्थित स्याङ खोला) र वडा नं. ७ (जेल्वाङस्थित जरापानी/जेल्वाङ खोला) मा दिगो तथा वातावरणमैत्री ढङ्गले ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण (आ.ई.ई.) को कार्यसूची तयार गरिएको छ । यी खोलाहरूमा प्रशस्त मात्रामा ढुङ्गा, गिट्टी, बालुवा जमेको पाइन्छ, जसलाई व्यवस्थित ढङ्गले संकलन नगर्दा अवैध उत्खनन् बढ्ने, नदीको बहाव परिवर्तन हुने, जमिन कटान हुने र बस्तीमा जोखिम उत्पन्न हुने गरेको छ । विकास निर्माणका लागि आवश्यक सामाग्री स्थानीय स्तरमै उपलब्ध गराउन, अवैध संकलन नियन्त्रण गर्न, राजस्व वृद्धि गर्न र बाह्य आपूर्ति निर्भरता घटाउन यो आयोजना अघि सारिएको हो ।

भुलुङछुङ खोला (२८°२२'१८.७५"N,८२°५२'३४.५८"E), स्याङ खोला (२८°२१'२२.१३"N, ८२°५१'३३.९१"E) र जरापानी/जेल्वाङ खोला (२८°२२'४०"N, ८२°४५'०८"E) भौगोलिक तथा प्राकृतिक स्रोतका दृष्टिले महत्वपूर्ण छन् । यी नदीजन्य पदार्थ निश्चित मापदण्ड अनुसार संकलन गर्दा बाढी तथा कटानको जोखिम कम भई स्थानीय जनजीवन सुरक्षित हुने मात्र होइन, निर्माण सामाग्री आपूर्ति सहज भई आर्थिक स्तरमा पनि सुधार ल्याउने अपेक्षा गरिएको छ । यस आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वातावरण संरक्षण नियमावली २०७७, नियम ३ अन्तर्गत अनुसूची २ (ग) खानि क्षेत्र, बुँदा नं. ७ मा आधारित छ, जसअनुसार दैनिक १०० घ.मि. देखि ३०० घ.मि. सम्म उत्खनन् गर्ने प्रस्ताव गरिएको छ । आ.ई.ई. प्रतिवेदनको म्याद दुई वर्ष रहनेछ र त्यसपछि मात्रै नयाँ अध्ययन गरी उत्खनन् कार्य अघि बढाइनेछ ।

यसरी भौगोलिक, सामाजिक, सांस्कृतिक र प्राकृतिक दृष्टिले समृद्ध सुनछहरी गाउँपालिकामा दिगो वातावरणमैत्री उत्खनन् तथा संकलन कार्यले स्थानीय माग पूर्ति गर्न, आन्तरिक राजस्व वृद्धि गर्न र दीर्घकालीन विकासमा योगदान पुर्याउनेछ भन्ने विश्वास गरिएको छ ।

## १.४ प्रारम्भिक वातावरणीय परीक्षणको उद्देश्य

सुनछहरी गाउँपालिका स्थित भुलुङछुङ खोला, स्याङ खोला र जरापानी/जेल्बाङ खोलाको किनारा क्षेत्र बाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा संङ्कलन कार्य गर्दा स्थानीय जैविक, भौतिक, रासायनिक तथा सामाजिक-सांस्कृतिक वातावरणमा पर्न सक्ने प्रभाव बारे लेखाजोखा गरी नकारात्मक प्रभाव न्यूनिकरण गर्ने उपाय सुल्झाउने र निर्णय कर्तालाई सुझाव दिनु प्रारम्भिक वातावणीय परिक्षण प्रतिवेदन को मुख्य उद्देश्य रहेको छ । अन्य विशिष्ट उद्देश्यहरु निम्मानुसार रहेका छन् ः

- प्रस्तावित क्षेत्र एवम् प्रभावित क्षेत्रको भौतिक, जैविक, रासायनिक, सामाजिक-सस्कृतिक तथा सामाजिक वातावरणको लिखित जानकारी तयार पार्ने,
- प्रस्ताव कार्यन्वयन हुने क्षेत्रको विद्धमान वातावरणीय अवस्थाको अभिलेखीकरण गर्ने,
- प्रस्ताव कार्यान्वियनका कारणले वातावरणमा देखिन सक्ने सम्पुर्ण सकारात्मक तथा नकारात्मक असरहरुको पहिचान गर्ने,
- प्रस्तावको प्रभावहरु पहिचान, समीक्षा यवं वर्गीकरण गर्ने,
- दिगो संकलन विधि कार्यान्वियनका लागि सिफारिस गर्ने,
- प्रतिकुल प्रभावलाई न्युनिकरण गर्ने र अनुकुल प्रभावलाई बढोत्तरी गर्ने उपायहरु अवलम्बन गर्न सुझाव दिने,
- प्रस्तावित क्षेत्रमा प्रस्ताव कार्यान्वियनका लागि अनुगमन विधि तय गर्ने,
- वातावरणिय ब्यवस्थापन योजना स्पष्ट पार्ने,
- प्रस्ताव कार्यान्वियनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्बन्धमा जानकारी गराई उचित निर्णय लिन निर्णायकर्तालाई सघाउ पुर्याउने ।

# परिच्छेद २: प्रस्तावको सामान्य परिचय

## २.१ भुमिका

नेपालको लुम्बिनी प्रदेशमा पर्ने रोल्पा जिल्लाको सुनछहरी गाउँपालिका स्थित भुलुङछुङ खोला, स्याङ खोला र जरापानी/जेल्बाङ खोलाको किनारा क्षेत्रबाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन गर्ने कार्यका लागि प्रस्तावित प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको प्रतिवेदन तयार गरिएको छ । यस खोला क्षेत्रमा ढुङ्गा, गिट्टी तथा बालुवा राम्रो परिमाण देखिएको छ । उचित रुपमा उपयोग तथा सङ्कलन नहुदाँ उक्त नदिजन्य सामाग्रीको अवैध सङ्कलन हुने गरेको साथै नदीले बार्षिकी नै वर्षादको समयमा एकै ठाउँमा थुपारेको पदार्थले गर्दा नदीले वहाप नै परिवर्तन गरेको साथै कटानको समस्या, खेतियोग्य जमिन र बस्तीमा समेत जोखिम शृजना हुन् सक्ने अवस्था आउने स्थानियहरुले बताएका छन् । वर्तमान अवस्थामा यस क्षेत्रमा निर्माण कार्यले व्यापकता लिएको अनुभुति गरि यस गाउँपालिकाले स्थानिय माग धान्न पनि यस आयोजना अघि सारेको छ । यदी उक्त नदिजन्य सामाग्रीको उचित रुपमा सङ्कलन तथा व्यवस्थापन हुन सकेमा स्थानिय माग स्थानिय स्तरबाट नै पुरा हुने छ भने राजस्व पनि सङ्कलन हुने छ । यसका अलवा स्थानिय भौतिक पुर्वाधार निर्माणमा पनि उक्त सामाग्रीको खपत हुदाँ बाह्य क्षेत्रबाट आपूर्ति गर्नु पर्ने स्थितिको पनि अन्त्य हुने छ ।

## २.२ आयोजनाको विवरण

रोल्पा जिल्ला सुनछहरी गाउँपालिका वडा नं. २ (भित्रि गाम स्थित भुलुङछुङ खोला, फलवाङ्ग खोला), वडा नं. ३ (बाहिरी गाम स्थित स्याङ खोला, रिजावन/तम्घास खोला, गाँजा खोला) र वडा नं. ७ (जेल्बाङ स्थित जरापानी/जेल्बाङ खोला) का किनारा क्षेत्रबाट दिगो तथा वातावरणमैत्री रुपले ढुङ्गा, गिट्टी र बालुवा (नदीजन्य पदार्थ) उत्खनन् तथा संङ्कलन कार्य गर्न लागिएको हो ।

## २.३. प्रस्तावको उद्देश्य

नदीजन्य पदार्थ जस्ता प्राकृतिक श्रोतहरुको संकलन-उत्खनन् कार्यका निम्न उद्देश्यहरु रहेका छन् ।

- ढुङ्गा, गिट्टी र बालुवा को दिगो यवं वातावरण मैत्री रुपले संकलन-उत्खनन् गर्ने ।
- नदीको छेउ छाउमा रहेका भूमि, बस्ती तथा वन वनस्पतिको संरक्षण गर्ने ।
- जल उत्पन्न प्रकोपको न्यूनिकरण गर्ने उपाय तर्जुमा गर्ने।
- स्थानीय श्रोतको सदुपयोग गर्ने ।

- संकलन भएको राजश्वबाट विपदबाट प्रभाव पर्न सक्ने क्षेत्रलाई मध्यनजर गर्दै सम्भावित जोखिम नियन्त्रणका कार्यहरुलाई बढि प्राथमिकता दिने ।
- ढुङ्गा, गिट्टी र बालुवा को संकलन कार्यमा रोजगारका अवसरहरु सृजना गरी गाउँपालिकाको आय बृद्धि गर्न सघाउ पुर्याउने ।
- स्थानीय श्रोत संकलन र सदुपयोगको बैधानिक पद्धति कायम गर्ने ।

## २.४ प्रस्ताव क्षेत्रको अवस्थिति

रोल्पा जिल्ला सुनछहरी गाउँपालिकामा अवस्थित रहेको वडा नं. २ (भित्रि गाम स्थित भुलुङछुङ खोला, फलवाङ्ग खोला), वडा नं. ३ (बाहिरी गाम स्थित स्याङ खोला, रिजावन/तम्घास खोला, गाँजा खोला) र वडा नं. ७ (जेल्बाङ स्थित जरापानी/जेल्बाङ खोला) का किनार क्षेत्रको मानचित्र गुगल अर्थ प्रो र Arc GIS 10.5.4 बाट बनाईएको हो । तलको चित्रमा नेपालको नक्शा भित्र भुलुङछुङ खोला, स्याङ खोला र जरापानी/जेल्बाङ खोलाको किनाराको अवस्थिति पनि देखाईएको छ । चित्र १ मा गुगल अर्थ (Google Earth Pro) नक्साले प्रस्तावित क्षेत्रमा नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन गर्न मिल्ने Extraction Sites खोलाको चेनेज (Chainage) देखाइएको छ । जस अन्तर्गत, नदिजन्य पदार्थ उत्खनन् योग्य स्थान सुनछहरी गाउँपालिकाको वडा नं. २, ३ र ७ मा पर्दछ । चित्र ४ मा जिओग्राफिक इन्फोर्मेशन सिस्टम (Arc GIS 10.5.4) बाट बनाईएको हो, यो नक्सामा प्रस्तावित आयोजना क्षेत्रको अवस्थितिको प्रशासनिक नक्सा देखाईएको छ । चित्र ५ मा सुनछहरी गाउँपालिकाको भू-उपयोग नक्सा देखाईएको छ ।




चित्र १: गुगल अर्थ प्रो नक्सामा प्रस्तावित भुलुङछुङ खोलाको किनार क्षेत्र (नदीजन्य पदार्थ उत्खनन्/सङ्कलन योग्य) देखाइएको छ ।




चित्र २: गुगल अर्थ प्रो नक्सामा प्रस्तावित फलवाङ्ग खोलाको खोलाको किनार क्षेत्र (नदीजन्य पदार्थ उत्खनन्/सङ्कलन योग्य) देखाइएको छ




चित्र ३: गुगल अर्थ प्रो नक्सामा प्रस्तावित बाहिरी गाम स्थित स्याङ खोलाको किनार क्षेत्र (नदीजन्य पदार्थ उत्खनन्/सङ्कलन योग्य) देखाइएको छ




चित्र ४: गुगल अर्थ प्रो नक्सामा प्रस्तावित रिजवान खोलाको खोलाको किनार क्षेत्र (नदीजन्य पदार्थ उत्खनन्/सङ्कलन योग्य) देखाइएको छ ।




चित्र ५: गुगल अर्थ प्रो नक्सामा प्रस्तावित गाँजा खोलाको किनार क्षेत्र (नदीजन्य पदार्थ उत्खनन्/सङ्कलन योग्य) देखाइएको छ




चित्र ६: गुगल अर्थ प्रो नक्सामा प्रस्तावित जरापानी/जेल्बाङ खोलाको किनार क्षेत्र (नदीजन्य पदार्थ उत्खनन्/सङ्कलन योग्य) देखाइएको छ

## सुनछहारी गाउँपालिकाको प्रसाशनिक नक्शा




चित्र ७: Arc GIS १०.५.४ मा प्रस्तावित आयोजना क्षेत्रको प्रशासनिक नक्सा देखाइएको छ ।




चित्र ८: सुनछहरी गाउँपालिकाको भू-उपयोग नक्सा ।

## २.५ प्रस्तावको सान्दर्भिकता

वर्तमान अवस्थामा रोल्पा जिल्लाको सुनछहरी गाउँपालिकामा निर्माण कार्य तीव्र गतिमा भइरहेकोले विभिन्न प्रकारका नदीजन्य निर्माण सामग्रीको माग उल्लेखनीय रूपमा बढेको छ । यसै कारण गाउँपालिकाले स्थानीय स्रोतलाई वातावरणमैत्री तरिकाले प्रयोग गर्दै आवश्यकताका माग सम्बोधन गर्ने उद्देश्यसहित यो प्रस्ताव अघि सारेको हो ।

यस आयोजनाको सान्दर्भिकता नेपाल सरकारद्वारा जारी वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची २, नियम ३ अन्तर्गत ग) (खानी क्षेत्र), बुँदा ७ मा स्पष्ट गरिएको छ, जसअनुसार नदी सतहबाट दैनिक १०० घनमिटरभन्दा बढी तर ३०० घनमिटरसम्म ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अनिवार्य हुन्छ । यही प्रावधान लुम्बिनी प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ मा पनि दोहोरिएको छ, जसमा दैनिक १०० देखि ३०० घनमिटरसम्म ढुङ्गा, गिट्टी, बालुवा संकलनका लागि IEE आवश्यक पर्ने उल्लेख छ । साथै लुम्बिनी प्रदेश वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची २ को  नियम ३ संग सम्बन्धित रहेर ग (खानी क्षेत्र) बुँदा ७ अनुसार नदीनाला सतहबाट दैनिक १०० घनमिटर भन्दा बढी ३०० घनमिटर सम्म बालुवा, ग्राभेल, गिर्खा माटो (नदीजन्य पदार्थ) उत्खनन् प्रस्तावका लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने कानुनी प्रावधान उल्लेख गरिएको छ ।

तसर्थ, गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका सम्भाव्य नदी सतहबाट दिगो र कानुनी तरिकाले दैनिक १००-३०० घनमिटरसम्म नदीजन्य पदार्थ उत्खनन र संकलन गर्ने प्रस्ताव ल्याएको छ। प्रारम्भिक वातावरणीय परीक्षणले सम्भावित असरहरूको पहिचान गर्ने र कार्यान्वयन स्तरमा देखिन सक्ने प्रतिकूल प्रभावहरू न्यूनीकरणका उपायहरू तय गर्ने भएकाले अध्ययन अपरिहार्य मानिन्छ ।

यससँगै, प्रस्तावित आयोजना वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ का प्रावधानहरूको पालना गर्नेछ, जसले संक्षिप्त वातावरणीय अध्ययन (BES), प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को व्यवस्था सुनिश्चित गरेको छ ।

## २.६ स्थान/अवस्थिति र पहुँच

यस आयोजनाको स्थान रोल्पा जिल्ला सुनछहरी गाउँपालिकामा पर्ने भुलुङछुङ खोला, स्याङ खोला र जरापानी/जेल्बाङ खोलाको किनारा क्षेत्रमा पर्दछ, प्रस्तावित उत्खनन् तथा संङ्कलन

स्थल भने सुनछहरी गाउँपालिकाको वडा नं. २, ३ र ७ भित्र अवस्थित रहेको छ । आयोजनाको सबै उत्खनन् यवं संकलन स्थान सम्म निर्माण सामाग्री बोक्न मिल्ने बाटो सबै ठाँउमा पुगेको छ ।

## २.७ प्रस्तावको क्षेत्र निर्धारण

प्रस्तावको प्रभावित क्षेत्रको बर्गीकरण गर्न उच्च जोखिम क्षेत्र वा प्रत्यक्ष प्रभावित क्षेत्र खासगरी स्टक पाइलिको क्षेत्र, पहुच सडकको व्यवस्था, कामदारको आवतजावत, उत्खनन् र संकलनको क्षेत्रलाई ध्यानमा राखी निर्धारण गरिनेछ । निम्न जोखिम क्षेत्र क्षेत्रलाई उत्खनन् र संकलनको सामाजिक सम्वन्धको दृष्टिलाई ध्यानमा राखेर लिइनेछ । प्रस्तावित नदि किनारबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न क्षेत्र निर्धारण यस प्रकारले गर्न सकिन्छ ।

**तालिका १ः प्रस्तावको क्षेत्र निर्धारण**

| | |
|---|---|
| **प्रभाव क्षेत्र** | प्रभाव क्षेत्र प्रस्तावित स्थानको साथसाथै सहायक कामहरू जस्तै अप्रोच रोड, क्याम्प साइट (Camp Site), मटेरियल भण्डारण यार्ड (Material Deposit Yard) लाई समेट्छ र प्रस्तावको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव क्षेत्र पनि समाहित गर्दछ । |
| **प्रत्यक्ष प्रभाव क्षेत्र** | प्रस्ताव क्षेत्र (भुलुङछुङ खोला, स्याङ खोला र जरापानी/जेल्बाङ खोला बगर) बाट १०० मिटर भित्रको सम्पत्ती जस्तै प्रस्ताव कार्यान्वयन क्षेत्र, छेउछाउको जमिन, प्लट, निर्माण साइटहरू, घरहरु आदि पर्दछन् । |
| **अप्रत्यक्ष प्रभाव क्षेत्र** | आयोजना कार्यान्वयन साइटको छेउछाउका क्षेत्र भित्र २०० मिटर टाढा । |

## २.८ प्रकृति/किसिम

- उत्खनन तथा सङ्कलन

## २.९ संरचनाहरुको जानकारी र अवयवहरु (Salient Features)

**तालिका २ः आयोजनाको प्रमुख विशेषताहरु**

| | |
|---|---|
| १ | **प्रस्तावको नामः** रोल्पा जिल्ला सुनछहरी गाउँपालिका रोल्पा जिल्ला सुनछहरी गाउँपालिका वडा नं. २ (भित्रि गाम स्थित भुलुङछुङ खोला, फलवाङ्ग खोला), वडा नं. ३ (बाहिरी गाम स्थित स्याङ खोला, रिजावन/तम्घास खोला, गाँजा खोला) र वडा नं. ७ (जेल्बाङ स्थित जरापानी/जेल्बाङ खोला) का किनार क्षेत्रबाट दिगो तथा |

| | | |
|---|---|---|
| | वातावरणमैत्री रुपले ढुङ्गा, गिट्टी र बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन । | |
| २ | **प्रस्तावको अवस्थिति** | |
| | प्रदेश | लुम्बिनी प्रदेश, नेपाल |
| | जिल्ला | रोल्पा |
| | स्थानिय तह | सुनछहरी गाउँपालिका |
| ३ | **भु - तथा वातावरणीय जानकारी** | |
| | प्रस्तावको भौगिलिक अवस्थिति | पहाडी क्षेत्र |
| | नदीको नाम र प्रकार | भुलुङछुङ खोला, स्याङ खोला र जरापानी/जेल्बाङ खोला |
| | पाईने नदीजन्य पदार्थ | ढुङ्गा, गिट्टी तथा बालुवा |
| | हावापानी | उपोष्णकटिबंधीय (sub-tropical) देखि शीतोष्ण (temperate) |
| | तापक्रम | गर्मी (जून-अगष्ट): उच्च २३°C, न्यून १६°C<br>शरद (सेप्टेम्बर-नोभेम्बर): उच्च २३-२६°C, न्यून १५-१८°C<br>जाडो (डिसेम्बर-फेब्रुअरी): उच्च २०-२३°C, न्यून ९-१२°C<br>वसन्त (मार्च-मे): उच्च २६-३०°C, न्यून १५-१९°C |
| | वार्षिक वर्षा विवरण | अधिकतम वर्षा: केही उच्च उचाइका क्षेत्रमा वार्षिक वर्षा २,५०० मिलिमिटरभन्दा बढी पनि हुनसक्छ ।<br>न्यूनतम वर्षा: सामान्यतया १,५०० मिलिमिटरभन्दा कम वर्षा हुने स्थानहरू कम छन् ।<br>औसत वार्षिक वर्षा: सुनछहरी गाउँपालिकाको औसत वार्षिक वर्षा २,००० मिलिमिटरको आसपास रहने अनुमान गर्न सकिन्छ । |

| | | |
|---|---|---|
| | सामुद्रिक उचाई (उत्खनन् क्षेत्र) | वडा नं. २ (भुलुङछुङ खोला)ः १६३६.१७ मिटर<br>वडा नं. ३ (स्याङ खोला)ः १४९६.८७ मिटर<br>वडा नं. ७ (जेल्वाङ/जरापानी)ः १५२० मिटर |
| ४ | **सङ्कलन/उत्खनन कार्य स्थल** | |
| | सङ्कलन/उत्खनन स्थल | भित्रि गाम स्थित भुलुङछुङ खोला), बाहिरी गाम स्थित स्याङ खोला र जेल्बाङ स्थित जरापानी/जेल्बाङ खोला |
| | सङ्कलन/उत्खनन विधि | हाते औजार तथा स्थानिय तहको अनुमतिमा साना मेशिनरी उपकरण |
| | कुल सङ्कलन/उत्खनन वडाहरु | वडा नं. २ (भित्रि गाम स्थित भुलुङछुङ खोला, फलवाङ्ग खोला), वडा नं. ३ (बाहिरी गाम स्थित स्याङ खोला, रिजावन/तम्घास खोला, गाँजा खोला) र वडा नं. ७ (जेल्बाङ स्थित जरापानी/जेल्बाङ खोला) का किनारा क्षेत्र |
| | प्रभाव पर्न सक्ने वडाहरु | सुनछहरी गाउँपालिका वडा नं. २, ३ र ७ |
| | सङ्कलन/उत्खनन सामाग्री | ढुङ्गा, गिट्टी तथा बालुवा |
| | वातावरण अनुगमन | २९०,००० |
| | प्रभाव बढोत्तरीकरण यवं न्युनिकरण | १,०८०,००० |
| | IEE प्रतिवेदनको वैधानिकता | प्रतिवेदन स्वीकृत भएको मितिले ३ बर्ष |

## २.१० प्रस्ताव सम्बन्धी क्रियाकलापहरु

### २.१०.१ निर्माण तथा संरचना योजना

- ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन तथा सङ्कलन ।

### २.१०.२ प्रस्तावित क्षेत्रको जग्गा प्रकार र स्वामित्व

यस आयोजनाको लागि आवश्यक उत्खनन् हुने जमिन नेपाल सरकार (भुलुङछुङ खोला, स्याङ खोला र जरापानी/जेल्बाङ खोलाको) तथा संबन्धित वडामा पर्ने सार्वजनिक जमिनको स्वामित्व स्थानीय तहको रहेको छ । यस जमिनको प्रयोगको लागि सम्बन्धीत सरोकारवाला निकायको

कुनै बिमति नरहेकोले बिज्ञले तोकेको स्थान र तोकिएकै मात्रामा नदीजन्य पदार्थ उत्खन्न यवं संकलन गरिने छ ।

## २.११ संकलन-उत्खनन् र ढुवानी (कार्य र विधि)

प्रस्तावित खोलाहरु बाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टी र बालुवा उत्खनन्-संकलन गर्दा मुख्यतया निम्न लिखित तरिकाहरु अपनाईने छ । यस प्रतिवेदनले तोकिएको स्थानबाट मात्र ढुङ्गा, गिट्टी र बालुवा उत्खनन्-संकलन गर्न निर्दिस्ट गर्दछ ।

- सामान्य हाते औजर (कुटो, कोदालो, गैंती, साबेल आदि) बाट वा कामदार तथा आवश्यकता अनुसार बहाव क्षेत्र बाहेक साना-साना मेशिनरी औजार (उपकरण) समेत प्रयोग गरी उत्खनन् गर्न पाइने ।
- कामदारहरुले नदीजन्य पदार्थ उत्खनन् गदा पन्जा, हेलमेट, गमबुट जस्ता सुरक्षाका सामाग्री प्रयोग गरेको हुनु पर्ने ।
- उत्खनन् कर्ताले ठेक्का सम्बन्धि निश्चित विवरण उल्लेख गरी परिमाण सहितको सूचना पार्टी सम्बन्धित स्थानमा राखेको हुनु पर्ने ।
- उत्खनन् कर्ताले घाटगद्दीको व्यवस्था उपयुक्त स्थानमा (संकलन उत्खनन् क्षेत्रबाट कम्तिमा ५०० मी. को दुरी ) कायम गरेको हुनु पर्नेछ ।
- नदीमा पानी भैरहेको वा बगिरहेको क्षेत्रवाट श्रोत उत्खनन् नगर्ने ।
- नदीमा पानी भैरहेको वा बगिरहेको क्षेत्रवाट श्रोत उत्खनन् गर्दा न्यूनतम् ३ मि. छाडेर मात्र उत्खनन् गर्ने ।
- उत्खनन् कर्ताले उत्खनन् गर्दा एउटै ठाउँबाट ठुलो खाडल नबनाई नदीको सतहबाट मात्र उत्खनन् गर्ने ।
- नदीको धार परिवर्तन हुने गरी नदी जन्य पदार्थ संकलन नगर्ने ।
- उत्खनन् कार्य गर्दा उत्खनन कर्ताले स्थल रेखाङ्कन गर्नुपर्ने ।
- नदीमा पानीको सतहभन्दा गहिरो हुने गरी श्रोत उत्खनन् नगर्ने र संकलन-उत्खनन कार्य दिउंसोमा मात्र गरिने छ ।
- नदीजन्य पदार्थ ढुवानी गर्ने ढुवानी कर्ताले उक्त पदार्थ ढाकछोप गरेर मात्र गर्नुपर्ने ।
- तोकिएको दैनिक परिमाण भन्दा बढी उत्खनन् गर्न नपाइने ।
- विद्यमान ऐन नियमको अधिनमा रही संकलन गर्ने ।
- ढुवानीको लागि ट्र्याक्टर, टिपरहरु प्रयोग गर्ने ।

उपरोक्त श्रोतहरु संकलन कार्य गर्दा समय, परिमाण आदि सबै विषयलाई गम्भीरताका साथ हेरी त्यस सम्बन्धमा संकलनकर्ता, ठेकेदार र कामदारहरुलाई तालिम दिएर मात्र संकलन गरिने छ । संकलन उत्खनन कार्यमा संलग्न हुने कामदारहरुको संख्या न्यून हुने तथा सकेसम्म स्थानीय व्यक्तिलाई रोजगारी दिने नीति अवलम्बन गरिने भएकोले संकलन क्षेत्रहरुमा कामदारहरुको लागि शिविर स्थल बनाउन आवश्यक नपर्ने देखिन्छ । त्यस्तै संकलन गर्दा खेर जाने बस्तुहरुको भण्डारण संकलन क्षेत्र वरिपरी सकेसम्म खेतीयोग्य निजी जमिनमा नपर्ने गरी अस्थायी रुपमा भण्डारण क्षेत्र स्थापना गर्नुपर्ने देखिन्छ ।

पानी भएको क्षेत्रबाट कुनै पनि हालतमा नदीजन्य पदार्थ संकलन गरिने छैन । उत्खनन् संकलन आदेश दिनु पूर्व उत्खनन् संकलन गरिने क्षेत्रको रेखाकंन गरि परिमाण यकिन गरिने र यसो गर्दा स्थानीय बासीन्दा, जनप्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराईने छ । उत्खनन् संकलन कार्य गर्नु पुर्व स्थानीयहरुलाई उत्खनन् संकलन गरिने क्षेत्र, परिमाण र विधि र वातावरणीय संवेदनशिलता बारेमा अनिवार्य सचेतना अभिमुखिकरण गरिने छ । उत्खनन् तथा संकलन गर्न बालवालिकालाई लगाईने छैन ।

नदीको धार तथा बहावलाई प्रतिकुल असर नपार्ने गरि तथा प्राकृतिक धार परिवर्तन नगरी किनारबाट उत्खनन्-संकलन कार्य दिउँसोको समयमा मात्र गरिनेछ । बिहान सात बजेबाट बेलुकी छ बजेसम्म मात्र उत्खनन् तथा संकलन कार्य गराईने छ भने अरु समय कडाइका साथ रोक लगाइने छ । नदीमा पानी भएको क्षेत्रमा उत्खनन्-संकलन कार्य गर्न निषेधित गरिनेछ । उत्खनन् कार्य नदीमा पानीको बहाव कम हुने समयमा गराइने छ । असार, साउन र भदौ महिना बाहेक अरु ९ महिना उत्खनन् कार्यको लागि उचित महिना मानिन्छ । अन्य समयमा ढुवानी कार्य गर्न ट्र्याक्टर वा ट्रिपरको प्रयोग गरिने छ । नदी वरीपरी स्थानीय नागरिकहरुको नदी संरक्षण तथा रेखदेख समिति गठन गरि उक्त समितिलाई पहिलो वाहकको रुपमा जिम्मा दिईने छ ।

## २.१२ प्रस्ताव क्षेत्रमा नदीजन्य पदार्थको दिगो उत्खनन-संकलन

प्रस्तावित क्षेत्रमा बर्षेनि आउने बाढीले बगाएर ल्याएको ढुङ्गा, गिट्टी र बालुवा थुप्रिएर रहन्छन र यी बगाएर ल्याएका नदीजन्य पदार्थलाई उत्खनन् र ढुवानी गर्दा नदीले आफ्नो बाहाव परिवर्तन गर्दैन र नदीको आफ्नो धार यथा स्थितिमा रहन्छ त्यसैले प्रस्तावित क्षेत्रमा ढुङ्गा, गिट्टी र बालुवा निकाल्दा बर्षेनि नदीले बगाएर ल्याएका नदीजन्य पदार्थहरु मात्र निकालिने छ । जस्ले गर्दा यस नदीको नदीजन्य पदार्थको उत्खनन्-संकलन दिगो रुपमा गर्न सकिन्छ ।

**उत्खनन् कार्यलाई वातावरण मैत्री र दिगो बनाउनको लागि समष्टिमा तपशिल वमोजिमका नियमहरु पालना गर्न जरुरी देखिन्छ ।**

- नदीको सतह भन्दा गहिरो नहुने गरी नदीजन्य पदार्थ उचित मापदण्ड पालना गरेर निकाल्ने ।
- नदीको धार नै परिवर्तन हुने गरी श्रोत संकलन नगर्ने ।
- नदीमा पानीको सतहभन्दा गहिरो हुने गरी किनारबाट श्रोत उत्खनन् नगर्ने ।
- सामान्य अवस्थामा उत्खनन् कार्यका लागी भारी मेसिनेरीका उपकरण प्रयोग नगर्ने, सम्बन्धित पालिकाको अनुमतिमा साना खाले मेसिन तथा औजारको प्रयोग गर्ने ।

## २.१३ उत्खनन्-संकलन गरिने परिमाणको आंकलन

प्रभावित क्षेत्रमा बिज्ञद्वारा स्थलगत अध्ययन गरेर नदीजन्य पदार्थलाई उत्खनन् गर्न मिल्ने परिमाणलाई मात्र उत्खनन् गरि संकलन र ढुवानि गरिने छ । सामान्यतया यसरी मौजुदा परिमाण घनमिटर निकाल्दा लम्बाई, चौडाई र गहिराईलाई गुणन गरेर निकालिने गरिन्छ । उत्खनन् गर्न सकिने परिमाण निकाल्नका लागि तलको सूत्रको प्रयोग पनि गरिन्छ । उत्खनन् योग्य क्षेत्रफल (Area) = L*W: यसको मान गुगल अर्थ प्रो (Google Earth Pro) बाट Calculate गरि तलको टेवलमा राखिएको छ । कुल संचितिको मात्रा/मौजदा परिमाण=**क्षेत्रफल*गहिराई** बाट निकालिएको छ ।

**Q=L×W×D**

जहाँ,

Q= पदार्थ संचितिको मात्रा {Quantity of Sediment Deposit (m3)}

L= उत्खनन क्षेत्रको लम्बाई {Length of the extraction site (m)}

W= उत्खनन् क्षेत्रको चौडाई {Effective average width of the extraction site used for extraction (m)};

Area (क्षेत्रफल) = L*W: गुगल अर्थ प्रो (Google Earth Pro) बाट Calculate गरि निकालिएको छ ।

D= उत्खनन् क्षेत्रको उचाई {Replenishable depth of the sediment deposition (m)}

### तालिका ३: उत्खनन्-संकलन गरिने परिमाणको विवरण

| क्र. स. | वडा नं. | नदि (सेक्सन) | उत्खनन्/संकलन क्षेत्र (Points) | क्षेत्रफल (Area-$m^2$) | गहिराई(मि.) (Depth-m) | मौजदा परिमाण (घ.मि.) $m^3$ |
|---|---|---|---|---|---|---|
| १ | वडा नं. २ | भुलुङछुङ खोला किनारा, फलवाङ्ग खोला किनारा | भुलुङछुङ खोला, साहायक खोलाको किनारा क्षेत्रहरु | (२९६*४५) १३,३२० (८३*३५) २९०५ | १.२१<br>१.१२ | १६,११७.२<br>३२५३.६ |
| २ | वडा नं. ३ | स्याङ खोला, रिजावन/तम्घासको उत्खनन क्षेत्र, गाँजा खोला उत्खनन् क्षेत्र | स्याङ खोला, खोलाको किनारा क्षेत्रहरु | (७५*२३) १,७२५ (६५*२५) १६२५ (८०*७) ५६० | १.०<br>१.३<br>०.७९ | १,७२५<br>२११२.५<br>४४२.४ |
| ३ | वडा नं. ०७ | जरापानी/जेल्बाङ खोला | जरापानी/जेल्बाङ खोलाको किनारा किनारा क्षेत्र | (१३५*३०) ४०५० | ०.९५ | ३८४७.५ |
| **कुल मौजदा परिमाण** | | | | | | **२७,४९८.२** |

सुनछहरी गाउँपालिका वडा नं. वडा नं. २ स्थित भुलुङछुङ खोला किनारा र फलवाङ्ग खोला किनारा, वडा नं. ३ स्थित स्याङ खोला, रिजावन/तम्घास खोला किनारा क्षेत्र र गाँजा खोला किनारा उत्खनन् क्षेत्र र वडा नं. ०७ स्थित जरापानी/जेल्बाङ खोलाको किनारा क्षेत्रहरुबाट उत्खनन्/संकलन स्थलको अक्षांश, देशान्तर, उत्खनन्-संकलन स्थान, ढुङ्गा, गिट्टी र बालुवा (नदीजन्य पदार्थ) अनुमानित परिमाण लगायतको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

### तालिका ४: उत्खनन् तथा संकलन क्षेत्रको विवरण

| नदी तथा उत्खनन् क्षेत्र/बगर | आक्षांश-देशान्तर | ढुङ्गा-गिट्टी, बालुवा (%) |
|---|---|---|
| भुलुङछुङ खोला, किनारा क्षेत्र | उत्तर अक्षांश २८°२२'१८.७५" र पूर्व देशान्तर ८२°५२'३४.५८" | ढुङ्गा=९०%<br>गिट्टी=१०% |

| | | |
|---|---|---|
| फलवाङ्ग खोला किनारा<br><br>स्याङ खोला किनारा क्षेत्र,<br><br>रिजावन/ तम्घासको उत्खनन क्षेत्र<br><br>गाँजा खोला उत्खनन् क्षेत्र | उत्तर अक्षांश २८°२२'२१.६५" र पूर्व देशान्तर ८२°५२'३८.७५"<br><br>उत्तर अक्षांश २८°२१'२२.१३" र पूर्व देशान्तर ८२°५१'३३.९१"<br><br>उत्तर अक्षांश २८°२१'०७.५१" र पूर्व देशान्तर ८२°५२'२२.१४"<br><br>उत्तर अक्षांश २८°२१'५३.९५" र पूर्व देशान्तर ८२°५०'५८.०३" | ढुङ्गा=९०%<br>गिट्टी=१०%<br><br>ढुङ्गा=७०%<br>गिट्टी=३०%<br><br>ढुङ्गा=७०%<br>गिट्टी=२५%<br>बालुवा=५%<br><br>गिट्टी=५%<br>बालुवा=९५% |
| जरापानी/जेल्बाङ खोला किनारा क्षेत्र | उत्तर अक्षांश २८°२२'४०" र पूर्व देशान्तर ८२°४५'०८" | ढुङ्गा=९०%<br>गिट्टी=१०% |

प्रस्ताावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा माथि उल्लेखित क्षेत्रबाट उत्खनन् गर्न सकिने परिमाण **२७,४९८.२** घनमिटर ($m^3$) रहेको छ भने नौ महिनामा दैनिक उत्खनन् गर्न सकिने परिमाण १०१.८५ $m^3$ घनमिटर रहेको छ ।

## २.१४ संकलन-उत्खनन् गरिने परिमाणको प्राप्त हुने राजश्व

प्रस्ताावित यस गाउँपालिका वडा नं. २ (भित्रि गाम स्थित भुलुङछुङ खोला, फलवाङ्ग खोला), वडा नं. ३ (बाहिरी गाम स्थित स्याङ खोला, रिजावन/तम्घास खोला, गाँजा खोला) र वडा नं. ७ (जेल्बाङ स्थित जरापानी/जेल्बाङ खोला) का किनार क्षेत्रबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण कुल मौजदा परिमाण घनमिटर ($m^3$) वा ($Ft^3$) नदी जन्य पदार्थबाट सुनछहरी गाउँपालिकाले चलिरहेको दर रेट प्रति घन फुट को दरले कायम गरि ठेक्काको निर्णय गर्न सक्दछ, यद्यपि गाउँपालिकाको निर्णय अनुसार दर रेट परिवर्तन पनि हुन् सक्दछ र करको दर गाउँपालिकाको नियम अनुसार हुनेछ । गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत दररेटको निणर्यको आधारमा ढुङ्गा, गिट्टी र बालुवाको प्राप्त गर्ने राजश्वको आकलन तालिका ५ मा समाबेस गरिएको छ ।

## तालिका ५: नदिजन्य पदार्थबाट संकल हुने राजस्वको विवरण

| क्र.स. | वडा नं. | नदि (सेक्सन) | मौजदा परिमाण (घ.मि.) $m^3$ | ढुङ्गा-गिट्टी, बालुवा (%) | कुल उत्खनन् हुने परिमाण ($m^3$) | उत्खनन् दर प्रति घनफुट (ने. रु.) | कुल राजस्व संकलन (ने. रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | वडा नं. २ | भुलुङछुङ खोला किनारा,<br><br>फलवाङ्ग खोला किनारा | १६,११७.२<br><br>३२५३.६ | ढुङ्गा=९०%<br>गिट्टी=१०%<br><br>ढुङ्गा=९०%<br>गिट्टी=१०% | १४,५०५.४८<br>१,६११.७२<br><br>२,९२८.२४<br>३२५.३६ | १४१५.३३<br>३२०१<br><br>१४१५.३३<br>३२०१ | २०,५३०,०४१.०१<br>५,१५९,११५.७२<br><br>४,१४४,४२५.९२<br>१,०४१,४७७.३६ |
| २ | वडा नं. ३ | स्याङ खोला,<br><br>रिजावन/ तम्घासको उत्खनन क्षेत्र,<br><br>गाँजा खोला उत्खनन् क्षेत्र | १,७२५<br><br>२११२.५<br><br>४४२.४ | ढुङ्गा=७०%<br>गिट्टी=३०%<br><br>ढुङ्गा=७०%<br>गिट्टी=२५%<br>बालुवा=५%<br><br>गिट्टी=५%<br>बालुवा=९५% | १,२०७.५<br>५१७.५<br><br>१,४७८.७५<br>५२८.१३<br>१०५.६३<br><br>२२.१२<br>४२०.२८ | १४१५.३३<br>३२०१<br><br>१४१५.३३<br>३२०१<br>१९०३<br><br>३२०१<br>१९०३ | १,७०९,०१०.९७५<br>१,६५६,५१७.५<br><br>२,०९३,५२०.१३७५<br>१,६९०,५४४.१३<br>२०१,०१३.८९<br><br>७०,८०६.१२<br>७९९,७९२.८४ |
| ३ | वडा नं. ०७ | जरापानी/जेल्बाङ खोला | ३८४७.५ | ढुङ्गा=९०%<br>गिट्टी=१०% | ३,४६२.७५<br>३८४.७५ | १४१५.३३<br>३२०१ | ४,९०२,१३४.९५७५<br>१,२३१,५८४.७५ |
| | | कुल राजस्व संकलन | | | | | **४५,२२९,९८५.३१** |

# परिच्छेद ३: प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधि

यस प्रारम्भिक वातावरणीय परक्षिण अध्ययन गर्नको लागि वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ मा गरिएको व्यवस्था अनुसार गरिने छ । जस अनुसार सर्वप्रथम प्राथमिक तथा द्वितीय श्रोतका जानकारीहरुको अध्ययन तथा संकलन, उत्खनन क्षेत्रको स्थलगत भ्रमण तथा अवलोकन, स्थानीय जनसमुदायहरु, गाउँपालिकालाई प्रस्तावको जानकारी तथा लक्षितवर्ग छलफल आदि सम्पन्न गरिने छ । स्थलगत भ्रमण तथा अवलोकनबाट प्राथमिक स्तरका भौतिक तथा जैविक वातावरणीय जानकारी संकलन गरिने छ । सामाजिक आर्थिक जानकारी राष्ट्रिय जनगणना २०६८ तथा प्रारम्भिक जनगणना प्रतिवेदन २०७८ आदि सामाग्रीबाट संकलन गरिएको छ ।

## ३.१ प्रकाशित/उपलब्ध जानकारी र तथ्याङ्कको पुनरावलोकन यवं संश्लेषण

यो प्रारम्भिक वातावरणीय परीक्षण गर्दा यस क्षेत्रको भौगोलिक अवस्था, भू-उपयोगको स्थिति जस्ता भौतिक वातावरणसंग सम्बन्धित सूचनाहरु प्राप्त गर्न गुगल नक्सा प्रयोग गरिएको छ । त्यसैगरि जैविक तथा सामाजिक आर्थिक अवस्था संग सम्बन्धित सूचनाहरुको लागि सरकारी तथा गैर सरकारी संस्थाहरुद्वारा प्रकाशित लेख, तथा रोल्पा जिल्ला समन्वय समिति, डिभिजन वन कार्यालय, राष्ट्रिय निकुन्ज, केन्द्रिय तथ्यांक विभागबाट प्रकाशित विवरणहरु, प्रकाशनहरु, नक्साहरु तथा उपलव्ध तथ्याङ्कहरुको साथै वैधानिक र कानूनी नीति, ऐन, नियम, निर्देशिकाहरुको अध्ययन यवं समाबेस गरीएको थियो ।

## ३.२ फिल्ड सर्भे यवं प्रस्ताव क्षेत्र अवलोकन

यस प्रारम्भिक वातावरणीय परीक्षणको उद्देश्यहरु पुरा गर्नका लागि जानकारी संकलनको विभिन्न तरिकाहरु जस्तै स्थलगत भ्रमण, समुह छलफल, आवश्यक सर्भेक्षण समेत गरिएको थियो । प्रस्तावित क्षेत्रको भौतिक तथा जैविक वातावरणीय जानकारीहरु उच्च प्रभाव क्षेत्र तथा मध्यम प्रभाव क्षेत्रबाट संकलन गरि विश्लेषण गरिएको छ । आर्थिक सामाजिक जानकारी प्रस्तावित क्षेत्रको संकलन गरी विश्लेषण गरिएको छ ।

फिल्ड सर्भे तथा प्रस्ताव क्षेत्र अवलोकन क्रममा स्थानीय ब्यक्ति, गाउँपालिकाका पदाधिकारी तथा प्रतिनिधिहरुसंगको अन्तरवार्ता, परामर्श बैठक, विषय विज्ञको स्थलगत भ्रमण आदि विधिहरुको प्रयोग गरिएको थियो ।

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत अध्ययन, नापि तथा स्थानीयवासिसंग छलफल गरी त्यस क्षेत्रको वातावरणमा पर्न सक्ने सम्भावित प्रभावहरुको बारेमा अध्ययन गरिएको थियो ।

उत्खनन् योग्य सामाग्रीको आयतन घन मिटर प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको औसत लम्बाई, चौडाइ र गहिराईको आधारमा अनुमान गरियो ।

उत्खनन् योग्य ठाँउबाट बिस्तृत रुपमा लम्बाइ, चौडाइ र उचाइको आकलन गरी आयतन/मात्राको (Volume) अध्ययन गरियो । यसरी उत्खनन् गर्दा Section को Section profile को अध्ययन गरी Composition र संचितिबारे विस्तृत जानकारी लिइयो । विशेष सूत्रको प्रयोग गरी जम्मा भएको पदार्थको उत्खनन् गर्न मिल्ने मात्रा तय गरि प्रस्ताव कार्यन्वयनमा लागिएको छ ।

शूत्र (**Q) =L×W(Area)×D**

कुल बार्षिक उत्खनन योग्य नदीजन्य पदार्थको कुल परिमाणको संचिति (घ. मि) आउँछ । सो परिमाणलाई ९ महिनाका लागी (अशोज-जेठ महिना सम्म) निकाल्न मिल्छ । ९*३०= २७० औसतमा अर्थात २७० ले भाग गर्दा प्रति दिन उत्खनन् गर्न मिल्ने १०१.८५ $m^3$ (घ.मि) परिमाण आउदछ ।

## ३.३ सार्वजनिक सूचना, सार्वजनिक सुनुवाई एवं शिफारिस पत्रहरु

### ३.३.१ सार्वजनिक सुनुवाई

स्थलगत अध्ययन गर्दा प्रस्ताव कार्यान्वयनका लागि आएका सुझाव, सल्लाहलाई उचित स्थान दिई सार्वजनिक चासोका विषयहरुको बारेमा सुनछहरी गाउँपालिका वडा नं. ०२, ०३ र ०७ मा मिति २०८२ भाद्र ०५, ०६ र ०७ मा सार्वजनिक सुनुवाई गरिएको थियो । लक्षित वर्गहरुको समेतको सहभागीतामा भएको बैठकमा विभिन्न बुद्धिजिवी, समाजसेवी र राजनितिक दलका प्रतिनिधि, विभिन्न पेशा तथा व्यावसायकर्मीहरुसँग छलफल गरीएको थियो । स्थलगत सार्वजनिक सुनुवाई गर्दा स्थानीय बासी तथा सरोकारवालाहरुले प्रस्तुत गरेका साँझा राय सुझाव, सल्लाहलाई निम्न बुदामा दिईएको छ ।

### ३.३.२ सार्वजनिक सूचना र शिफारिस

यो प्रतिवेदन वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची-११ (नियम ७ को उपनियम (५) को खण्ड (ख) सँग सम्बन्धित) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा अनुसार तयार गरिएको छ । प्रस्ताव कार्यान्वयन गर्दा उक्त क्षेत्र वरपरका सरोकार वाला कार्यालयहरुमा आफ्ना विचार, राय सुझाव प्रस्तुत गर्न अनुरोध गर्दै त्यस क्षेत्रमा प्रभाव पर्न सक्ने सार्वजनिक स्थान तथा सरोकारवाला व्यक्तिहरुको वा संस्थाको लिखित राय सुझाव संकलन गर्न ७ दिनभित्र उपलब्ध गराउन अनुरोध गर्दै मिति २०८२/०५/१५ गतेको गाउँपालिका र २०८२/०५/१६ को मध्यान्ह रास्ट्रिय दैनिक पत्रिकामा प्रकासित सात दिने सार्वजनिक सूचना प्रकाशन गरिको थियो । प्रस्ताव कार्यन्वयन हुने वडामा सार्वजनिक सूचना टाँस गरि जानकारी र मुचुल्का समेत लिईएको थियो । साथै प्रस्ताव कार्यन्वयन हुने आधार समेत खुलाई राय सुझाव सहितको शिफारिस पनि सम्बन्धित वडाबाट लिईएको थियो ।

### ३.३.३ तथ्याङ्क विश्लेषण प्रभावहरुको पहिचान-अनुमान-मुल्याङ्कन, प्रभाव न्युनिकरण विधिहरुको पहिचान सुझाव यवं प्रतिवेदन तयारी

वातावरण सम्बन्धि विभिन्न पक्षहरु बिचको आन्तरिक सम्बन्धको पहिचान गरि विश्लेषण गर्नका लागि विभिन्न विषय विज्ञहरु सम्मिलित टोलीले छलफल गरेको थियो । वातावरणीय प्रभावको पहिचान र यसका सम्भावित न्युनिकरण तथा बढोत्तरीकरणका उपायहरु बारे र वातावरणीय अनुगमन योजनाको तयारीको बारेमा टोलीले सामुहिक निर्णय गरेको थियो । त्यस क्षेत्रको भौतिक, जैविक, आर्थिक सामाजिक तथा साँस्कृतिक वातावरण बारे स्थलगत तथ्याङक संकलन गरी वातावरण संरक्षण नियमावली २०७७ अनुसार न्यूनिकरणका उपाय तथा अनुगमन योजना समेत प्रस्तुत गरिएको छ । कुनै पनि काम गर्दा त्यसका सकारात्मक र नकारात्मक प्रभावहरु पर्दछन् यसरी नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गर्दा विभिन्न किसिमका सामाजिक, आर्थिक, भौतिक, संस्कृतिक प्रभावहरु पर्न सक्दछन् । प्रतिवेदन तयार गर्ने शिलशिलामा, राय सुझाव संकलन गर्ने उदेश्यले सुनछहरी गाउँपालिकाद्वारा सात दिने सार्वजनिक सूचना प्रकाशन गरिएको थियो । साथै टक नेपाल रास्ट्रिय दैनिकमा पनि ७ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको थियो । सूचना प्रकाशन पश्चात कुनै पनि लिखित राय सुझाव प्रस्तावकलाई प्राप्त भएको छैन ।

## परिच्छेद ४: प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका तथा अन्तराष्ट्रिय सन्धि सम्झौता

ढुङ्गा, गिट्टी तथा वालुवा (श्रोत) उत्खनन् तथा संकलनको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नका लागि तथा सो प्रस्ताव कार्यान्यवन गर्नका निमित्त सो सम्बन्धि प्रचलित ऐन कानुन तथा नियमका वारेमा विस्तृत जानकारी रहनु अति आवश्यक छ । वातावरणमा पर्न सक्ने नकारात्मक असरका बारेमा अत्यन्त सचेत रहदै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा समेत विभिन्न वहस तथा साझा योजना र नीतिहरु माथि एक्यवद्धता जाहेर हँदै आई रहेको परिप्रेक्ष्यमा वन, वन्यजन्तु लगायत वातारणका सबै अंगहरुको वैज्ञानीक ढंगले संरक्षण, सम्बर्धन तथा सदुपयोग गर्नका लागि पनि यस्ता ऐन कानुन सम्बन्धि जानकारी हुनु पर्ने र त्यस्ता सम्बन्धित नीति नियमहरुले निर्देशन गरे बमोजिम प्रस्ताव कार्यान्वयन गर्न जरुरी छ ।

### ४.१ नेपालको संविधान

नेपालको संविधानको धारा ३० ले स्वच्छ वातावरणको अधिकार सुनिश्चित गरेको छ जसमा (१) प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वास्थ वातावरणमा बाँच्न पाउने अधिकार हुनेछ (२) पीडितलाई वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिवापत पीडितलाई कानून बमोजिम प्रदूषकबाट क्षतिपूर्ति पाउने हक हुनेछ ।

नेपालको संविधान, २०७२ को धारा ५१ को उपधारा (छ) मा प्रकृतिक साधन स्रोतको संरक्षण, संर्वधन र उपयोग सम्बन्धी नीतिको उपधारा (१) राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्वयको मान्यतालाई आत्मसात गर्दै देशमा उपलव्ध प्रकृतिक स्रोत साधनको संरक्षण, संर्वधन र वातावरण अनुकूल रुपमा दिगो उपयोग गर्ने र स्थानीय समुदायलाई प्रथामिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने । उपधारा (४) जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाईको विकास गर्ने । उपधारा (५) प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाच्ने हक हुनेछ भन्ने कुरा उल्लेख गरिएको छ भने धारा ३५ को उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वस्थ्य र स्वच्छ वातावरणमा बाच्न पाउने हक हुनेछ । (२) वातवरणीय प्रदुषण तथा ह्रासबाट हुने क्षतिवापत पिडीतलाई प्रदुषक कानून वमोजिम क्षतिपूर्तीको हक प्राप्त हुनेछ । (३) राष्ट्रको विकास सम्बन्धी कार्य गर्ने प्रयोजनका लागी वातावरण र विकास बिच समुचित सन्तलुनका लागि आवश्यक कानूनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन भन्ने कुरा उल्लेख गरिएको छ । यसरी संविधान अनुसार

पनि कुनै प्रस्तावना कार्यान्वयनमा वा प्राकृतिक स्रोतको प्रयोग गर्नु अगाडी वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गराउनु आवश्यक हुन्छ ।

## ४.२ वातावरण सम्बन्धित नीति

नेपाल सरकारले विकास आयोजना तथा उद्योग स्थापना गर्दा वातावरणमा पर्न सक्ने असरहरुलाई ध्यानमा राखी छैटौं योजना अवधि (२०३७-२०४२) देखि नै वातावरण संरक्षणमा सजगता देखाउंदै केही चुनिएका आयोजना तथा कार्यक्रमहरु संचालन गर्न वातावरणीय अध्ययनको आवश्यकता औंल्याएको थियो ।

यो नीतिलाई सातौं योजना अवधिमा (२०४२-२०४७) केही विस्तार गरी ठुला आयोजना तथा कार्यक्रमहरु संचालन गर्दा वातावरणीय अध्ययनको आवश्यकतामा जोड दिइएको थियो । तर वातावरण संरक्षण र त्यसको सूनिश्चितताका लागि नेपाल अधिराज्यको संविधान २०४७ मा पहिलो पटक व्यवस्था भए पछि आठौं योजना (२०४९-२०५४) ले यसलाई अझ सुदृढ गर्न वातावरणीय अध्ययनका लागि एक राष्ट्रिय पद्धति स्थापनाको सोच राख्दै सडक, जलविधुत, उधोग, सिंचाई, खानेपानी तथा ढलनिकास जस्ता ठूला आयोजनाको लागि वातावरणीय अध्ययन गर्नु पर्ने कुरामा जोड दियो ।

## ४.३ वन क्षेत्रको नीति २०४६

वर्तमान वन सम्बन्धि नीतिहरु वन विकास गुरु योजना, २०४६ हाल सम्म प्रमुख दस्ताबेजको रुपमा रहेको छ । यसमा दीर्घकालीन र अल्पकालीन उद्देश्यहरुका साथै प्रमुख प्राथमिकता प्राप्त कार्यक्रम र टेवामुलक कार्यक्रम गरी दुई किसिमका कार्यक्रमहरुको व्यवस्था गरेको छ । दिर्घकालीन उद्देश्य अन्तर्गत जनसाधारणको आधारभुत आवश्यकता काठ, दाउरा, डालेघांस र अन्य वन पैदावार सहज रुपमा उपलब्ध गराउने, पारिस्थितिकिय प्रणाली र वंशाणु श्रोतको संरक्षण तथा वन व्यवस्था पन, वन पैदावारमा आधारित उद्योगहरुको विकास गरी राष्ट्रीय तथा स्थानीय अर्थतन्त्रमा योगदान गर्ने, रोजगारी तथा आयस्रोतको अवसर तयार गर्ने रहेको छ । यसका प्राथमिकता प्राप्त कार्यक्रमहरुमा सामुदायकि वन तथा नीति वन, राष्ट्रिय वन तथा कबुलियति वनका अतिरिक्त वन पारिरस्थतिकिय प्रणाली र वंशाणु श्रोत संरक्षण रहेको छ । नेपाल सरकारको वन क्षेत्रमा कार्यान्वयन संरचनाको रुपमा गैह्रकाष्ठ वन पैदावर र औषधिजन्य तथा सुगन्धित वनस्पतिको संरक्षण व्यवस्थापन र खेती शुत्र गर्ने तथा जैविक विविधता अभिलेखिक र आदि कुराहरुलाई उठाईएका छन् भने यसलाई प्रमुख कार्यनीतिका रुपमा अगाडी बढाईएको छ ।

जडिबुटी तथा गैह्र काष्ठ वन पैदावार विकास नीति २०६१, जैविक विविधता सम्बन्धि रणनीति २०५० पनि मुख्य सान्दर्भिक नीतिका रुपमा रहेका छन् ।

## ४.४ सान्दर्भिक ऐन तथा नियमहरु

### ४.४.१ वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियावली २०७७

विकास आयोजना तथा कार्यक्रमहरु संचालन गर्दा वातावरणीय पक्षलाई समावेश गर्नुपर्ने अवधारणा अनुरुप नेपाल सरकारद्वारा वातावरण संरक्षण ऐन २०७६ तथा वतावरण संरक्षण नियमावली २०७७ जारि भईसकेको छ । उक्त ऐनको दफा ३ मा प्रारम्भिक वातावरणीय परीक्षण-वातावरण प्रभाव मुल्यांकन (EIA/IEE) गर्नु पर्ने प्रस्तावहरु र प्रस्ताव स्विकृत नगराई कार्यान्वयन गर्न नहुने व्यवस्था गरिनुका साथै यस प्रस्ताव सन्दर्भमा वातावरण संरक्षण नियमावली २०७७ को नियम ३ संग सम्बन्धित अनुसूचि १, अनुसूचि २ र अनुसूचि ३ बमोजिम प्रस्तावको हकमा वातावरणीय अध्ययन गर्नु पर्ने उल्लेख छ । सोही नियमाबलीको नियम ७ मा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरु उल्लेख गरिएको छ । उक्त नियमाबलीमा अन्य व्यबस्थाका अतिरिक्त प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पूर्व सम्बन्धित निकायबाट सोको कार्यसूची स्वीकृत गराउनुपर्ने प्रावधान समेत उल्लेख गरेको छ ।

### ४.४.२ वन ऐन, २०७६

वन ऐन २०७६ भदौ ५ गते पारित भएको हो । यसमा दीर्घकालीन र अल्पकालीन उद्देश्यहरुका साथै प्रमुख प्राथमिकता प्राप्त कार्यक्रम र टेवामुलक कार्यक्रम गरी दुई किसिमका कार्यक्रमहरुको व्यवस्था गरेको छ । दिर्घकालीन उद्देश्य अन्तर्गत जनसाधारणको आधारभुत आबश्यकता काठ, दाउरा, डालेघांस र अन्य वन पैदावार सहज रुपमा उपलब्ध गराउने, परिस्थितिकिय प्रणाली र बंशाणु श्रोतको संरक्षण तथा वन ब्यबस्थापन, वन पैदावारमा आधारित उद्योगहरुको विकास गरी राष्ट्रीय तथा स्थानीय अर्थतन्त्रमा योगदान गर्ने, रोजगारी तथा आयस्रोतको अवसर तयार गर्ने रहेको छ । यसका प्राथमिकता प्राप्त कार्यक्रमहरुमा सामुदायकि वन तथा निजी वन, राष्ट्रिय वन तथा कबुलियति वनका अतिरिक्त वन पारिरस्थतिकिय प्रणाली र वंशाणु श्रोत संरक्षण रहेको देखिन्छ । स्थानिय तहले कूनै विकास आयोजा सञ्चालन गर्दा वन क्षेत्रको जग्गा प्रगोग गर्नू बाहेक अन्य कुनै विकल्प नभएमा र यस प्रचलित ऐन बमोजिम वातावरण परिक्षणबाट कुनै पनि योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनिय प्रतिकूल असर नपर्ने देखिएमा नेपाल सरकारले त्यस्तो आयोजना सञ्चालन गर्नका निमित्त राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न दिने भनी स्पष्ट उल्लेख गरेका छ । सो कार्यका लागी स्थानिय तहले नेपाल सरकार समक्ष अनुरोध गर्न सक्नेछ ।

### ४.४.३ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०४९

दुर्लभ बन्यजन्तुहरको संरक्षण गर्न राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण ऐन २०४९ लागु भएको छ । यस ऐनको दफा १० ले निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा अन्य वन क्षेत्रमा पाईने २६ किसिमका स्तनधारी, ९ किसिमका पंन्छी र ३ किसिमका सरीसृपलाई संरक्षितवन्यजन्तुको दर्जा दिई उक्त वन्यजन्तुलाई मार्न पक्रन वा लखेट्न वा अन्य किसिमले हानि नोक्सानी पुर्याउन निषेध गरेको छ ।

### ४.४.४ भू-तथा जलाधार संरक्षण ऐन २०३९ तथा नियमावली २०४२

भू तथा जलाधार संरक्षण ऐन २०३९ तथा भू तथा जलाधार संरक्षण नियमावली २०४२ मा जलाधार क्षेत्रहरुमा भू-क्षय तथा बाढी पहिरोको प्रकोपलाई नियन्त्रण तथा न्यूनिकरण गर्न विभिन्न प्राबधानहरु समावेस गरिएको छ ।

### ४.४.५ स्थानीय सरकार सञ्चालन ऐन २०७४

स्थानीय सरकार सञ्चालन  ऐन, २०७४ को दफा ११ उपदफा २ घ(छ) बमोजिम गाउँपालिकाले आफ्ना क्षेत्रभित्रका नदी नालाको ढुङ्गा, गिट्टी, बालुवा, माटो, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक यवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन गर्न सक्ने कानूनी प्रावधान समेटेको छ । वातावरण संरक्षण तथा व्यवस्थापनका लागि स्थानीय निकायका वातावरण शाखा पूर्ण रुपले जिम्मेवार रहने छन् भन्ने समेतको ब्यवस्था रहेको छ ।

### ४.४.६ खानी तथा खनिज ऐन २०४२ तथा नियम २०५६

खानी ऐन, २०४२ (संशोधन २०५०) मा ढुङ्गा, गिट्टी, बालुवाको (नदिजन्य पदार्थ) संकलन-उत्खनन् कार्यलाई ऐनको दायरा भित्र राखेको छ । खानी संचालन, कारोबार तथा प्रशासनिक गतिविधिलाई बैधानिक रुपमा समेटेको छ ।

### ४.४.७ जलश्रोत ऐन २०४९ तथा नियम २०५०

जलश्रोत ऐन २०४९ र नियमावली २०५० मा पानीको कारणले भूक्षय, बाढी तथा पहिरो हुन गई जमिनको क्षति हुने कुराको साथै जल प्रदुषण पनि बढ्ने हुनाले वातावरणमा पर्ने यस्ता दुष्प्रभावहरुको न्यूनीकरणका प्रावधानहरु उल्लेख गरीएका छन् । ढुङ्गा, गिट्टी, बालुवाको संकलन-उत्खनन् कार्यले बसोबास क्षेत्रमा पर्ने वातावरणीय प्रभावहरुको न्युनीकरण गर्न प्रस्तावको वातावरणीय विश्लेषण गरी प्रभाव नियन्त्रण र सुरक्षाका उपायहरु अवलम्वन गर्न प्रस्तावकलाई अनिवार्य गरिएको छ ।

### ४.५ निर्देशिका तथा दिग्दर्शनहरु

#### ४.५.१ राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका २०५०

नेपाल सरकारले आठौं योजनको नीति कार्यन्वयनमा सहयोग पुगोस् भन्नाको लागि वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावली ल्याउनु अगाडी नै एक राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका २०५० लागु गरिसकेको छ । यो निर्देशिकाले अध्ययनको क्रममा जनसहभागिता जुटाउनु पर्ने, आवश्यक सूचनाहरको संकलन गर्ने, विवादका विषयहरुको गम्भिरताको मुल्याङ्कन गर्ने र वातावरणीय अध्ययनको लागि विषयहरुको प्राथामिकताक्रम निर्धारण गर्ने कुराहरुलाई प्रष्ट रुपमा जोड दिएको छ । यसका साथै मिति २०७२/१०/२० को निर्णयमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा व्यवस्थापन सम्बन्धमा नेपाल सरकारको मन्त्रीपरिषदले निर्णयले गरेको थियो, जिल्ला अनुगमन तथा समन्वय समिति गठन र कार्यदिश सम्बन्धमा नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७५/०६/२८ को निर्णय गरेको पाईन्छ ।

#### ४.५.२ अन्तराष्ट्रिय कानून तथा सम्झौता

माथि उल्लेख गरेका ऐन नियमका अतिरिक्त नेपाल पक्ष भएका वातावरण सम्बन्धि केही अन्तराष्ट्रिय कानून हरुलाई प्रस्ताव कार्यान्वयनका लागि प्रारम्भिक वातावरणीय परीक्षणका क्रममा ध्यान दिनु पर्ने जरुरी देखिन्छ। नेपालले हस्ताक्षर तथा अनुमोदन गरेका अन्तराष्ट्रिय स्तरका विभिन्न सन्धि वा महासन्धिहरुमा महत्वपुर्ण दस्तावेजको रुपमा रहेका छन्। यस्ता अन्तराष्ट्रिय सन्धि वा महासन्धिहरु दक्षिण पूर्वी एशिया तथा प्रशान्त क्षेत्रको लागि बिरुवा संरक्षण सम्झैता (Plant Protection Agreement for South East Asia and Pacific ), जैविक विविधता सम्बन्धि महासन्धि (Convention on Biological Diversity), संकटापन्न जंगली वनस्पति तथा जीव जन्तुका प्रजातीको अन्तराष्ट्रिय व्यापार सम्बन्धि (Convention on International Trade in Endangered Species or Wild Fauna and Flora) रामसार महासंधि (Convention on Wetlands of International Importance), विश्व प्राकृतिक सम्पदा संरक्षण सम्बन्धि महासन्धि (World Heritage Convention), अन्तराष्ट्रिय ट्रपिकल काष्ठ सम्झैता आदि प्रमुख छन् । यी महासन्धिहरुले प्राकृतिक स्रोत व्यवस्था पन तथा जीव र वनस्पति संरक्षणको सुनिश्चिताबाट वातावरण संरक्षण गर्न आवश्यक प्रावधानको व्याख्या गरेका छन् ।

#### ४.५.३ ढुंगा, गिट्टी बालुवा तथा मिस्कट संकलन सम्बन्धमा सर्वोच्चको निर्णय

ढुंगा, गिट्टी, बालुवा आदि प्राकृतिक स्रोत हुन्। प्राकृतिक स्रोत कुनै व्यक्तिको स्वामित्वमा हुन सक्दैन । प्राकृतिक स्रोत सबै नेपालको साझा फाइदा र सार्वजनिक हित हुने काममा मात्र प्रयोग हुन सक्दछ । प्राकृतिक स्रोतको संकलन, उत्खनन् तथा प्रयोग आदि विद्यमान प्रचलित

कानून अनुसार वातावरणमा कुनै प्रकारको प्रतिकूल प्रभाव नपर्ने गरी मात्र गर्नु पर्नेछ। यसरी कानूनी व्यवस्था अनुसार पनि कुनै योजना, आयोजना वा कार्यक्रम संचालन गर्ने सम्बन्धमा प्रस्ताव तयार गर्नुपर्ने हुन्छ ।

प्राकृतिक स्रोत र साधनको बचाउ गर्नका लागि जिल्ला बारा सपही गा. पा. वडा नं ९ भै हाल काठमाण्डौ जिल्ला काठमाण्डौ महागाउँपालिका वडा नं ३२ अनामनगर बस्ने अधिवक्ता नारायण प्रसाद देवकोटाले सम्मानित सर्वोच्च अदालतमा दायर गर्नुभएको रिट निवेदनको सुनुवाईको सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०६७ श्रावण २१ गते एउटा महत्वपूर्ण आदेश जारी भएको छ । यो आदेशमा अन्य कुराको अतिरिक्त खास गरी देहायका कुराहरु उल्लेख गरिएका छन् ;

१. ढुङ्गा, गिट्टी, वालुवा आदि प्राकृतिक स्रोत हुन् । प्राकृतिक स्रोत Public Trust Doctrine अनुसार कुनै व्यक्तिको Ownership हुन सक्दैन । प्राकृतिक स्रोत सबै नेपालीको Common Benefit र सार्वजनिक हित हुने काममा मात्र प्रयोग हुन सक्दछ ।

२. प्राकृतिक स्रोतको उत्खनन् तथा संकलन प्रयोग आदि गर्दा विद्यमान प्रचलित कानून अनुसार वातावरणमा कुनै प्रकारको प्रतिकूल प्रभाव नपर्ने गरी मात्रा गर्नुपर्नेछ ।

३. कनुनी व्यवस्था अनुसार कुनै योजना, आयोजना वा कार्यक्रम संचालन गर्ने सम्बन्धमा प्रस्ताव तयार गर्नुपर्ने हुन्छ । त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणीय प्रभाव र परीक्षण मूल्यांकन गर्नुपर्ने हुन्छ। यसरी वातावरणीय प्रभाव र परिमाण मूल्याकंन गर्नु भनेको वातावरणलाई असर पार्ने नपार्ने भए त्यस्तो प्रभावलाई हटाउने वा कम गर्ने अध्ययन र मूल्याकंन हो । वातावरण संरक्षण नियमावलीको व्यवस्था अनुसार वातावरणीय प्रभाव मूल्याकंन गर्दा सार्वजनिक सूचना जारी गरी गाऊँ विकास समिती वा गाउँपालिका वा त्यस क्षेत्रको स्कूल, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाबाट सुझाव लिने र प्रस्ताव कार्यान्वयन हुने वा नहुने सम्बन्धमा स्थानीय जनता निकायाको विशेष भूमिका हुने देखिन्छ। यस्तो कानूनी व्यवस्था नै Defective देखिन्छ । यो व्यवस्था फौजदारी मुद्दामा सर्जमिन गर्ने र सर्जमिनकम भरमा कसैलाई दाषी नठहर्याउने व्यवस्था सरह हो । वातावरण प्रदुषण हुने वा नहुने भन्ने कार्य उल्लेखित निकायका व्यक्तिहरुले दिएको व्यक्तिगत विचार र रायले यकिन र निर्धारण गर्ने विषय होइन । वातावरण प्रदुषण हुने वा नहुने भन्ने कुरा सम्बन्धित आयोजनाको प्रस्ताव प्राप्त भएपछि नेपाल सरकारको आफ्नो वा कुनै निष्पक्ष विशेषज्ञ जस्तै भू-गर्भ विद्, भुगोल विद्, भौतिक शास्त्री, रसायन शास्त्री, वातावरण विशेषज्ञ, जलस्रोत विशेषज्ञ, वन, वन्यजन्तु विशेषज्ञ तथा अन्य विशेषज्ञ तथा

अर्थशास्त्री सहित रहेको टोलीले प्रस्तावको सन्दर्भमा प्रस्ताव कार्यान्वयन हुने स्थलको वैज्ञानिक अध्ययन विश्लेषण गरी प्रस्ताव कार्यान्वयन गर्दा वातावरण प्रदुषण हुने वा नहुने यकिन हुने विशुद्ध प्राविधिक विषय हो । तर विद्यमान कानूनी व्यवस्था हेर्दा प्रस्तावक आफैले सार्वजनिक सूचना जारी गरी उल्लेखित व्यक्ति र संस्थाहरुको विरोध वा समर्थनमा प्रस्ताव कार्यान्वयन गर्दा प्रदुषण हुने वन नहुने Determine (निर्धारण) हुने कानूनी व्यवस्था नै अव्यवहारीक, अनुपयुक्त र त्रुटीपूर्ण देखिन्छ ।

४. अब यस्ता उद्योग संचालन गर्ने इजाजत दिनु अगाडी सरकार आफैले विशेषज्ञ टोली द्वारा उद्योग स्थापना गर्न इच्छुक प्रस्तावकको प्रस्तावमा Field Visit समेत गराई प्रतिवेदन लिई गठन गरेको टोलीले दिएको राय अनुसार कति हदसम्म ढुंगा, रोडा, बालुवा झिक्न दिंदा वातावरणीय सन्तुलन बिग्रदैन हेरी त्यति हदसम्म मात्र रोडा, ढुंगा झिक्न अनुमति दिनु । त्यसरी वैज्ञानिक आधारमा उत्खनन् गर्ने कुरा निर्धारण गरी त्यही हद ननाघ्ने गरी मात्र इजाजत दिने, त्यसको अनुगमन गर्ने र इजाजत अवधि समाप्त भएपछि सो क्षेत्रलाई उद्योग स्थापना गर्नेले नै यथास्थितिमा ल्याउने शर्त तोक्नु ।

५. प्रस्ताव कार्यान्वयनमा उद्योग विभागले दर्ता गरी स्वीकृति दिएपछि माथि उल्लेखित विशेषज्ञ सम्मिलित टोलीबाट Monitor हुने कानूनी व्यवस्था नै देखिएन । उद्योग संचालन भएपछि विशेषज्ञले नियमित पानीको गुणस्तर कत्तिको प्रदुषण भयो जाँच्न पर्ने । आवाजले वनजंगल/ Flora and Fauna र वन्यजन्तुलाई कति प्रभाव पार्यो हेर्ने। उद्योग संचालन गर्दा वन क्षेत्र हेरियो हेरिएन सो केहि देखिएन। वायुमण्डलमा धुवाँ र धुलोले कति प्रदुषण गर्यो गरेन, Raw Materials बालुवा, रोडा, ढुंगा कति उत्खनन् गर्यो सो पनि हेर्ने आदि केहि हुने गरेको देखिएन । तसर्थ यि सवै कुरा उद्योग संचालन कै अवस्थामा नियमित रुपमा विशेषज्ञ टोली को गठन गरी अनिवार्य Monitor गर्नु ।

६. निवेदको अर्को मुख्य माग ट्रकको क्षमता भन्दा बढी बालुवा, रोडा र ढुंगा लोड गरी त्यस्ता Over Loaded ट्रकले सडक तथा पुललाई क्षति पुर्याएको कारण यसलाई रोकि पाउँ भन्ने रहेको छ, सो माग जायज मा हो । ठेकेदार वा उद्योगको मालिकले Over Loaded भएको सवारी साधन चलाएकोले सार्वजनिक सडक क्षति गरी त्यसको मर्मतको लागि करदातामा नाजायज भार पार्न हुदैन। त्यस कारण निम्नानुसार गर्नु ;

क) यस प्रकार ट्रकमा रोडा, ढुंगा, बालुवा Over Loaded गरी चलाउने कार्यलाई रोक्नको लागि प्रहरी परिचालन गर्नु ।

ख) जनताको कर तिरको पैसाले बनेको सडक सबैको साझा सम्पत्ति हो । यस्तो सम्पत्ति रोडा, ढुंगा उद्योग संचालन गर्ने केहि सिमित व्यक्तिहरुको मात्र आर्थिक फाइदाको लागि चलाएको Over Loaded सवारी साधनको प्रयोगले हुन गएको सडकको क्षतिको मर्मत गर्न जनतालाई पुनः करको भार बोकाउन हुँदैन । तसर्थ यस्ता रोडा, ढुंगा बोकेको सवारी साधनको कारण सडक पुल विग्रन हुँदैन । उद्योग क्षेत्रबाट माल बोकेको ट्रक मुल सडकमा निस्कनु अघि ट्रक को भारी तौलन यन्त्र उद्योग संचालन कर्ताको खर्चमा जडान गर्ने व्यवस्था मिलाई ट्रक को क्षमता अनुसारको माल मात्रा छाड्नु ।

ग) यस्तो साझा सम्पतिको सडक तथा पुलमा व्यक्तिगत फाइदाको लागि सो को क्षमता र स्वयं सवारी साधनको क्षमता भन्दा बढी Over Loaded साधन चलाउदा सडक र पुलको क्षति हुने उल्लेखित कारणहरुले गर्दा त्यस्ता Over Loaded सवारी साधन चलाउन नदीई नेपाल प्रहरीलाई कडा निर्देशन दिनु । साथै त्यस्ता सवारी साधनको तौल जाँच गर्न सडकका मुख्य मुख्य ठाउँमा जाँच यन्त्र गर्ने व्यवस्था मिलाई जाँचपास हुने सवारी साधनलाई मात्र सडकमा प्रवेश दिने व्यवस्था मिलाउनु ।

निवेदकको माग बालुवा, रोडा, ढुंगा भारत निकासी रोकी पाउँ भन्ने पनि छ । मिसिल हेर्दा नेपाल र भारतसंग भएको सन्धि अनुसार भारत निकासी गरिएको भन्ने देखिन्छ । प्राकृतिक स्रोत प्रकृतिले प्रयोग कै लागि दिएको हो । त्यसकारण राष्ट्र निर्माण र आर्थिक विकासमा प्राकृतिक स्रोतको प्रयोग गरेर वा प्राकृतिक स्रोत निकाल्दा वरपरका अन्य क्षेत्र, बस्ती, सडक, पानिको मुहान, वन, वन्यजन्तु, प्राचिन स्मारक आदि लाई प्रतिकूल असर पर्ने भए त्यसलाई रोक्नुपर्छ । तसर्थ हाललाई रोडा, ढुंगा, बालुवा विदेश निकासि गर्ने कार्य रोकी यस अदालतको आदेश अनुसार गठित प्राविधिक समितिले त्यस्ता उद्योगबाट बालुवा, ढुंगा, रोडा निकाल्न सक्ने क्षमता, आर्थिक लगाएत वातावरणीय दृष्टिले सम्भव छ भन्ने प्रतिवेदन दिएमा सो प्रतिवेदन अनुसारमात्र निकासि गर्न दिनु ।

घ) यस आदेशको प्रयोजनको लागि नेपाल सरकारको सम्बन्धित निकायको संयोजकत्वमा देहाय बमोजिमको समिति गठन गर्नु :

१. वातावरण मन्त्रालयको वा वातावरण मन्त्रालयले तोकेको वातावरणविद् संयोजक,

२. भूगर्भ शाष्त्री,

३. माइनिङ इन्जिनियर,

४. उद्योग विभागको प्रतिनिधि,

५. स्थानीय निकायको प्रतिनिधि र

६. नेपाल सरकारले तोकेको अन्य सदस्य तथा वातावरणविद् भएको एक समिति गठन गर्नु ।

ङ) दर्ता नभइ संचालन भएको र इजाजत अवधि नाघेको उद्योगहरु तुरुन्त बन्द गर्नु ।

च) दर्ता भइ अवधि ननाघेको संचालनका रहेको उद्योग प्रदुषण गरे नगरेको, उद्योग संचालन गर्ने अनुमति दिएको क्षेत्रमा बालुवा, रोडा, ढुंगाको Exploitation क्षमता अर्थात मात्रा अब कति हो ? यकिन गर्ने । यदि अब अरु बढी उत्खनन् गर्दा वातावरणीय र भौगोलिक क्षति पुग्ने भएमा त्यस क्षेत्रमा सञ्चालित उद्योग बन्द गर्नु । तर अहिले नै वातावरण प्रदुषण गरिरहेको देखिएमा वा उत्खनन् गर्दा वातावरणलाई प्रतिकूल असर पार्छ भने तुरुन्त बन्द गर्नु ।

छ) अब उप्रान्त उद्योग स्थापनाको अनुमति दिदा प्रस्तावकले पेश गरेको प्रस्तावमा संलग्न वातावरण प्रभाव मूल्लयाकंनलाई यस आदेश अनुसार गठित समितिले पनि आफुले अध्ययन गरी दिएको राय र प्रतिवेदन अनुसार मात्र अनुमति प्रदान गर्नु ।

ज) बालुवा, रोडा, ढुंगा प्राकृतिक स्रोत भएको कारण Public Trust Doctrine र संविधानको धारा ३३ (क) अनुसार प्राकृतिक स्रोत राज्यको स्वामित्वको सार्वजनिक सम्पत्ति हो। यस्तो सम्पत्तिमा कुनै एक ठेकेदारले Nominal राजस्व बुझाएको भरमा कारोबार गरी ठेकेदारलाई नाजायज फाइदा हुनु हुदैन । प्राकृतिक स्रोत उत्खनन् पछि जमिनलाई यथास्थितिमा छाड्न पर्ने गरी नेपाल पेट्रोलियम ऐन र खानी तथा खनिज पदार्थ ऐन अनुरुप सरकारलाई हुने फाइदाको आधारमा मात्र ठेक्का दिनु ।

झ) यस आदेश अनुसार गठित विशेषज्ञ समितिको राय प्रतिवेदन र सझाव अनुसार मात्र बालुव, रोडा, ढुंगा, क्रसर उद्योग संचालन गर्ने अनुमति दिनु र उक्त समितिको राय प्रतिवेदन सुझाव नआउन्जेल ढुंगा र रोडा उद्योगलाई इजाजत नदिनु ।

ञ) प्राकृतिक स्रोतको अधिकतम सदुपयोग र प्राकृतिक स्रोतको उत्खनन् एवं विकास गर्दा हुने प्रदुषण नियन्त्रणमा वातावरण सम्बन्धी ऐन नियम ज्यादै अपर्याप्त देखियो, यसमा सुधार गर्नु ।

ट) प्रदुषण मुक्त र स्वच्छ वातावरण प्रत्येक नागरिकको मौलिक हक हो । आजको विश्व वातावरण सचेत (Conscious) विश्व हो । दोस्रो विश्वयुद्ध पछि औद्योगिकीकरणमा दौडेको विश्वले गरेका कोइला, पेट्रोल, डिजेल आदि को खपतले गर्दा प्रदुषण बढेको कारण औद्योगिक राष्ट्रमा सवारी र यातायातको साधनमा विद्युत प्रयोग र कोइलाको सट्टा Nuclear Energy तर्फ केन्द्रित छ। नेपालमा पनि प्रदुषणको आफ्नै समस्या छ । नेपालमा औद्योगिक विकासको कारण भन्दा पनि जथाभावि उद्येग संचालनको कारण प्रदुषण बढेको छ । नेपालको वातावरण संरक्षण

सम्बन्धी कानून ज्यादै अपूरो देखिन्छ । प्रदुषण रोकथामको नजरमा सरकार Licensing Regime मा सिमीत छ ।

उद्योग स्थापना गर्न चाहने प्रस्तावकले स्थानीय जनता र निकायहरुसंग सोधि उनीहरुले उद्योग स्थापना गर्न हुन्छ भनेको व्यक्तिगत रायका आधारमा वातावरणीय प्रभाव मूल्यांकन पारित हुने र त्यहि आधारमा सरकारले इजाजत दिने गरिन्छ । वातावरणीय प्रदुषण भन्नाले ध्वनी प्रदुषण, वायुमण्डलमा धुलो र धुँवाको प्रदुषण, पानीको मुहानहरुमा मानविय कार्यले गर्दा प्रदुषण, भूक्षय तथा वनविनास, वन क्षेत्रमा धुलो, धुँवा र आवाजको प्रवेशले वन जंगलमा भएको शान्तिको खलबलीले चराचुरुङ्गी र जनावरमा पर्ने क्षति आदि पर्दछन् ।

यसै गरि वातावरण संरक्षण सम्बन्धी कानून पनि वातावरण प्रदुषणको रोकथाम र नियन्त्रणमा प्रभावकारी हुन सक्ने प्रतिकूल हुनुपर्छ । तर नेपालको वातावरण संरक्षण सम्बन्धी कानूनले सरकारलाई Licensing भुमिकामा सिमीत राखेको दिखिन्छ । सो कानूनले आजको वातावरण समस्यालाई ऋयउभ गर्न सक्दैन । वातावरण सम्बन्धी कानूनमा आवश्यक संशोधन भई Self-Contained Act, नहुन्जेल र सरकारी निकायहरु Monitor गर्न Well Equipped, Well Trained नहुन्जेल यस अदालतले असाधारण अधिकार अन्तर्गत Active Role खेल्नुपर्ने हुन्छ । अदालतले आफ्नो संवैधानिक भुमिका निर्वाह गर्न अदालतमा एक वातावरण इजलासको (Environmental Branch) गठन गर्ने व्यवस्था हुन आवश्यक छ । त्यसैले वातावरण इजलास (Environmental Branch) को गठन गर्न कनूनी व्यवस्था हुनु पर्ने तर्फ सम्मानिनिय प्रधान न्यायधिशज्यूलाइ जानकारी गराउनु ।

### ४.६ ढुंगा, गिट्टी तथा बालुवाका उत्खनन्, बिक्री तथा व्यवस्थापन मापदण्ड २०७७

यस मापदण्डमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेको स्थान तथा क्षेत्रहरुबाट मात्रै उत्खनन् तथा संकलन गर्नुपर्ने व्यवस्था रहेको छ । उत्खनन् तथा संकलन सम्बन्धी कार्ययोजना तयार गर्ने, स्वीकृत गर्ने, वातावरणीय अध्ययन प्रतिवेदन तयार पार्ने, ठेक्का व्यवस्था मिलाउने सबै अधिकार गाउँपालिकाको क्षेत्रधिकार भित्र पर्दछ ।

ढुँगा, गिट्टी तथा वालुवाका उत्खनन् गर्ने, संकलन गर्ने, अनुगमन गर्ने, ठेक्का व्यवस्था मिलाउने र बिक्री गर्ने सम्बन्धी व्यवस्था यस मापदण्डमा उल्लेख रहेको छ ।

### ४.७ वन नियमावली, २०७९

वन ऐन, २०७६ को दफा ८३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका वन नियमहरु २०७९ बनाएको छ । नेपालको वन नियमावलीले वन सम्पदाको संरक्षण यवं सम्बन्ध मानिसहरुको जिवीकोपार्जन सहज गर्नका लागि जरुरी रहेको कुरा उल्लेख गरेको छ । यसले सरकारी जंगल भित्र कुनै किसिमका कार्यहरु गर्न रोक लगाएको छ । यसले राष्ट्रिय वन भित्र वन फडानी, आँगलागि, चरिचरण, वनजन्य सम्पदाहरुको अनैतीक बेचबिखन, वनको क्षेत्र मिच्ने जस्ता काम गर्न सक्त रोक लगाईएको छ ।

# प्ररिच्छेद ५: वस्तुगत वातावरणीय अवस्थाको बयान

सुनछहरी गाउँपालिका रोल्पा जिल्लाको मध्य-पश्चिमी पहाडी भूभागमा अवस्थित एक क्षेत्र हो, जसको उचाइ करिब ८०० मिटरदेखि २,५०० मिटर सम्म फैलिएको छ । यहाँको जलवायु उपोष्णदेखि समशीतोष्ण प्रकारको छ, जहाँ गर्मीमा मध्यम तातो (अधिकतम करिब २३°C, न्यूनतम १६°C) र वर्षा बढी हुने गर्छ भने जाडोमा तापक्रम न्यून ४-५°C सम्म झर्ने गर्दछ । वसन्त र शरद ऋतुमा मौसम सामान्यतः मनमोहक र कृषि उत्पादनका लागि उपयुक्त हुन्छ । यस क्षेत्रमा भुलुङछुङ खोला, स्याङ खोला र जरापानी/जेल्बाङ खोला जस्ता मुख्य पानीका स्रोतहरू रहेका छन्, जसले वर्षायाममा उच्च बहाव ल्याउने तर जाडोमा जलस्तर घट्ने देखिन्छ । भू-भाग ढुंगामाटोयुक्त भए पनि खोला किनारका उर्वर माटोमा मकै, कोदो, गहुँ, आलु तथा तरकारी खेती सम्भव छ । सुनछहरी वनस्पति र जैविक विविधताले पनि धनी छ, जहाँ साल, चिलाउने, खर्सु, काफलजस्ता प्रजाति र विभिन्न जडिबुटी, घाँस, साथै हिरन, बँदेल, खरायो, चराचुरुङ्गी जस्ता वन्यजन्तु पाइन्छन् । तर, यस क्षेत्र भूस्खलन, माटो कटान, वन विनाश तथा वर्षायाममा बाढीजन्य प्राकृतिक जोखिमबाट अछुतो छैन । यसरी हेर्दा, सुनछहरी गाउँपालिकाको वातावरणीय अवस्था विविधतायुक्त, प्राकृतिक स्रोतमा धनी तर संवेदनशील र चुनौतीपूर्ण देखिन्छ ।

## ५.१ भूस्थिति

सुनछहरी गाउँपालिका रोल्पा जिल्लाको मध्य-पश्चिमी भागमा पर्ने पहाडी क्षेत्र हो। यसको उचाइ करिब ८०० मिटरदेखि २,५०० मिटर सम्म फैलिएको छ। भूभाग डाँडा-पाखा, भिरालो जमिन र खोल्साखोल्सीले भरिएको छ, जहाँ भुलुङछुङ, स्याङ र जरापानी/जेल्बाङ खोलाले प्रमुख जलाधारको काम गरेका छन् । ढुंगामाटोयुक्त जमिन भएकाले कृषि मुख्यतः नदीकिनार र समथर जमिनमा केन्द्रित छ। यस गाउँपालिकामा उपोष्णदेखि समशीतोष्ण जलवायु पाइन्छ, जसले विविध खेती तथा जैविक विविधतालाई सम्भव बनाए पनि भूस्खलन, कटान र बाढीजस्ता प्राकृतिक जोखिम विद्यमान छन् ।

## ५.२ जलवायु-हावापानी

जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका, जलवायु उपोष्णकटिबंधीय (Sub-tropical) देखि शीतोष्ण (Temperate) दायराभित्र पर्दछ। यहाँ गर्मी (जून-अगष्ट) महिनामा अधिकतम तापक्रम करिब २३°C र न्यूनतम १६°C रहने गर्छ भने शरद ऋतु (सेप्टेम्बर-नोभेम्बर) मा अधिकतम २३-२६°C र न्यूनतम १५-१८°C हुन्छ। जाडो (डिसेम्बर-फेब्रुअरी) मा तापक्रम घटेर

अधिकतम २०-२३°C र न्यूनतम ९-१२°C पुग्छ भने वसन्त ऋतु (मार्च-मे) मा न्यानो मौसमसँगै अधिकतम २६-३०°C र न्यूनतम १५-१९°C रहने गर्दछ । वर्षा दृष्टिले हेर्दा, केही उच्च उचाइका क्षेत्रमा वार्षिक वर्षा २,५०० मिलिमिटरभन्दा बढी हुने सम्भावना रहन्छ भने १,५०० मिलिमिटरभन्दा कम वर्षा हुने स्थानहरू विरलै मात्र पाइन्छन् । समग्रमा, सुनछहरी गाउँपालिकाको औसत वार्षिक वर्षा करिब २,००० मिलिमिटर रहने अनुमान गरिएको छ ।

## ५.३ भूक्षय

सुनछहरी गाउँपालिका सामान्यतया वर्षायाममा पानीको तीव्र बहावका कारण खोल्साखोल्सी आसपास साना-ठूला कटान हुने र जमिन कमजोर भएको ठाउँमा भूक्षय समस्या देखिने गर्छ । वन कटान, अव्यवस्थित बसोबास र नदीजन्य सामग्रीको अनियन्त्रित उत्खननले समस्या थप बढाउने गरेको छ । स्थानीय तहले सम्भावित जोखिम कम गर्न तटबन्ध, रिटेनिङ वाल, नदी प्रशिक्षण कार्य र सामुदायिक सचेतना कार्यक्रम सञ्चालन गर्ने प्रयास गरिरहेका छन्, तर स्रोत, बजेट र प्राविधिक क्षमताको कमीका कारण दीर्घकालीन समाधान अझै चुनौतीपूर्ण छ । समग्रमा, भुलुङछुङ, स्याङ र जरापानी/जेल्बाङ खोलाजस्ता साना नदी आसपास ठूला परिमाणको कटान नभए पनि वर्षायाममा साना कटान र भूक्षय जस्ता समस्या देखिने गर्दछ ।

## ५.४ हावा र पानीको गुणस्तर यवं ध्वनिको मात्रा

यस आयोजना क्षेत्रमा कुनै कलकारखाना नभएकोले हावा तथा ध्वनिको गुणस्तर राम्रो रहेको । ।

## ५.५ जैविक वातावरण

### ५.५.१ वन तथा वनस्पती

ढुङ्गा, गिट्टी तथा बालुवा संकलन क्षेत्रहरु वन क्षेत्र भन्दा टाढा रहेकाले वन, वन्यजन्तु वनस्पती तथा पंक्षीहरुलाई प्रत्यक्ष प्रभाव नपर्ने देखिन्छ । यस क्षेत्रमा निम्न प्रकारका वनस्पती, पंक्षी पाइन्छन् ।

**तालिका ६ः वनस्पतीका प्रकारहरु**

| Local Name | Scientific Name |
|---|---|
| **चिलाउने** | *Schima wallichii* |
| **उतिस** | *Alnus nepalensis* |
| **ओक्स** | *Quercus spp. (Quercus glauca / Quercus lamellose*) |
| **सल्ला** | *Pinus roxburghii* |

**तालिका ७: वन्यजन्तुका प्रकारहरु**

| Local Name | English Name | Scientific Name |
|---|---|---|
| बादर | Monkey | *Macaca mulatta* |
| जंगली बिरालो | Wild Cat | *Felis silvistris* |
| स्याल | Jackle | *Canis aureus* |
| चितल | Chital | *Axis axis* |
| छेपारो | Lizard | *Calotes versicolor* |
| दुम्सी | Porcupine | *Hystrix indica* |
| खरायो | Rabbit | *Oryctolagus cuniculus* |
| चितुवा | Leapord | *Panthera pardus* |
| बिषालु तथा अबिसलु सर्पहरु | Snakes | |

**तालिका ८: तालिका पंक्षीहरु**

| Local Name | English Name | Scientific Name |
|---|---|---|
| ढुकुर | Dove | *Columbidae comombiformes* |
| चिल | Eagle | *Aquila Accipitridae* |
| गिद्ध | Vulture | *Aegypius monachus* |
| काग | Crow | *Corvus brachrhynchos* |
| परेवा | Pigeon | *Columba livia* |
| डाङग्रे | Common Myna | *Acridotheres tristis* |
| वन कुखुरा | Red junglefowl | *Gallus gallus* |

## ५.६ सामाजिक आर्थिक-सास्कृतिक वातावरण

यस गाउँपालिकाको जनसंख्या कृषि पेशामा आवद्ध रहेका छन् । यसैगरि केही जनसंख्या गैर कृषि पेशा अन्तर्गत यहाँ धेरै व्यक्तिहरु दैनिक ज्यालादारीमा काम गरेर जीवन निर्वाह गर्ने गरेका छन् । यसबाहेक व्यापार, नोकरी, वैदेशिक रोजगारी, उद्योग लगायतका गैर कृषि पेशा पनि यहाँका वासिन्दाहरुको जीवन निर्वाहको आधार बनेको छ ।

## ५.७ जातजाति र धर्म

यस गाउँपालिकामा बसोबास गर्नेले विशेष हिन्दू, बुद्ध, क्रिश्चियन धर्म मान्छन । प्रभावित गाउँपालिका मगरहरू जातीको बाहुल्यता रहेको छ, पहाडी ब्रामण, क्षेत्री, कामी तथा हरुको बाहुल्यता कम रहेको छ ।

## ५.८ पेशा र भाषा

सुनछहरी गाउँपालिकाको कुल जनसङ्ख्यामध्ये धेरैले नेपाली र खाम भाषा बोल्छन । कृषि, खेतीपाती तथा पशुपालन तथा ब्यापार यस क्षेत्रका वासिन्दाहरुको मुख्य पेशा हो । जिविकोपार्जनको लागि यस क्षेत्रका मानिसहरुले उद्योग व्यापार, सरकारी सेवा, तथा वैदेशिक राजगारका अवसरलाई अवलम्वन गरेको पाइन्छ ।

## ५.९ धार्मिक, सांस्कृतिक यवं ऐतिहासिक स्थलहरु

सुनछहरी गाउँपालिका धार्मिक विविधतायुक्त शहर हो । यहाँ धार्मिक सहिष्णुता झल्काउने विभिन्न धर्मावलम्बीहरुको धार्मिक स्थलहरु रहेका छन् ।

# परिच्छेद ६ः प्रस्ताव कार्यन्वयन गर्दा वातावरणमा पर्ने प्रभाव

रोल्पा जिल्ला सुनछहरी गाउँपालिका वडा नं. २ (भित्रि गाम स्थित भुलुङछुङ खोला, फलवाङ्ग खोला), वडा नं. ३ (बाहिरी गाम स्थित स्याङ खोला, रिजावन/तम्घास खोला, गाँजा खोला) र वडा नं. ७ (जेल्बाङ स्थित जरापानी/जेल्बाङ खोला) का किनार क्षेत्रबाट दिगो तथा वातावरणमैत्री रुपले ढुङ्गा, गिट्टी र बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्यले स्थानीय वातावरणको विभिन्न आयामहरुमा असर गर्दछ । उक्त प्रस्ताव कार्यन्वयन गर्दा सामाजिक तथा आर्थिक-सांस्कृतिक, जैविक र भौतिक वातावरणमा असर पर्ने अवस्थाहरुको सिर्जना हुन्छ । विशेष गरेर स्थानीय वातावरणमा प्रतिकूलको साथै अनुकूल प्रभावहरु पर्ने गर्दछ । वातावरणीय अध्ययनले प्रतिकुल प्रभाबलाई न्यूनीकरण गर्ने र सकारात्मक प्रभावलाई बढोत्तरी गर्ने मार्ग निर्देशन निर्दिस्ट गर्दछ । वातावरणीय अध्ययनको क्रममा पहिचान गरिएका अनुकूल र प्रतिकूल प्रभावहरुलाई तल सुचिकृत गरिएको छ ।

## ६.१ सामाजिक-आर्थिक तथा सांस्कृतिक प्रभाव

### ६.१.१ मानव स्वास्थ्यमा पर्ने प्रभाव

ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् यवं संकलन गर्दा विभिन्न प्रकृतिका औजारहरुको प्रयोग गर्ने क्रममा कामदारहरुलाई चोटपटक लाग्न सक्छ । बालुवाको धुलोको कारणले स्वास प्रस्वास र आँखा चिलाउने जस्ता स्वास्थ्य सम्बन्धी समस्या देखा पर्न सक्छन् । ढुवानी साधनहरुको आवतजावतले आकस्मिक दुर्घटनाको सम्भावना पनि त्यतिकै रहन्छ । संकलित ढुङ्गा, गिट्टी र बालुवा ओसार्न प्रयोग हुने सडक र सर्वसाधारणले प्रयोग गर्ने सडक एकै भएको र सो सडक ग्रामीण बस्तीबाट प्रवेश गर्ने भएको कारण मानिस तथा वस्तुभाउ सडक दुर्घटना पर्ने सम्भावना रहन्छ । बढी गतिमा सवारी चलाउने, सवारी चालकले मादक पदार्थ सेवन गरेर सवारी चलाउने र ग्रामीण क्षेत्र भएकाले अनुमति पत्र नभएकाले सवारी चलाउने सम्भावना रहन्छ ।

### ६.१.२ खेति योग्य जमिनको क्षय

नदीजन्य पदार्थहरुको उत्खनन् तथा संकलन अनियन्त्रित तथा उचित मापदण्ड विपरीत गर्दा नदीको गहिराई बढ्न गई तल्लो क्षेत्रमा पहिरो तथा बढीको प्रकोप हुने बढी भू-क्षय हुन सक्ने सम्भावना रहेको देखिन्छ । जसले गर्दा खेति योग्य जमिन कटान भई उत्पादनमा ह्रस आउने प्रवल सम्भवना रहन्छ । त्यस्तै गरि नहर तथा कुलोमा क्षति समेत पुग्दछ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव मध्यम रुपमा महत्वपूर्ण मानिएको छ ।

### ६.१.३ वन जङ्गलको क्षय

उत्खनन् क्षेत्र सामुदायिक वनको नजिक पर्ने हुँदा उक्त क्षेत्रमा वन्यजन्तु यवं वनपैदावरको गैरकानूनी व्यापार बढ्ने, कामदारको चापले गर्दा चोरी निकासी हुने सम्भावना हुन्छ ।

### ६.१.४ सामाजिक, साँस्कृतिक र धार्मिक मूल्य मान्यतामा हुने परिवर्तन

बाहिरबाट कामदारहरु आएको खण्डमा स्थानीय धर्म, संस्कृति तथा परम्परामा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पर्छ । कामदारहरु स्थानीय वासिन्दा हुने भएको कारणले धर्म, संस्कृति तथा परम्परामा न्यून प्रभाव पर्ने देखिन्छ । प्रस्तावित क्षेत्रको वरपर करिब ५०० मी. सम्मको दुरीमा कुनै पनि धार्मिक, सांस्कृतिक यवं ऐतिहासिक महत्वका ठाउँहरु छैनन् ।

### क) निर्माण सामाग्रीको उपलब्धता र विकासमा टेवा

स्थानीय क्षेत्रमा रहेका बालुवा तथा नदिजन्य पदार्थ पैदावारमा आधारित उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थको सरल तरिकाले आपूर्ति गर्न यस योजनाले सहयोग पुर्याउने छ साथै निर्माण सामाग्रीको सरल र सहज आर्पूतीका कारण स्थानीय तथा बाह्य क्षेत्रमा विकास निर्माणको कामसुचारु भई स्थानीय र राष्ट्रिय विकासमा पनि टेवा पुग्ने देखिन्छ ।

### ख) आयश्रोतमा वृद्धि तथा राजश्व संकलनमा वृद्धि

प्रस्ताव कार्यान्वयन गर्नका लागि गाउँपालिकाले ठेक्काबाट प्रस्ताव कार्यान्वयन गर्दा गाउँपालिकाको राजश्व संकलनको दायरा अझ फराकिलो हुनेछ । नदीमा खेर जाने सामग्रीको सही तरिकाले सदुपयोग हुन सके यसको बिक्री वितरणबाट स्थानीयस्तरमा ठूलो परिमाणमा राजस्व संकलन हुनसक्ने देखिन्छ साथै निर्माणधिन राष्टीय गौरवको आयोजना मेची-महाकाली बिधुतिय रेलमार्ग अन्तर्गत सुनछहरी-चोचा रेलमार्ग खण्डको सुनछहरी स्टेशनको ट्रयाकवेड निर्माणको लागि नदिजन्य निर्माण सामाग्रीको उपलब्धताले आयोजनालाई अगाडि बढाउन थप सहयोग पुगनेछ साथै राजस्वमा पनि बृधि हुनेछ । यसरी संकलित रकम गाउँपालिकाले स्थानीय स्तरमा पूर्वाधार निर्माण तथा सामाजिक विकासमा खर्च गर्न सक्नेछ जसले राष्ट्रिय अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

### ग) रोजगारीमा वृद्धि तथा गरीबी न्यूनीकरणमा टेवा

श्रोत संकलन यवं ढुवानी कार्यमा दक्ष कामदारको आवश्यकता नपर्ने हुँदा आसपासका मानिसहरुलाई नै संलग्न हुने अवसर प्राप्त हुन्छ । नदीले पूर्णकालिन रुपमा श्रोत संकलन एवं न्यूनस्तरको श्रममा आश्रित मानिसहरुलाई र खेतीपातीबाट फुर्सद पाएका स्थानीयहरुलाई ढुङ्गा, गिट्टी र बालुवा (नदीजन्य पदार्थ) संकलनले आय आर्जनको अवसर प्रदान गर्दै आएको छ ।

यसरी स्थानीय स्तरका अदक्ष जनताहरुलाई आय आर्जनको अवसर सृजना गरि यो प्रस्तावले गरिबी न्यूनीकरणमा समेत महत्वपूर्ण योगदान पुर्याउने देखिन्छ ।

### व्यापार र व्यवसायमा वृद्धि

यो योजनाबाट आफैले श्रृजना गरेको व्यापार तथा व्यवसायहरु जस्तै चिया, खाजा तथा खानाघर फस्टाउने छन् साथै यी पसलहरु गाउँपालिकामा दर्ता हुनेछन् र पालिकामा राजश्वमा वृद्धि गर्नमा मद्दत हुनेछ । यो क्षेत्रमा प्रस्ताव कार्यान्वयन हुदा सो क्षेत्रको अरु सम्बन्धित व्यापार र व्यवसाय जस्तै खुद्रा तथा थोक पसलले पनि व्यापार गर्ने मौका पाउछन्। यसबाट स्थानीयस्तरमा बजारको विकास हुन गई उद्योग, व्यापार, कृषि आदि क्षेत्रमा प्रत्यक्ष योगदान पुग्ने र आर्थिक क्रियाकलाप बढ्न गई आर्थिक गतिशिलता बढ्न जान्छ ।

### प्राविधिक सिपमा वृद्धि हुनु

यो क्षेत्रमा काम गर्ने कामदारहरुले काम गर्न चाहिने विभिन्न सिपहरु सिक्नेछन् । यो सिप सिकेर कामदारहरुले सोही किसिमकै काम सजिलै गर्न सक्नेछन् । यो परियोजनाबाट सवारी साधन आवत जावतमा समेत वृद्धि हुन गई रोजगार नभएका स्थानीय बासिन्दाहरुले गाडी चालक तथा सवारी साधन मर्मतका साथै अन्य प्राविधिक सिपमूलक कार्यहरु गर्न सक्दछन् ।

### प्रविधि हस्तान्तरण हुने

स्थानीय समुदायको संलग्नतामा प्रस्तावको कार्यान्वयन हुने भएकोले श्रोत व्यवस्थापन सम्बन्धी सीप तथा प्रविधि हस्तान्तरण हुने देखिन्छ । स्थानीय समुदायलाई ढुङ्गा, गिट्टी र बालुवा आदिको संकलन तथा सदुपयोग गर्ने तरीका बारे जानकारी प्राप्त हुन्छ । सीप तथा प्रविधिको ज्ञान दिनाले प्रविधि हस्तान्तरण हुन गई भू-क्षय, बाढी जस्ता प्रकोपहरु न्युन हुने तथा वरपरको वन तथा वातावरणको दिगो संरक्षणमा सहयोग हुने देखिन्छ ।

## ६.२ जैविक प्रभाव

प्रस्तावित उत्खनन् क्षेत्र सामुदायिक वन क्षेत्र भन्दा बाहिर रहेको कारणले वन र वन्यजन्तुमा न्यून प्रभाव सम्भावना देखिन्छ त्यसैले गर्दा यस प्रस्तावको कार्यन्वयनको सन्दर्भमा सान्दर्भिक रहेको देखिन्छ ।

### ६.२.१ जनसङख्या

प्रस्तावित उत्खनन् क्षेत्र मानव वस्ती भन्दा टाढा रहेकोले त्यस क्षेत्रमा बसोबास गर्ने जनसंख्यामा कुनै प्रतिकुल प्रभाव नपर्ने आंकलन गरिएको छ ।

### ६.२.२ वनस्पति तथा जीवजन्तु

जलीय तथा पारिस्थितिकीय प्रणालीमा पनि यस प्रस्ताव कार्यान्वयनले न्यून प्रभाव पार्ने देखिन्छ । वन्यजन्तुको आवतजावतमा नदी क्षेत्र नजिकको मानव गतिविधिले वनक्षेत्र नजिकका वन्यजन्तुहरूमा समेत प्रभव पर्न सक्ने अवस्था देखिदैन । वन्यजन्तु यवं वनपैदावरको गैरकानूनी व्यापार ढुङ्गा, गिट्टी र बालुवा मिस्कट उत्खनन् तथा संकलन क्षेत्रमा बढ्दो मानव गतिविधिले वन्यजन्तु तथा वनपैदावरको गैर-कानूनी व्यापार हुने सम्भावना नरहेको देखियो ।

### ६.२.३ प्राकृतिक बासस्थान र समुदाय

उत्खनन् क्षेत्र सामुदायिक वन क्षेत्रबाट टाढा रहेकोले गर्दा वन्यजन्तुको प्राकृतिक बासस्थानमा अप्रत्यक्ष असर पर्ने सम्भावना देखिन्छ । वैज्ञानिक, दिर्घकालीन यवं वातावरण मैत्री विधी अपनाई नदीजन्य पदार्थ उत्खनन् गर्न निश्चित मापदण्ड पनि तोकिने हुदा जैविक विविधता संरक्षण हुने तथा यसको संरक्षणमा प्रोत्साहन हुने देखिन्छ ।

## ६.३ भौतिक प्रभाव

### ६.३.१ जमिन

#### क) नदी किनार कटान

विभिन्न क्षेत्रमा नदीको धारले नदी को किनार कटान गरिरहेको अवस्था छ । नदीमा थुप्रिएका पदार्थ जथाभाबी तथा थुप्रिएको परिमाण भन्दा बढी उत्खनन्/संकलन गर्नाले नदीले आफनो प्राकृतिक धार परिवर्तन गरी किनार कटान हुने र भू-स्खलनको सम्भावना रहन्छ । यसले गर्दा किनारमा अवस्थित संरचनाहरु साथै खेतबारीमा क्षति पुग्ने सम्भावना रहन सक्दछ ।

#### ख) अत्याधिक ढुवानी गर्दा बाटोमा हुने क्षय

ढुवानीमा प्रयोग अधिकांश हुने सडक कच्चि रहेको र अवस्था पहिल्यै नै नाजुक रहेको ढुवानी क्रममा लादिएका गहुँगा सवारी साधनका चापका कारण उपयुक्त सडक र यस अन्तर्गतका पुल, कल्भर्ट आदि भत्किने, सडकमा खाल्टो पर्ने र नियमित आवगमनमा अवरोध पर्न सक्ने देखिन्छ ।

#### ग) वायुमण्डल

ढुवानी साधनको आवागमन तथा नदिजन्य पदार्थको उत्खनन् / संकलनले वायू प्रदुषण बढ्नजान सक्नेछ र यसले वायुमण्डलको गतिबिधीलाई असर पुग्ने सम्भावना हुन जानेछ । यो प्रभाव प्रत्यक्ष, उच्चस्तरको र लामो समयसम्म रहनेछ । त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव अति महत्वपूर्ण मानिएको छ । ढुवानी गर्दा प्रयोग हुने कच्चि बाटा वरपरका र संकलन कार्य गर्ने

स्थानमा सवारी साधनको आवगमनले गर्दा वायु प्रदुषणमा वृद्धि हुने, विशेषगरी धुलो उड्ने र साथै ध्वनी प्रदुषण बढ्ने हुन्छ ।

**घ) पानी**

प्रस्ताव कार्यन्वयन गर्दा साना मेशिनरी औजार, ओसार पसार गर्ने सवारी साधन बाट निस्किने लुब्रिकान्त, ओयल, ग्रीज, मोबिल आदि नदीमा प्रवेश भयो भने जल प्रणालीमा असर पर्न सक्दछ । नदिजन्य पदार्थ उत्खनन् / संकलन गर्ने क्रममा कामदारहरुबाट फोहर सिर्जना हुन्छ र नदीको वातावरण प्रदुषण वढ्छ । नदीमा शौच गर्ने, खानेकुराहरु फाल्ने, पोखिने, प्लास्टिकहरु यत्रतत्र छरिने सम्भावना हुन्छ । त्यस्तै माथिल्लो भागमा ढुङ्गा, गिट्टी र बालुवा को उत्खनन्/संकलन गर्ने क्रममा तल्लो भागमा जल प्रदूषण हुन् सक्छ ।

**ङ) ध्वनि**

प्रस्तावित स्थानहरु अधिकांश बस्ती नजिकै अवस्थित नरहेको र ढुवानी गर्ने मार्ग गाउँ बस्तिबाट टाढा भएको यस क्षेत्रमा वायु तथा ध्वनी प्रदुषण सवारीसाधनले बायक अन्य श्रोतले स्थानीयको स्वास्थमा नकारात्मक प्रभाव पार्ने देखिदैन ।

**च) मानव निर्मित वस्तु**

नदीको तटमा बनेका भौतिक संरचनाहरु नजिक संकलन कार्य गरिएमा यी संरचनाहरुको जगमा प्रत्यक्ष रुपले असर पर्दछ जसले गर्दा त्यस्ता भौतिक संरचनाहरु भत्कन सक्ने र धनजनको क्षति हुन सक्दछ । तर प्रस्तावित क्षेत्रमा नजिकै कुनैपनि निजी वा सार्वजनिक भौतिक-सार्वजनिक संरचना नरहेको कारण यो प्रभाव यस प्रस्तावको सन्दर्भमा असान्दर्भिक रहेको छ ।

## ६.४ रासायनिक अनुसूची प्रभाव

क) ढुवानी गाडीहरुको इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायनहरुको चुहावटले जल प्रदुषण हुने हुनाले उत्खनन् / संकलन क्षेत्रमा कुनै किसिमको रसायन प्रयोग हुने छैन । तर पनि गाडी तथा औजारको प्रयोग हुँदा त्यसको इन्धन जस्तै डिजेल, पेट्रोल, मोबिल, जस्ता रसायनले गर्दा जमिन तथा पानीको प्रदुषण बढ्न सक्छ ।

## तालिका ९: प्रभाव पहीचान तथा मुल्यांकन म्याट्रिक्स

| क.सं. | क्रियाकलाप | मुद्दा | प्रभाव | प्रभावको मुल्याङ्कन | | | | प्रभावको महत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | | | मात्रा | सिमा/फैलावत | समयअवधि | कुल | |
| | अनुकूल प्रभाव | | | | | | | |
| | बिक्रि | निर्माण सामाग्रीको उपलब्धता | विकास निर्माणमा टेवा | उच्च (६०) | स्थानीय (२०) | अल्पकालिन (५) | ८५ | धैरै महत्वपूर्ण |
| | बिक्रि | आयश्रोतमा वृद्धि | राजश्व संकलनमा वृद्धि | मध्यम (२०) | स्थानीय (२०) | दीर्घकालिन (२०) | ६० | महत्वपूर्ण |
| | उत्खनन् | रोजगारीमा वृद्धि तथा | गरिबी न्यूनीकरणमा टेवा | मध्यम (२०) | स्थानीय (२०) | दीर्घकालिन (२०) | ६० | महत्वपूर्ण |
| | उत्खनन् | जल उत्पन्न प्रकोप | प्रकोपमा कमि | उच्च (६०) | क्षेत्रीय (६०) | दीर्घकालिन (२०) | १४० | धैरै महत्वपूर्ण |
| | व्यवसाय | व्यापार/व्यवसाय | व्यापार र व्यवसायमा वृद्धि | मध्यम (२०) | स्थानीय (२०) | मध्यम (१०) | ५० | महत्वपूर्ण |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्खनन् | प्राविधिक सिप | प्राविधिक सिपमा वृद्धि हुनु | मध्यम (२०) | स्थानीय (२०) | दीर्घकालिन (२०) | ६० | महत्वपूर्ण |
| | **प्रतिकूल प्रभाव** | | | | | | | |
| | **सामाजिक-आर्थिक तथा सांस्कृतिक प्रभाव** | | | | | | | |
| | उत्खनन् | पेशागत स्वास्थ्य एवं सुरक्षा | विभिन्न प्रकृतिका औजारहरुको प्रयोग गर्ने क्रममा कामदारहरुलाई चोटपटक लाग्न सक्नेछ । | मध्यम (२०) | स्थानीय (२०) | अल्पकालिन (५) | ४५ | कम महत्व |
| | उत्खनन् | नदी वरपर वस्ती बिस्तार तथा नदी अतिक्रमण | कामको खोजिमा अन्यत्रबाट मनिसहरु आउने हुँदा त्यस्ता बाह्य कामदार र स्थानीय श्रमिक बिच साझा प्राकृतिक श्रोतको दोहन । | निम्न (१०) | क्षेत्रविशेष (१०) | अल्पकालिन (५) | २५ | कम महत्व |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्खनन् | सडक दुर्घटना | संकलित ढुङ्गा, गिट्टी र बालुवा ओसार्न प्रयोग हुने सडक र सर्वसाधारणले प्रयोग गर्ने सडक एकै भएको र सो सडक ग्रामीण बस्तीबाट प्रवेश गर्ने भएको कारण मानिस तथा वस्तुभाउ सडक दुर्घटना पर्ने सम्भावना । | निम्न (१०) | स्थानीय (२०) | दीर्घकालिन (२०) | ५० | कम महत्व |
| | **जैविक वातावरण** | | | | | | | |
| | उत्खनन् | जलीय पारिस्थितिकीय प्रणाली<br><br>(वनस्पति तथा जीवजन्त) | नदी किनारबाट बालुवा/बलौटे उत्खनन् गर्दा नदीमा सवारी साधनको आवतजावत आदिले गर्दा नदीको पानी धमिलिने र त्यहाँ रहेका जलचरहरु र तिनको | मध्यम (२०) | क्षेत्रविशेष (१०) | मध्यम (१०) | ४० | कम महत्व |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | वासस्थानमा प्रत्यक्ष असर पुग्ने देखिन्छ । | | | | | |
| | उत्खनन् | प्राकृतिक बासस्थान र समुदाय | उत्खनन् क्षेत्रमा बढदो मानव गतिविधिले वन्यजन्तु तथा वनपैदाबारको गैरकानूनी व्यापारमा वृद्धि हुनसक्छ । | निम्न (१०) | स्थानीय (२०) | अल्पकालिन (५) | ३५ | कम महत्व |
| | **भौतिक वातावरण** | | | | | | | |
| | उत्खनन् | तटीय अस्थीरता तथा कटान | नदीमा थुप्रिएका ढुङ्गा, गिट्टी र बालुवा को जथाभावि तथा थुप्रिएको परिमाण भन्दा बढी उत्खनन् / संकलन गर्नाले नदीले आफ्नो प्राकृतिक धार परिवर्तन गरी किनार कटान हुने र भूस्खलनको सम्भावना रहन्छ । | उच्च (६०) | क्षेत्रविशेष (१०) | दीर्घकालिन (२०) | ९० | धेरै महत्वपूर्ण |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्खनन् | भौतिक संरचना | ढुवानीका सवारीसाधन ओहोर दोहोर गर्दा स्थानीय बाटो तथा मुल सडक खण्ड पनि जतातत‍ै खाल्डो बन्ने अवस्था आउछ । नदीको तटमा बनेका भौतिक संरचनाहरु नजिक संकलन कार्य गरिएमा यी संरचनाहरुको जगमा प्रत्यक्ष रुपले असर पर्दछ तर प्रस्तावित क्षेत्र नदी किनारमा भौतिक संरचना नभएको । | मध्यम (२०) | क्षेत्रविशेष (१०) | दीर्घकालिन (२०) | ५० | महत्वपूर्ण |
| | उत्खनन् | वायु प्रदुषण तथा ध्वनी उत्सर्जन | ढुवानी गर्दा प्रयोग हुने कच्चि बाटा वरपरका र संकलन कार्य गर्ने स्थानमा सवारी साधनको आवागमनले गर्दा वायु प्रदुषणमा वृद्धि हुने, | मध्यम (२०) | स्थानीय (२०) | दीर्घकालिन (२०) | ६० | महत्वपूर्ण |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | विशेषगरी धुलो उड्ने र साथै ध्वनी प्रदुषण बढ्ने हुन्छ। | | | | | |
| | उत्खनन् | फोहरमैला तथा जल प्रदुषण | उत्खनन् / संकलन गर्ने क्रममा कामदारहरुबाट फोहर सिर्जना हुन्छ र नदीको वातावरण प्रदुषण बढ्छ । | मध्यम (२०) | स्थानीय (२०) | मध्यम (१०) | ५० | महत्वपूर्ण |
| | उत्खनन् | सवारी चाप | ढुङ्गा, गिट्टी र बालुवा लादिएका गह्रुँगा सवारी साधनका चापका कारण सडक र यस अन्तर्गतका पुल, कल्भर्ट आदि भत्किने, सडकमा खाल्टो पर्ने र नियमित आवगमनमा अवरोध पर्न सक्नेछ । | निम्न (१०) | क्षेत्रविशेष (१०) | मध्यम (१०) | ३० | कम महत्व |
| | उत्खनन् | संकलित सामाग्रीको भण्डारण | ढुंगा, गिट्टि, तथा बालुवा धेरै समयसम्म थुप्रिंदा | मध्यम (२०) | क्षेत्रविशेष (१०) | अल्पकालिन | ३५ | कम महत्व |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | वातावरणमा नकारात्मक असर पर्दछ । | | | (५) | | |
| | रासायनिक वातावरण | | | | | | | |
| | उत्खनन् | ढुवानी गाडीहरुको इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायनहरुको चुहावटले | गाडी तथा औजारको प्रयोग हुँदा त्यसको इन्धन जस्तै डिजेल, पेट्रोल, मोबिल जस्ता रसायनले गर्दा जमिन तथा पानीमा प्रदुषण बढ्न सक्छ । | निम्न (१०) | स्थानीय (२०) | अल्पकालिन (५) | ३५ | कम महत्व |
| | सामाजिक आर्थिक यवं सांस्कृतिक वातावरण | | | | | | | |
| १ | उत्खनन् | आयश्रोतको एवं रोजगारीको अवसर | प्रस्तावित योजना संचालन गर्दा स्थानीय बासिन्दाले रोजगारीको अवसर प्राप्त गरि आय श्रोत बढ्ने छ । | निम्न (१०) | स्थानीय (२०) | अल्पकालिन (५) | ३५ | कम महत्व |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. | | धार्मिक–सांस्कृतिक एवं ऐतिहासिक स्थल | धार्मिक-सांस्कृतिक यवं ऐतिहासिक स्थल कुनै किसिमको असर पर्दैन । | निम्न (१०) | क्षेत्रविशेष (१०) | मध्यम (१०) | ३० | कम महत्व |

# परिच्छेद ७: विकल्पहरुको विश्लेषण

नदीजन्य पर्दाथहरुको उत्खनन् तथा संकलन सम्बन्धीत प्रस्तावनाका लक्ष्य प्राप्ती तथा नकारात्मक प्रभावलाई न्यूनीकरणका लागि विभिन्न किसिमका विकल्पहरु, प्रस्तावना कार्यान्वयन हुने र नहुने तथा कार्यान्वयन गर्दा प्रयोग हुने प्रविधि तथा स्थान छनौट सम्बन्धि विश्लेषण यस अध्यायमा समेटिएको छ । यी विकल्पहरुको अध्ययनको मुख्य लक्ष्य वातावरण अनुकूल हुने गरी गाउँपालिकाको विकासको निम्ति राजश्व संकलन गर्नु हो । प्रस्तावना कार्यान्वयनको विकल्पको आधार तयार गर्दा सकारात्मक प्रभावहरुलाई बढावादिने तथा नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने गर्नुपर्दछ । विभिन्न विकल्पहरु जसले प्रस्तावनाका लक्ष्य न्यून वातावरणीय ह्रासका साथै बढी उपलब्धी प्राप्त गर्न मद्दत गर्दछ, यस्ता विषयहरुलाई संक्षेपमा तल वर्णन गरिएको छ ।

प्रस्ताव कार्यान्वयन नगर्ने अध्ययनबाट प्राप्त विकल्पको विश्लेषण गर्दा विकल्पहरुमा ढुङ्गा, गिट्टी र बालुवा को उत्खनन् / संकलन नगर्ने विकल्पलाई अस्वीकार गरिएको छ, किनकी ढुङ्गा, गिट्टी र बालुवा को उत्खनन् / संकलन नगर्ने हो भने,

**प्रथमः** नदीको सतह क्रमिक रुपमा उक्सिदै माथि जाने अवस्था हुन सक्दछ र नदी किनारमा कटान एवं बाढीको प्रकोप बढ्न जान्छ । जसले गर्दा वरिपरि भएका खेतीयोग्य जमिन नदीले बगाई धनमालको समेत नोक्सान पुग्न सक्दछ ।

**दोश्रोः** प्राकृतिक श्रोतको सदुपयोग हुन पाउँदैन । नदीले वगाएर ल्याएको नदीजन्य पर्दाथहरु ढुंगा,गिट्टी र बालुवा त्यसै खेर जाने अवस्था हुन सक्दछ ।

**तेस्रोः** स्थानीयबासीहरुले नदीजन्य पर्दाथको उत्खनन् / संकलन कार्यबाट विभिन्न प्रकारका रोजगारीका अवसरहरु उपलव्ध भईरहेकोमा बाधा पुग्छ वा गुम्न सक्ने अवस्था रहन सक्छ ।

**चौथोः** नदीजन्य पर्दाथको वार्षिक रुपमा विक्री वितरणबाट गाउँपालिकाले प्राप्त गर्न सक्ने आन्तरिक आम्दानी घट्ने देखिन्छ ।

त्यसकारण प्रस्तावित नदी र नदीको उल्लेखित खण्डबाट ढुङ्गा, गिट्टी र बालुवा को उत्खनन् / संकलन कार्य गर्दा उपयुक्त हुन्छ ।

## प्रस्तावका विकल्पहरु

### (क) डिजाइन

नदीले बर्षाको समयमा वर्षेनी हजारौं घन मिटर नदिजन्य पदार्थ माथिल्लो भू-भागबाट बगाई ल्याएर समथर क्षेत्रको भू-भागमा विशेष गरी तराई क्षेत्रमा थुपारेको पाईन्छ । यसरी थुप्रिएका

नदीजन्य पदार्थहरुलाई तोकेको स्थानहरुबाट निकाल्न पाईने र निकाल्दा वरपर वातावरणमा रहेका बस्तिहरुलाई कुनै प्रभाव नपर्ने गरि निकालिने छ । नदिजन्य पदार्थको व्यवस्थित संकलनले खोला किनारा कटान नियन्त्रण गर्न ठुलो सहयोग पुग्दछ । त्यसैगरी स्थानीयमा रोजगारको अवसर, उनीहरुको जीवनस्तरमा सुधार, बहाव फेरिन जाने तथा प्रकोप निम्तिने सम्भावनामा कमि हुने कारणले गर्दा र अन्य शर्तहरुको पालना गरी उत्खनन्/संकलन गर्न डिजाइनलाई प्रस्ताव कार्यान्वयन विकल्पको रुपमा लिईएको छ । नदीको किनारमा उत्खनन् /संकलनको लागि डिजाइनको अरु कुनै विकल्प छैन ।

**(ख) आयोजना स्थल**

नदिजन्य बस्तुहरु उत्खनन् गर्दा वर्षातको समयमा बिशेष गरि असार, श्रावण र भाद्रमा बाढीको सम्भावना लाइ न्यून हुने गरि र नदीको बहाब परिबर्तन नहुन दिने गरि प्रस्ताव कार्यन्वयन गर्न यस प्रतिवेदनले निर्दिस्ट गर्नेछ । अध्ययन टोलीबाट स्थलगत अध्ययन गर्दा निजी तथा सार्वजनिक संरचना, कुलो, सिंचाई योजनालाई असर नगर्ने पहुँच मार्गको उपलब्धता नदीजन्य वस्तुको उपलब्धताको आधारमा सङ्कलनका बारेमा अध्ययन तथा अवलोकन गरेर उपयुक्त सार्वजनिक स्थान सम्बन्धित पालिकाले बिबाद रहित स्थान तोकने छ । नदिजन्य पदार्थको श्रोतको लागी नदी किनारा बाहेक अन्य ठाउँमा नहुदा प्रस्तावना लागु नहुँदा निमार्ण सामाग्रीको अभाव सृजना हुन्छ साथै नदिजन्य बस्तुहरु उत्खनन् नगर्दा वर्षातको समयमा बाढीको सम्भावना उच्च हुन्छ । तसर्थ किनारामा थेग्रिएका बस्तुहरु दिगो र वातावरण मैत्री रुपले निकाश गर्नु बाहेक अरु कुनै बिकल्प छैन । यस्तो अवस्थामा नदीबाट निम्तिने प्राकृतिक प्रकोपलाई मध्यनजर गरेर सुरक्षित क्षेत्र यवं प्रभाव कम पर्ने स्थानहरुको छनौट गरियको छ र उक्त तोकिएको स्थानहरुबाट मात्र नदिजन्य सामग्रीको संकलन तथा उत्खनन गरिनेछ ।

**(ग) प्रकृया, समय-तालिका**

उत्खनन् कार्य गर्दा नदी र नदीमा पानीको बहाव कम हुने समयमा गरिन्छ । असार, साउन र भदौ महिना बाहेक अरु महिना समान्य तय उत्खनन् कार्यको लागि उचित महिना मानिन्छ । दिउँसो मात्र उत्खनन् / संकलन कार्य गरि रातिको समयमा उत्खनन् / संकलन कार्यलाई कडाइका साथ निषेधित गरिनुपर्छ । खोलामा पानी भएको क्षेत्रमा उत्खनन् / संकलन कार्य गरिने छैन । उत्खनन् / संकलनको कार्यमा ठुला मेशनरी औजारको प्रयोग भन्दा घरेलु औजारहरु कुटो, कोदालो, वेल्चा, गल, गैची लगायतका सामाग्रीहरुबाट गरिने छ तर गाउँपालिकाको स्वीकृति लिएर मात्रै साना खाले मेशिनरी आजारको प्रयोग गरिने छ ।

**(घ) प्रयोग हुने कच्चा पदार्थ**

उक्त आयोजनाको उद्देश्य साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् यवं संकलन गरी स्थानीय विकास निर्माण कार्यमा टेवा पुर्याउनु नै हो । गाउँपालिकामा निर्माणजन्य स्रोतको लागि नदीबाट प्राप्त हुने पदार्थको अभाव भएकोले हालका लागी यसको संकलन र प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प छैन ।

# अध्याय ८: वातावरणीय व्यवस्थापन योजना

वातावरण व्यवस्थापन योजना (Environment Management Plan-EMP) कुनै पनि प्रस्ताव कार्यान्वयन गर्दा यसका गतिविधिहरुबाट वातावरणमा पर्न सक्ने असर र त्यसलाई न्यूनीकरण गर्न गरिने प्रस्तावित एकिकृत प्रयासहरुको योजना हो । वातावरणीय व्यवस्थापन योजना विशेषगरी प्रभाव मुल्याङ्कन गर्दा अति महत्वपूर्ण प्रभावहरु भनी पहिचान गरिएका प्रभावहरुको हकमा निर्माण गरिएको छ । प्रस्ताव संचालनको क्रममा पर्न सक्ने विभिन्न वातावरणीय असरहरु तथा ध्यान पुर्याउनु पर्ने वातावरणीय सवाल, प्रस्तावकको अभिवृद्धिका उपायहरु, नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरु, त्यसको कार्यान्वयन तथा वातावरणीय अनुगमनका लागि संस्थागत जिम्मेवारी, वातावरणीय सम्बद्र्धन तथा नकारात्मक प्रभाव न्यूनीकरण लागत समेत समावेश हुनेगरी अनुसूची  व्यवस्थापन योजना तयार पारिएको छ ।

नदीबाट ढुङ्गा, गिट्टी र बालुवा को उत्खनन्/संकलन गर्ने कार्यको वातावरण व्यवस्थापन योजनाले व्यवस्थापनको आधारभुत धार लाई अङ्गिकार गरेको छ । वातावरणीय व्यवस्थापन योजनाले वातावरण संरक्षणका उपायहरु उपयुक्त रुपमा कार्यान्वयन भए नभएको, ती उपायहरु प्रभावकारी भए नभएको निश्चित गर्न महत्वपूर्ण भुमिका निर्वाह गर्दछ ।

## ८.१ प्रभाव बढोत्तरी यवं न्यूनीकरणका उपायहरु

प्रस्तावमा प्रस्तावित नदीबाट ढुङ्गा, गिट्टी र बालुवा को संकलन गरी लैजाँदा वातावरणमा पर्न सक्ने प्रभावहरुको बारेमा अघिल्लो अध्यायमा वर्णन गरिसकिएको छ । प्रभावको प्रकृति हेरी तिनलाई नियन्त्रण गर्ने, न्यून गर्ने वा सकारात्मक प्रभावलाई बढोत्तरी गर्ने उपायहरु यस अध्यायमा उल्लेख गरिएको छ ।

### ८.१.१ अनुकूल प्रभावलाई बढोत्तरी गर्ने उपायहरु

आयोजना संचालन गर्दा स्थानीय स्तरमा अनुकूल प्रभावहरु पर्दछ जसले गर्दा स्थानीय तहमा सामाजिक तथा भौतिक विकासमा टेवा पुर्याउने गर्दछ । त्यता अनुकूल प्रभावहरुलाई बढोत्तरी गरि अझ प्रभावकरी बनाउन सकिन्छ । यसको लागि तल उल्लेखित उपायहरु अपनाउन सकिन्छ ।

### अ) सामाजिक-आर्थिक तथा सांस्कृतिक प्रभाव

### क) निर्माण सामाग्रीको उपलब्धता र विकासमा टेवा

स्थानीय स्तरमा नदीबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन्/संकलन गर्ने कार्यले स्थानीय तहमा हुने विकास निर्माणको लागि निर्माण सामाग्रीको सहज उपलब्ध हुने हुँदा निर्माण कार्यमा निर्माण सामाग्रीको कमीले ढिला सुस्त हुँदैन । यसको साथै निर्माण सामग्री पनि सुलब मुल्यमा पाईन्छ र तोकिएको समयमै उपलब्ध हुन्छ । यो सुबिधा बढोत्तरी गर्नको लागि निम्न कार्य गर्न सकिन्छ ।

- स्थानीय विकास निर्माण कार्यलाई प्राथमिकता दिई ढुङ्गा, गिट्टी र बालुवा जस्ता सामग्रीको सहजताको साथ सुलभ मुल्यमा उपलब्ध गराउने ।

### ख) आयश्रोतमा वृद्धि तथा राजश्व संकलनमा वृद्धि

प्रस्ताव कार्यान्वयन गर्नका लागि गाउँपालिकाले नदीको ठेक्काबाट प्रस्ताव कार्यान्वयन गर्दा गाउँपालिकाको राजश्व संकलनको दायरा अझ फराकिलो हुनेछ । नदीमा खेर जाने सामग्रीको सही तरिकाले सदुपयोग हुन सके यसको बिक्री वितरणबाट स्थानीयस्तरमा ठूलो परिमाणमा राजस्व संकलन हुनसक्ने देखिन्छ । यसरी संकलित रकम पालिकाले स्थानीयस्तरमा पूर्वाधार निर्माण तथा सामाजिक विकासमा खर्च गर्न सक्नेछ जसले राष्ट्रिय अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पर्ने देखिन्छ । यो बढोत्तरी तथा व्यवस्थित गर्नको लागि तलको कार्य गर्न सकिन्छ ।

- मापदण्ड, निर्देशन अनुसार ठेक्का दिने र चुहावट हुन नदी नियमित अनुगमन गर्ने ।

### ग) रोजगारीमा वृद्धि तथा गरिबी न्यूनीकरणमा टेवा

परियोजनाको संचालनले स्थानीय तहमा रोजगारीको अवसर सिर्जना गर्दछ जस अन्तर्गत दक्ष जनशक्तिको लागि वार्षिक १२,१०० श्रम दिनको रोजगार सृजना हुनेछ भने अर्धदक्ष जनशक्तिको लागि २४,२०० श्रम दिनको रोजगार सृजना हुनेछ, यसरी वार्षिक कुल जम्मा ३६,३०० श्रम दिनको रोजगार सृजना हुनेछ । व्यक्तिको आयमा आर्जनमा सहयोग पुर्याई सम्पूर्ण गाउँपालिकाको गरिबी घटाउने कार्यमा टेवा पुग्दछ । यो कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउनको निम्ति तल दिएको उपाय अपनउन सकिन्छ ।

- अनिवार्य रुपमा स्थनीय पिछाडिएका समुदायहरुलाई कामदारका रुपमा लगाउने व्यवस्था गर्ने र उनीहरुलाई आवस्यकता अनुसार तालिमको व्यवस्था गर्ने ।

### आ) भौतिक प्रभाव

### क) जल उत्पन्न प्रकोपमा कमी

वैज्ञानिक र व्यवस्थित विधिद्वारा ढुङ्गा, गिट्टी र बालुवा को उत्खनन् गर्दा नदीका वेड लेभल बढ्नबाट नियन्त्रण हुन हुनाले वर्षा याममा आउने बाढी र नदीको बहाव परिवर्तन भई छेउछाउका वस्ती तथा खेतबारीमा हुनसक्ने क्षतिबाट मुक्ती मिल्ने देखिन्छ । तसर्थ, ढुङ्गा, गिट्टी र बालुवा को उत्खनन् गर्दा नदीको चैडाई अनुसार बिभिन्न भागमा विभाजन गरी बिचको भागबाट उत्खनन् / संकलन गर्न उचित हुन्छ । सो कर्ायबाट  नदीको बेड लेभल बढ्नबाट नियन्त्रण हुने हुनाले वर्षा याममा आउने बाढी र नदीको बहाव परिवर्तन हुन तथा किनार सुरक्षित भई सो क्षेत्रका वर्तमान अवस्थामा समेत क्रमिक सुधार हुने देखिन्छ ।

- तोकिएको मौज्दात परिमाण मात्र संकलन गर्ने र जानकारी दिन संकलन क्षेत्रमा दैनिक संकलन मौज्दात, वार्षिक संकलन दिन तथा समय स्पष्ट उल्लेख हुने गरि होडिङ् बोर्डको व्यवस्था गर्ने ।

## ८.२ प्रतिकूल प्रभावहरुलाई न्यूनीकरण गर्ने उपायहरु

### ८.२.१ सामाजिक-आर्थिक तथा सांस्कृतिक प्रभाव

### क) पेशागत स्वास्थ्य यवं सुरक्षा

- उत्खनन् र संकलनमा संलग्न श्रमिकहरुलाई निजी सुरक्षाका उपकरणहरु जस्तै पन्जा, बुट, मास्क आदिको उपयोग गर्न प्रेरित गर्ने ।
- सामान्य उपचारका लागि अत्यावश्यक प्राथमिक उपचारका सामाग्री जस्तै ब्यान्डेज, सेप्टि टेप, आदि उत्खनन् तथा संकलन क्षेत्र नजिकै उपलब्ध हुने गरी व्यवस्था गर्ने ।

### ख) नदी वरपर वस्ती बिस्तार तथा नदी अतिक्रमण

- नदीको किनारमा स्थायी घर तथा टहरा निर्माण गर्न निषेध गर्ने ।
- बैद्यानिक नियम कानून मिचेमा सजाय दिने ।
- अस्थायी टहराहरु कार्य समापन पछि हटाउने ।

### ग) बाह्य र स्थानीय कामदार बिचको द्वन्द

श्रोत संकलन कार्यमा नदी छेउछाउका स्थानीय वासिन्दाको संलग्नता नै अधिक देखिन्छ त्यसैले संकलन तथा उत्खनन् गर्ने क्रममा बाह्य र स्थानीय कामदार बिचको द्वन्द हालसम्म नदेखिएको स्थानीयहरुको भनाई छ । द्वन्द सिर्जना हुने अवस्थालाई मध्यनजर राखेर न्युनिकारणको लागि निम्न कार्यक्रम संचालन गर्नुपर्दछ ।

- सम्भावित द्वन्दको स्थितिलाई टार्न श्रमिकहरुलाई अभिमुखिकरण गर्ने ।

- प्रहरीसँगको सहकार्यमा प्रहरीको उपस्थितिलाई नियमित गर्ने ।

**घ) सडक दुर्घटना**

आयोजना संचालन गर्ने क्रममा ढुवानी कार्यको लागि सवारी साधनहरुको आवतजावतमा वृद्धि हुन्छ जसले गर्दा यथास्थितिमा रहेको सडकमा सवारी साधनहरुको चाप बढ्नुको साथै सडक दुर्घटनाको जोखिम पनि बढ्न आउछ । सम्भावित क्षतिको दर काम गर्नको निम्ति निम्न कार्य गर्न सकिन्छ ।

- सवारीसाधनको गति समित गर्न पहुँच सडकमापर्ने गाउँ र संवेदनशील क्षेत्र जस्तै विद्यालय क्षेत्र नजिक गति सिमित लेखिएको साइन पोस्टहरु राख्ने ।
- ढुवानी सवारी साधनहरु प्रवेश गर्नें पहुच सडकमा स्पिड ब्रेकरहरु राख्ने ।
- वैकल्पिक मार्ग पहिचान गरी गाउँपालिकाले तोकिदिएको सडकहरुबाट मात्र ढुवानी कार्यहरू गर्ने ।

**८.२.२ जैविक वातावरण**

**क) जलीय परिस्थितिकीय प्रणालीमा पर्ने प्रभाव**

जलीय तथा पारिस्थितिकीय प्रणालीमा पनि यस प्रस्ताव कार्यान्वयनले प्रभाव पार्ने देखिन्छ । नदी किनारबाट ढुङ्गा, गिट्टी र बालुवा को उत्खनन्, नदीमा सवारीसाधनको आवतजावत आदिले गर्दा नदीको पानी धमिलिने र देखिन्छ ।

- नदीको बहाव भएको क्षेत्रमा उत्खनन् नगर्ने ।
- बहाव क्षेत्रमा सवारीसाधन सकभर नचलाउने ।
- रात्री समयमा उत्खनन् नगर्ने ।
- नदीको किनार सुरक्षार्थ वृक्षरोपण कार्यलाई प्राथमिकता साथ लागु गर्नुपर्ने ।

**ख) वन पैदावरको गैरकानूनी व्यापार**

प्रस्तावित उत्खनन् क्षेत्र सामुदायिक वन नजिक नरहेका कारण वन र वन्यजन्तुमा पर्ने प्रभाव यस प्रस्तावको सन्दर्भमा सान्दर्भिक रहेको छैन । वन्यजन्तु यवं वन-पैदावरको गैरकानूनी व्यापार ढुङ्गा, गिट्टी र बालुवा को मिस्कट उत्खनन् तथा संकलन क्षेत्रमा बढ्दो मानव गतिविधिले वन्यजन्तु तथा वनपैदाबारको गैरकानूनी व्यापारमा वृद्धि हुनसक्छ ।

- वन्यजन्तु चोरी शिकारी तथा गैरकानूनी व्यापार गर्नेलाई कानुन अनुसार कारबाही गर्नु पर्ने ।
- वन्यजन्तु संरक्षण सम्वन्धि जनचेतनामुलक कर्यक्रम संचालन गर्ने ।

- वन्यजन्तु तथा वनपैदावरको महत्व र संरक्षण सम्वन्धि जनचेतनामुलक कयिक्रम संचालन गर्ने जलीय पारिस्थितिकीय प्रणालीमा पर्ने प्रभाव मुल्याङकन गर्ने ।

### ८.२.३ भौतिक वातावरण

#### क) तटीय अस्थीरता तथा कटान

प्रस्तावित उत्खनन् स्थलहरु बस्ती नजिकै अवस्थित छन् । नदीमा थुप्रिएका, ढुङ्गा, गिट्टी र बालुवा को जथाभावि तथा थुप्रिएको परिमाण भन्दा बढी उत्खनन् / संकलन गर्नाले नदीले आफनो प्राकृतिक धार परिवर्तन गरी किनार कटान हुने र भूस्खलनको सम्भावना रहन्छ ।यसले किनारमा अवस्थित संरचनाहरु साथै खेतबारीमा समेत क्षति पुग्ने सम्भावना रहन्छ ।

- गाउँपालिकाको संलग्नतामा संकलन क्षेत्रलाई सिमाङ्कन गरी सिमा भित्र मात्र संकलन गर्ने व्यवस्था गर्ने ।
- संकलन कार्य गर्दा नदीको बहावलाई बिचमा केन्द्रित हुने गरी अर्थात उत्खनन् साथै संकलन क्षेत्र नदीको चैडाई लाई तीन भागमा विभाजन गरि विचको स्थानबाट उत्खनन् तथा संकलन कार्य गर्न ।
- नदीलाई बहपको क्षेत्र छोडेर बग्नेगरी संकलन कार्य गर्ने ।
- नदीको बेड लेभलभन्दा तल उत्खनन् नगर्ने ।
- कटान भइरहेको स्थानमा वृक्षारोपण तथा तटबन्ध निर्माण गर्ने ।

#### ख) भौतिक संरचनामा पर्ने प्रभाव

नदीको तटमा बनेका भौतिक संरचनाहरु नजिक संकलन कार्य गरिएमा यी संरचनाहरुको जगमा प्रत्यक्ष रुपले असर पर्दछ जसले गर्दा त्यस्ता भौतिक संरचनाहरु भत्कन सक्ने र धनजनको क्षति हुन सक्दछ । तर प्रस्तावित क्षेत्र नजिकै कुनैपनि निजी वा सार्वजनिक भौतिक संरचना नरहेको कारण यो प्रभाव यस प्रस्तावको सन्दर्भमा असान्दर्भिक रहेको छ ।

- नदीको किनारमा बनेका भौतिक संरचनाहरु नजिक संकलन कार्यलाई निरुत्साहित गरि तोकिएको क्षेत्रबाट मात्र संकलन गर्ने ।
- ढुवानीका लागि गाउँपालिकाले तोकिदिएको संकलन कर्तासँग ठेक्का सझौतामा समावेश गर्ने सडकहरुबाट मात्र गर्ने ।
- गल्छीहरु बन्न नदिन नदीको पानी बगेको सतहभन्दा मुनि उत्खनन् / संकलन कार्य नगर्ने ।

**ग) वायु प्रदुषण तथा ध्वनी उत्सर्जन**

ढुवानी गर्दा प्रयोग हुने कच्चि बाटा वरपरका र संकलन कार्य गर्ने स्थानमा सवारी साधनको आवागमनले गर्दा वायु प्रदुषणमा वृद्धि हुने, विशेषगरी धुलो उड्ने र साथै ध्वनी प्रदुषण बढेने हुन्छ । प्रस्तावित स्थानहरु अधिकांश बस्ती नजिकै अवस्थित रहेको र ढुवानी गर्ने मार्ग गाउँ, बस्तीबाट प्रवेश गर्ने भएकोले यस क्षेत्रमा वायु तथा ध्वनी प्रदुषण बढ्न गई स्थानीयको स्वास्थमा नकारात्मक प्रभाव पार्ने देखिन्छ ।

- ढुवानी गर्दा प्रयोग गर्ने कच्चि विशेषगरी बस्ती क्षेत्रको बाटोमा समय-समयमा पानीले भिजाउने ।
- विद्यालय जस्ता संवेदनशील क्षेत्रमा हर्न बजाउन निषेधित गर्ने ।
- ढुवानी गर्दा संकलित श्रोत वस्तुलाई पूर्ण रुपले त्रिपालले छोपेर मात्र ढुवानी गर्ने ।

**घ) सवारी चाप र सडक पुल कल्भर्टमा पर्ने प्रभाव**

ढुवानीमा प्रयोग अधिकांश हुने सडक कच्चि रहेको र अवस्था पहिल्यै नै नाजुक रहेको छ। ढुवानीको क्रममा ढुङ्गा, गिट्टी र बालुवा को लादिएका गहुँगा सवारी साधनका अधिक चापका कारण उपयुक्त सडक र यस अन्तर्गतका पुल, कल्भर्ट आदि भत्किने, सडकमा खाल्टो पर्ने र नियमित आवगमनमा अवरोध पर्न सक्ने देखिन्छ ।

- ढुवानी गर्दा प्रयोग हुने सवारीसाधनको क्षमताभन्दा बढी भारी बोक्न निरुत्साहित गर्ने ।
- सडकमा रहेका खाल्डा खुल्डी पुर्ने र जमेको पानीलाई उचित निकास दिने ।
- पुल कल्भर्ट जस्ता संरचनामाथि सवारी (खाली होस या भरी) रोकेर राख्न नदिने ।

**ङ) संकलित सामाग्रीको भण्डारणले गर्दा हुने प्रभाव**

नदीजन्य सामाग्रीहरुको निश्चित ठाउँमा निकास गर्नु अघि अथवा यी चिजहरुलाई प्रशोधन गर्नु अघि थुपारेर राख्नु जरुरी हुन्छ । यसरी ढुङ्गा, गिट्टी र बालुवा को धेरै समयसम्म थुप्रिंदा वातावरणमा नकारात्मक असर पर्दछ । साथै अकस्मात वर्षाका कारण आउने आकस्मिक बाढीले संकलित सामाग्री बगाई लैजाने सम्भावना पनि रहन्छ ।

- थेग्रिएका वस्तुहरु नदीको छेउछाउ थुपार्न निषेध गर्ने र संकलित श्रोत वस्तुको ढुवानी २ दिन भित्र गरिसक्ने कसैको निजी जग्गा प्रयोग गर्दा क्षतिपुर्ति दिनु पर्ने ।

**च) फोहर तथा जल प्रदुषण**

ढुङ्गा, गिट्टी र बालुवा को उत्खनन् / संकलन कार्यमा संलग्न कामदारहरु द्वारा नदीमा फोहर पार्ने काम हुन्छ । खानेकुरा र प्लास्टिकका सामानहरु यत्रतत्र फाल्ने काम हुन्छ । यसको न्यूनीकरण निम्न कार्य गर्न सकिन्छ ।

- काम गर्ने क्षेत्रमा फोहोर संकलन बिन राखी फोहोर जम्मा गर्ने साथै हप्तामा कम्तिमा एक पटक त्यस्ता फोहरहरु संकलन गरी उपयुक्त स्थानमा बिसर्जन गराइने ।
- नदीको नजिक अथवा नदीमा कुनै पनि मृत जनावर तथा खाने कुराहरु फाल्न मनाही गरिएको ।

### ८.२.४ रसायनिक वातावरण

ढुवानी गाडीहरुको इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायनहरुको चुहावटले जल तथा जमिनमा प्रदुषण वृद्धि हुन्छ । रसायनको चुहावटबाट हुने प्रदुषणलाई रोक्नको निम्ति निम्न उपायको अवलम्बन गर्न सकिन्छ ।

- ढुवानी गाडीहरुको नियमित मर्मत तथा सम्भार गर्ने ।
- इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायनहरु उत्खनन् / संकलन क्षेत्रमा नल्याउने।
- उत्खनन् / संकलन क्षेत्रमा ढुवानी गाडीहरु सरसफाई तथा धुनमा प्रतिबन्ध लगाउने।

## तालिका १०: प्रभाव बढोत्तरीकरण यवं न्युनिकरण म्याट्रिक्स

| विषय | सकारात्मक प्रभावको बढोत्तरी क्रियाकलाप | कहाँ गर्ने ? | कहिले गर्ने ? | कसले गर्ने ? | अनुमानित बजेट/ जनशक्ति/समय | अनुगमन विधि |
|---|---|---|---|---|---|---|
| **भौतिक क्षेत्र** | | | | | | |
| **जल उत्पन्न प्रकोप न्यूनीकरण** | • नदी किनारमा वृक्षारोपण गर्ने ।<br>• निश्चित मात्रामा कामदार लगाउने र तिनीहरुलाई अभिमुखिकरण र तालिमको व्यवस्था गर्ने ।<br>• तोकिएको मौज्दात परिमाण मात्र संकलन गर्ने र जानकारी दिन संकलन क्षेत्रमा दैनिक संकलन मौज्दात, वार्षिक संकलन दिन तथा समय स्पष्ट उल्लेख हुनेगरि होडिङ् बोर्डको व्यवस्था गर्ने । | उत्खनन् क्षेत्र तथा अन्य कटान क्षेत्र | उत्खनन् गर्नु भन्दा आगाडी र उत्खनन् गर्ने क्रममा | गाउँपालिका र ठेकेदार कम्पनी | २५०,००० | स्थलगत अध्ययन अनुगमन निरीक्षण |
| **सामाजिक-आर्थिक तथा सांस्कृतिक क्षेत्र** | | | | | | |
| **निर्माण सामाग्रीको उपलब्धता र विकासमा टेवा** | • स्थानीय विकास निर्माणकार्यलाई प्राथमिकता दिई, ढुङ्गा, गिट्टी र बालुवा जस्ता सामग्रीको सहजताको साथ सुलभ मुल्यमा उपलब्ध गराउने | सम्बन्धित क्षेत्र | निर्माण सामग्री आवश्यक भएको समय | गाउँपालिका र ठेकेदार कम्पनी | प्रा.व.प. अध्ययन स्वीकृत भएको ३ वर्ष सम्म समय रहने | स्थलगत अध्ययन निरीक्षण |
| **आयश्रोतमा वृद्धि तथा राजश्व संकलनमा वृद्धि** | • मापदण्ड, निर्देशन अनुसार ठेक्का दिने र चुहावट हुन नदी नियमित अनुगमन गर्ने । | सम्बन्धित क्षेत्र | उत्खनन् गर्ने क्रममा | गाउँपालिका | ३ वर्ष सम्म गा.पा. ले तोकेको दर अनुसार | स्थलगत अध्ययन निरीक्षण, स्थानीय तथा कामदारसँग |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | अन्तरक्रिया, स्थानीयको गुनासो पत्र/ निवेदन |
| **रोजगारीमा वृद्धि तथा गरिबी न्यूनीकरणमा टेवा** | • स्थानीयलाई प्राथमिकता | उत्खनन् क्षेत्र तथा संकलन क्षेत्र | उत्खनन् गर्ने क्रममा | गाउँपालिका र ठेकेदार व्यवसायी | वार्षिक कुल ९ महिने श्रम दिनको रोजगार सृजना हुने । | स्थलगत अध्ययन निरीक्षण, स्थानीयसँग अन्तरक्रिया |
| **प्रभाव बढोत्तरीकरणको लागि जम्मा ने.रु. २५०,०००** | | | | | | |
| **विषय** | **नकारात्मक प्रभावको न्यूनीकरणको क्रियाकलाप** | **कहाँ गर्ने** | **कहिले गर्ने ?** | **कसले गर्ने ?** | **अनुमानित बजेट जनशक्ति/समय** | **अनुगमन विधि** |
| **सामाजिक-आर्थिक तथा सांस्कृतिक क्षेत्र** | | | | | | |
| **पेशागत स्वास्थ्य एवं सुरक्षा** | • उत्खनन् र संकलनमा संलग्न श्रमिकहरुलाई निजी सुरक्षाका उपकरणहरु जस्तै पन्जा, बुट, मास्क आदिको उपयोग गर्न प्रेरित गर्ने ।<br>• सामान्य उपचारका लागि अत्यावश्यक प्राथमिक उपचारका सामाग्री जस्तै ब्यान्डेज, सेप्टि टेप, आदि उत्खनन् तथा संकलन क्षेत्र नजिकै उपलब्ध हुने गरी व्यवस्था गर्ने । | उत्खनन् क्षेत्र तथा संकलन क्षेत्र | नियमित उत्खनन् क्षेत्र तथा संकलन गर्ने क्रममा | ठेकेदार व्यवसायी | ८०,००० | स्थलगत अध्ययन निरीक्षण, स्थानीय तथा कामदारसँग अन्तरक्रिया |
| **नदी वरपर बस्ती बिस्तार तथा नदी अतिक्रमण नियन्त्रण** | • नदीको किनारमा स्थायी घर तथा टहरा निर्माण गर्न निषेध गर्ने । | उत्खनन् क्षेत्र तथा संकलन क्षेत्र | नियमित | गाउँपालिका | आवश्यकता अनुसार गाउँपालिका तथा सरोकारवाला | स्थलगत अध्ययन निरीक्षण, स्थानीय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • बैद्यानिक नियम कानून  मिचेमा सजाय दिने ।<br>• अस्थायी टहराहरु कार्य समापन पछि हटाउने । | | | | निकायले व्यवस्था गर्ने | तथा कामदारसँग अन्तरक्रिया |
| **बाह्य र स्थानीय कामदार बिचको द्वन्द** | • सम्भावित द्वन्दको स्थितिलाई टार्न श्रमिकहरुलाई अभिमुखिकरण गर्ने ।<br>• प्रहरीसँगको सहकार्यमा प्रहरीको उपस्थितिलाई नियमित गर्ने । | सम्बन्धित क्षेत्र | ३/३ महिनाको अन्तराल | गाउँपालिका | ५०,००० | स्थलगत अध्ययन निरीक्षण, स्थानीय तथा कामदारसँग अन्तरक्रिया, स्थानीयको गुनासो पत्र/ निवेदन |
| **सडक दुर्घटना** | • सवारीसाधनको गति समित गर्न पहुँच सडकमापर्ने गाउँ र संबेदनशील क्षेत्र जस्तै विद्यालय क्षेत्र नजिक गति सिमित लेखिएको साइनपोस्टहरु राख्ने ।<br>• ढुवानी सवारी साधनहरु प्रवेश गर्नें पहुच सडकमा स्पिड ब्रेकरहरु राख्ने ।<br>• वैकल्पिक मार्ग पहिचान गरी गा.पा. ले तोकिदिएको सडकहरुबाट मात्र ढुवानी गर्ने । | सम्बन्धित क्षेत्र | नियमित | गाउँपालिका र ठेकेदार व्यवसायी | ८०,००० | स्थलगत अध्ययन निरीक्षण, स्थानीय तथा कामदारसँग अन्तरक्रिया, स्थानीयको गुनासो पत्र/ निवेदन, दुर्घटना संख्या |
| **जैविक क्षेत्र** | | | | | | |
| **जलीय परिस्थितिकीय प्रणाली** | • बासस्थान भन्दा टाढा उत्खनन् कार्य गर्ने ।<br>• रात्री समयमा उत्खनन् नगर्ने । | सम्बन्धित क्षेत्र | नियमित | गाउँपालिका र ठेकेदार व्यवसायी | ९०,००० | स्थलगत अध्ययन निरीक्षण, स्थानीय तथा कामदारसँग |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • वन्यजन्तु संरक्षण सम्वन्धि जनचेतनामुलक र्कायक्रम संचालन गर्ने । • नदीको किनार सुरक्षार्थ वृक्षरोपण कार्यलाई प्राथमिकता साथ लागु गर्नुपर्ने । • नदीको बहाव भएको क्षेत्रमा नगर्ने । • बहाव क्षेत्रमा सवारीसाधन सकभर नचलाउने । | | | | | अन्तरक्रिया, स्थानीयको गुनासो पत्र/ निवेदन, वन्यजन्तुको दुर्घटना संख्या |
| **वन पैदावरको गैरकानूनी व्यापार** | • वन्यजन्तु चोरी शिकारी तथा गैर-कानूनी व्यापार गर्नेलाई नियमानुसार कार्यवाही गर्नु पर्ने । • वन्यजन्तु तथा वनपैदावरको महत्व र संरक्षण सम्वन्धि जनचेतनामुलक र्कायक्रम संचालन गर्ने जलीय पारिस्थितिकीय प्रणालीमा पर्ने प्रभाव मुल्याङकन गर्ने । | सम्बन्धित क्षेत्र | नियमित | गाउँपालिका र ठेकेदार व्यवसायी | ८०,००० | स्थानीय तथा कामदारसँग अन्तरक्रिया, स्थानीयको गुनासो पत्र/ निवेदन, वन्यजन्तुको चोरी शिकारी संख्या |
| **भौतिक क्षेत्र** | | | | | | |
| **तटीय अस्थीरता तथा कटान** | • गाउँपालिकाको संलग्नतामा संकलन क्षेत्रलाई सिमाङ्कन गरी सिमा भित्र मात्र संकलन गर्ने व्यवस्था गर्ने । | सम्बन्धित क्षेत्र | उत्खनन् पूर्व, उत्खनन् समय र वार्षिक | गाउँपालिका र ठेकेदार व्यवसायी | १८०,००० | स्थानीय तथा कामदारसँग अन्तरक्रिया, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • संकलन कार्य गर्दा नदीको बहावलाई बिचमा केन्द्रित हुने गरी बिचको स्थानबाट उत्खनन् तथा संकलन कार्य गर्न ।<br>• नदीलाई सिधा रेखामा बग्नेगरी संकलन कार्य गर्ने।<br>• नदीको बेड लेभलभन्दा तल उत्खनने नगर्ने ।<br>• कटान भइरहेको स्थानमा वृक्षारोपण तथा तटबन्ध निर्माण गर्ने । | | वृक्षारोपण तथा तटबन्धको निरीक्षण तथा निर्माण | | | स्थानीयको गुनासो पत्र/ निवेदन, स्थलगत अध्ययन (वृक्षारोपण तथा तटबन्धको निरीक्षण) |
| **भौतिक संरचनामा पर्ने प्रभाव** | • नदीको किनारमा बनेका भौतिक संरचनाहरु नजिक संकलन कार्यलाई निरुत्साहित गरि तोकिएको क्षेत्रबाट मात्र संकलन गर्ने ।<br>• ढुवानीका लागि गाउँपालिकाले तोकिदिएको संकलन कर्तासँग ठक्का सझौतामा समावेश गर्ने सडकहरुबाट मात्र गर्ने।<br>• गल्छीहरु बन्न नदिन नदीको पानी बगेको सतहभन्दा मुनि उत्खनन् / संकलन कार्य नगर्ने । | सम्बन्धित क्षेत्र | उत्खनन् पूर्व, उत्खनन् समय, नियमित | गाउँपालिका र ठेकेदार व्यवसायी | आवश्यकता अनुसार गा. पा. ले बजेट विनियोजन गर्ने | स्थानीय तथा कामदारसँग अन्तरक्रिया, स्थानीयको गुनासो पत्र/ निवेदन, स्थलगत अध्ययन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **वायु प्रदुषण तथा ध्वनी उत्सर्जन** | • ढुवानी गर्दा प्रयोग गर्ने विशेषगरी बस्ती क्षेत्रको बाटोमा समय समयमा पानीले भिजाउने ।<br>• विद्यालय जस्ता संवेदनशील क्षेत्रमा हर्न बजाउन निषेधित गर्ने ।<br>• ढुवानी गर्दा संकलित श्रोत वस्तुलाई पूर्ण रुपले त्रिपालले छोपेर मात्र ढुवानी गर्ने । | सम्बन्धित क्षेत्र | नियमित रुपमा ढुवानी समय | गाउँपालिका र ठेकेदार व्यवसायी | ६०,००० | स्थानीय तथा कामदारसँग अन्तरक्रिया, स्थानीयको गुनासो पत्र/ निवेदन, स्थलगत अध्ययन |
| **सवारी चाप र सडक पुल कल्भर्टमा पर्ने प्रभाव** | • ढुवानी गर्दा प्रयोग हुने सवारीसाधनको क्षमताभन्दा बढी भारी बोक्न निरुत्साहित गर्ने ।<br>• सडकमा रहेका खाल्टाखुल्टी पुर्ने र जमेको पानीलाई उचित निकास दिने ।<br>• पुल कल्भर्ट जस्ता संरचनामाथि सवारी (खाली होस या भरी) रोकेर राख्न नदिने । | सम्बन्धित क्षेत्रको सडक | नियमित रुपमा प्रयोग हुने सडक | गाउँपालिका र ठेकेदार व्यवसायी | ६०,००० | स्थानीय तथा कामदारसँग अन्तरक्रिया, स्थानीयको गुनासो पत्र/ निवेदन, स्थलगत अध्ययन |
| **संकलित सामाग्रीको भण्डारणले गर्दा हुने प्रभाव** | • थेग्रिएका वस्तुहरु नदीको छेउछाउ थुपार्न निषेध गर्ने र संकलित श्रोत वस्तुको ढुवानी २ दिन भित्र गरिसक्नु पर्ने ।<br>• कसैको निजी जग्गा प्रयोग गर्दा क्षतिपुर्ति दिनु पर्ने । | सम्बन्धित क्षेत्र | नियमित रुपमा | गाउँपालिका र ठेकेदार व्यवसायी | १००,००० | स्थानीय तथा कामदारसँग अन्तरक्रिया, स्थानीयको गुनासो पत्र/ निवेदन, स्थलगत अध्ययन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **फोहर तथा जल प्रदुषण** | • काम गर्ने क्षेत्रमा फोहोर संकलन बिन राखी फोहोर जम्मा गर्ने साथै हप्तामा कम्तिमा एक पटक त्यस्ता फोहरहरु संकलन गरी उपयुक्त स्थानमा बिसर्जन गराइने ।<br>• नदीको नजिक अथवा नदीमा कुनै पनि मृत जनावर तथा खाने कुराहरु फाल्न मनाहि गरिएको । | सम्बन्धित क्षेत्र | नियमित रुपमा | गाउँपालिका र ठेकेदार व्यवसायी | ५०,००० | स्थानीय तथा कामदारसँग अन्तरक्रिया, स्थानीयको गुनासो पत्र/ निवेदन, स्थलगत अध्ययन |
| **रसायनिक वातावरण** | • ढुवानी गाडीहरुको नियमित मर्मत तथा सम्भार गर्ने।<br>• इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायनहरु उत्खनन् / संकलन क्षेत्रम नल्याउने ।<br>• उत्खनन् / संकलन क्षेत्रमा ढुवानी गाडीहरु सरसफाई तथा धुनमा प्रतिबन्ध लगाउने । | सम्बन्धित क्षेत्र | नियमित रुपमा | गाउँपालिका र ठेकेदार व्यवसायी | आवश्यकता अनुसार ठेकेदार व्यवसायीले बजेट व्यवस्था गर्ने | स्थानीय तथा कामदारसँग अन्तरक्रिया, स्थानीयको गुनासो पत्र/ निवेदन, स्थलगत अध्ययन |
| **प्रभावको न्यूनीकरणको लागी ने. रु.** | | | | | **८३०,०००** | |
| **प्रभाव बढोत्तरीकरण यवं न्युनिकरण जम्मा ने. रु.** | | | | | **१,०८०,०००** | |

### तालिका ११ः अनुगमन तथा वातावरण व्यवस्थापन योजना, विधि र समय तालिका

| क.सं. | अनुगमन प्रकार | विषय वस्तु | अनुगमन गर्ने स्थान | सुचक | बिधि | समय | कुल रकम | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|
| १ | **आधार रेखा अनुगमन** | नदीको अवस्था कस्तो किसिमको छ त्यसको बारेमा | सबै सङ्कलन क्षेत्रहरु | नदीको अवस्था | स्थलगत निरिक्षण | आयोजना कार्यान्वयन हुनु भन्दा पहिले | २५,००० | गा.पा. |
| २ | | त्यस ठाउँमा बसोबासको कस्तो अवस्था रहेको छ । | सबै सङ्कलन क्षेत्रहरु | बसोवासको प्रकृति | स्थलगत निरिक्षण | आयोजना कार्यान्वयन हुनु भन्दा पहिले | २०,००० | गा.पा. |
| ३ | **पालना अनुगमन** | प्रारम्भिक वातावरणीय प्रतिवेदन गराई त्यसका आधारमा योजना संचालन गर्ने | न्यूनिकरणका उपायहरु दिईएका स्थानहरु | प्रारम्भिक वातावरण प्रतिवेदनमा न्यूनिकरणका उपायहरु अवलम्वन गर्न ठेक्का सम्झौतामा अनिवार्य समावेश | ठेक्का सम्झौताको सम्पुर्ण व्यहोरा अध्ययन | सम्झौता गर्दा | | गा.पा. |
| ४ | | प्रारम्भिक वातावरणीय परीक्षणमा भएको व्यवस्था र वातावरणीय सचेतनाका विषयमा स्थानीय सरोकारवाला संघ सस्थाका पदाधिकारीहरु र नदी प्रभावित क्षेत्रका | सबै सङ्कलन क्षेत्रहरु | अभिमुखिकरण गर्ने कार्य | स्थलगत निरिक्षण, स्थानीयसंग छलफल | आयोजना कार्यान्वयन हुनु भन्दा पहिले | ३५,००० | गा.पा. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | वासीन्दालाई अभिमुखिकरण गर्न कार्य | | | | | | |
| ५ | | सफारिस गरिएका न्युनीकरण कार्यान्वयन कार्य भए नभएका | सबै सङ्कलन क्षेत्रहरु | उत्खनन्/सङ्कलन स्थान, विधि र डिपोजिट स्थल | स्थलगत निरिक्षण | आवश्यकता अनुसार प्रत्येक ३-३ महिनामा | २०,००० | गा.पा../ ठेकेदार |
| ६ | | स्थानीय रोजगार | सबै सङ्कलन क्षेत्रहरु | स्थानीय रोजगारको अवस्था | लागत सङ्कलन र विश्लेषण | आवश्यकता अनुसार अनुगमन गर्ने | | गा.पा../ ठेकेदार |
| ७ | **प्रभाव अनुगमन** | नदीको किनार कस्ता अवस्थामा रहेका छन् | सबै सङ्कलन स्थानको नदीको किनार | नदी किनारको अवस्था | स्थलगत निरिक्षण | आवश्यकता अनुसार प्रत्येका ३-३ महिनामा | २५,००० | गा.पा../ ठेकेदार |
| ८ | | प्रभावित ठाउँमा वन तथा वनस्पतिको अवस्था बारे | सबै सङ्कलन क्षेत्रहरुमा पर्ने वार्ड | वन र वनस्पति अवस्था | स्थलगत निरिक्षण | आवश्यकता अनुसार अनुगमन गर्ने | २०,००० | गा.पा../ ठेकेदार |
| ९ | | वन्यजन्तु तथा माछाको अवस्थाको जानकारी | नदीका सबै सङ्कलन स्थलहरुको | वन्यजन्तु माछाको अवस्था | स्थलगत निरिक्षण | आवश्यकता अनुसार अनुगमन गर्ने | २५,००० | गा.पा../ ठेकेदार |
| १० | | स्वास्थ्य तथा सुरक्षा अवस्थाको जानकारी | सबै सङ्कलन स्थलहरु | स्वास्थ्य तथा सुरक्षाको अवस्था | निरिक्षण, छलफल | प्रत्येक ४ महिनामा | ३०,००० | गा.पा../ ठेकेदार |
| ११ | | पुर्वाधारको अवस्थाको जानकारी | सबै सङ्कलन स्थल जाने पहुँचमार्ग | पुर्वाधारको अवस्था | स्थलगत निरिक्षण | वर्षमा ३ पटक र आवश्यकता अनुसार | ३५,००० | गा.पा../ ठेकेदार |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **१२** | | सामाजिक सद्भाव तथा अवस्थाको जानकारी | सङ्कलन स्थलको प्रभाव क्षेत्रमा भएका घरधुरी | सामाजिक सद्भावको अवस्था | स्थानीयवासी र कामदारहरु संग छलफल | आवश्यकता अनुसार प्रत्येका ३-३ महिनामा | ३०,००० | गा.पा../ ठेकेदार |
| **१३** | | वायु तथा धुलो प्रदुषणको स्तर बारेमा जानकारी | सङ्कलन स्थलको प्रभाव क्षेत्रमा भएका घरधुरी, पहुँचमार्ग | वायु तथा धुलो प्रदुषणको स्तर | स्थलगत निरिक्षण, स्थानीयसंग छलफल | कम्तीमा वर्षमा ३ पटक | २५,००० | गा.पा../ ठेकेदार |
| | | | | | | **जम्मा ने.रु.** | **२९०,०००** | |

## ८.३ वातावरणीय व्यवस्थापनका लागि जिम्मेवार निकायहरु

वातावरण संरक्षणका लागि प्रस्ताव गरिएका चाशोका कुराहरुको कार्यान्वयन तथा पालना भए नभएको सम्बन्धमा र प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गरिए नगरिएको सम्बन्धमा अनुगमन गर्ने उद्देश्यले राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका, २०५० र वातावरण संरक्षण नियमावली, २०७७ साथै सुनछहरी गाउँपालिका प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधिले पनि वातावरणीय अनुगमनलाई अनिवार्य गरेको छ र सो कार्यका लागि प्रस्तावक नै जिम्मेवार रहने उल्लेख गरेको छ । यस अनुसार वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन गर्ने र गराउने जिम्मेवारी सुनछहरी गाउँपालिकाको रहने छ । यसका अलवा अन्य सरोकारवाला निकायहरुको पनि अनुगमनमा महत्वपूर्ण भूमिकामा रहन्छ । वातावरणीय व्यवस्थापनका लागि जिम्मेवार निकायहरु निम्न उल्लेख गरिए बमोजिम रहेका छन् ।

### ८.३.१ स्थानीय स्तरका निकायहरु

#### क) जिल्ला समन्वय समिति, रोल्पा

नदी/खोलाबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन्/संकलन कार्यको कार्यान्वयनको साथ-साथै वातावरणीय व्यवस्थापन योजनाको तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने जिल्ला समन्वय समिति जिल्लाको सबैभन्दा उच्च संस्था हो । नदिजन्य पदार्थ उत्खनन्/संकलन सम्बन्धी योजना र नीतिहरु आफनो अनूकुल बनाई कार्यान्वयन गर्नु, योजना र नीतिहरु अनुरुप वातावरणीय व्यवस्थापन र अनुगमन गर्नु जिल्ला समन्वय समितिको दायित्व भित्र पर्दछ ।

#### ख) जिल्ला अनुगमन तथा समन्वय समिति

जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा रहेको जिल्ला अनुगमन तथा समन्वय समितिले नदी/खोलाबाट नदिजन्य पदार्थ उत्खनन्/संकलन गर्दा पर्ने अनुकूल तथा प्रतिकूल प्रभावहरुको नियमित अनुगमन गर्ने छ । साथै यस समितिले स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै आवश्यक निर्णय उत्खनन्/संकलन गरी गर्ने समयावधि र महिनाको साथै परिमाण र विधि समेत हेरफेर गर्न सक्नेछ । जिल्ला स्थित समितिमा सरोकारवाला विषयगत कार्यालय तथा विशेषज्ञहरु समेत रहनेछन् ।

#### क) डिभिजन वन कार्यालय

डिभिजन वन कार्यालयको वन क्षेत्र भित्र पर्ने नदी, नदीहरुबाट उत्खनन् / संकलनको स्वीकृति दिन सक्ने आधिकारीक संस्था डिभिजन वन कार्यालय पनि हो । गाउँपालिका भित्रबाट बग्ने नदीहरुको किनारबाट, वन क्षेत्रभित्र पर्ने घाटहरुबाट ढुङ्गा, गिट्टी र बालुवा संकलन गर्न डिभिजन

वन कार्यालय र सम्बन्धित पालिकाको अनुमतिमा मात्र गर्न पाइन्छ । त्यसकारण नदीबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् / संकलन कार्य वातावरणीय व्यवस्थापनका लागि यस कार्यालयको समन्वयकारी भुमिका हुन्छ ।

**ख) स्थानीय गैरसरकारी तथा समुदायमा आधारित संस्थाहरु**

विभिन्न स्थानीय क्लवहरु, गैरसरकारी संस्थाहरु, सामुदायिक वन उपभोक्ता समूहहरु आदि संघ-संस्थाहरुले ढुङ्गा, गिट्टी र बालुवा संकलन र ढुवानी कार्य र वातावरण संरक्षणमा अगुवाका रुपमा भूमिका खेल्न सक्नेछन् । यस्ता संस्थाहरु नदीबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् / संकलन गर्दा परिरहेका प्रतिकूल प्रभावहरुको नियमित अनुगमन र सुचना प्रवाह गरि वातावरणीय व्यवस्थापनका लागि जिम्मेवारी बहन गरिरहेका हुन्छन् ।

### ८.३.२ केन्द्रियस्तरका निकाय

**क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

जिल्ला समन्वय समिति संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत पर्ने हुँदा केन्दिग्र स्तरको आधिकारीक संस्था संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय हो । नेपाल सरकारका नीति नियमहरुको कार्यान्वयन बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय जिल्ला समन्वय समन्वय समितिलाई निर्देशन दिन्छ र त्यसको अनुगमन गर्दछ । ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन कार्यको योजना तर्जुमा तथा अनुगमनको लागि नेपाल सरकारक आधिकारिक निकाय रुपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय रहेको छ ।

**ख) वन तथा वातावरण मन्त्रालय**

वन जंगल क्षेत्रभित्र पर्ने सबै प्रकारका नदी नदीहरु वन तथाा वातावरण मन्त्रालयको कार्यक्षेत्र भित्र पर्दछ, साथै वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ को केन्द्रस्तरको सम्बन्धित निकाय भनेको वन तथा वातावरण मन्त्रालय हो । तिनीहरुको व्यवस्थापनको लागि प्रदेश स्तरमा उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र जिल्ला स्तरमा डिभिजन वन कार्यालय रहेको छ । त्यसकारण नदीहरुबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् / संकलन कार्यमा यस मन्त्रालयको अहंम भूमिका भएको हुनाले यस मन्त्रालयसँगको समन्वय अति आवश्यक हुन्छ ।

## ८.४ वातावरणीय अनुगमन योजना

वातावरणीय अनुगमनमा विभिन्न प्रकारका अभ्यासहरु छन् । राष्ट्रिय वातावरणीय प्रभाव मुल्याकन निर्देशिका, २०५० मा निम्न तीन प्रकारका अनुगमन प्रस्ताव छ । वातावरण अनुगमन योजनाका लागि लाग्ने सम्पूर्ण खर्च प्रस्तावक स्वंयमले व्यर्होने छ । वातावरणीय अनुगमनको सम्पुर्ण जिम्मा प्रस्तावकको हो र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४५ को उपनियम १ र २ मा भएको प्रावधान अनुसार प्रस्तावको निर्माण तथा संचालन गर्ने चरणमा सोबाट वातावरणमा परेको प्रभावको विषयमा प्रत्येक ६ महिनामा स्वः अनुगमन गरी सोको प्रतिवेदन सम्बन्धित निकाय वा विभागमा पेश गर्नुपर्नेछ । मन्त्रालय वा विभागले कुनै आयोजनाको अनुगमन तथा निरीक्षण गर्दा प्रस्तावित हुँदाका बखतको वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित सिमा भन्दा बढी प्रभाव परेको देखिएमा त्यस्तो प्रभाव हटाउन वा हटाउने उपाय अवलम्बन गर्न सो आयोजनाको प्रस्तावकलाई निर्देशन दिनेछ र त्यस्तो निर्देशनको पालना गर्न सम्बन्धित प्रस्तावको कर्तव्य हुने ।

### क) आधाररेखा अनुगमन

प्रस्ताव कार्यान्वयन गर्नु पूर्व प्रस्ताव विद्यमान क्षेत्रका भौतिक, जैविक, सामाजिक-आर्थिक तथा साँस्कृतिक वातावरणको सम्बन्धमा आधार तथ्याङ्क संकलन गरी सुचनाको आधार तयार गरिन्छ । प्रस्ताव कार्यान्वयनको क्रममा देखा पर्ने वातावरणीय परिवर्तनको खाजोखाले गर्दा ती आधार रेखासँग तुलना गर्न सकिन्छ । यसरी वातावरणीय आधार रेखासँग तुलना गरेर गरिने अनुगमन आधाररेखा अनुगमन हो । यो प्रारम्भिक वातावरणीय प्रतिवेदन तयार गर्दा प्रस्ताव क्षेत्रको समग्र वातावरणको सन्दर्भमा वातावरणीय आधाररेखा तयार गरिएको छ । यस प्रस्तावको आधाररेखा अनुगमनको लागि निम्नानुसारका सुचकहरु औंल्याइएका छन् ।

- बाढी क्षेत्रको विद्यमान अवस्थ, नदीको तटको अवस्था, नदीको बहाव क्षेत्र आदि
- उपस्थित जनसंख्याको अवस्था, आर्थिक क्रियाकलाप आदि ।

### ख) नियमपालन अनुगमन

ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन कार्यको सम्बन्धमा र तिनको वातावरणीय प्रभावहरुको व्यवस्थापन गर्ने सम्बन्धमा प्रस्तावकले पेश गरेको प्रतिवद्धता यवं मौजुदा ऐन नियमहरु पालना भए नभएको बारेमा अनुमान गरिने छ। यो निम्न सूचकहरुको आधारमा गरिनेछ ।

- ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् / संकलन गर्ने व्यक्ति, संघ-संस्था वा कम्पनीहरुसँग सम्झौताका सर्तहरुको पालना गरे नगरेको ।

- संकलनको परिमाण सम्झौता अनुसार भए नभएको ।
- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख गरिएका अनुकूल प्रभाव बढाउने र प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने उपायहरुको कार्यान्वयन गर्न बजेट व्यवस्था तथा कार्यक्रम कार्यान्वयन भइरहेको वा भइनरहेको ।

**ग) प्रभाव अनुगमन**

प्रारम्भिक वातावरणीय परीक्षणका क्रममा पहिचान भएका प्रभावहरुको न्यूनीकरण वा अभिवृद्धिका उपायहरु सहित प्रस्ताव कार्यान्वयन गर्ने सिलसिलामा देखा परेका वा भएका प्रभवाको अध्ययन गर्ने कार्य प्रभाव अनुगमन हो । यस प्रकारको अनुगमनले प्रभाव न्यूनीकरण वा अभिवृद्धिका उपायहरुको प्रभावकारी कार्यान्वयन गर्न मद्दत पुयाउँछ । प्रस्ताव कार्यान्वयनको क्रममा यो अनुगमन दुई वर्ष भित्र गरिनेछ । यस अनुगमनको सिलसिलामा निम्न सुचकहरुको अध्ययन गरिनेछ ।

- तटीय कटानको अवस्था ।
- सामाजिक-आर्थिक अवस्थामा आएको परिवर्तन ।
- नदीको दुवै किनार तर्फका संरक्षित क्षेत्र, नदीको सतहको उचाई, धार बहने क्षेत्र ।
- भौतिक संरचनाहरुको अवस्था ।
- धुवाँ, धुलो, ध्वनीको अवस्था ।
- सडक दुर्घटनाको अवस्था आदि ।

अनुगमनका सूचकहरु, विधि, समयतालिका र जिम्मेबार निकायहरु तलको तालिकामा उल्लेख गरिए बमोजिम हुनेछ ।

**तालिका १२: अनुगमनका सूचकहरु, विधि, समय तालिका जिम्मेवारी**

| नुगमनको प्रकार | विषयवस्तु | सूचक | विधि/तरिका | समय तालिका | जिम्मेबारी |
|---|---|---|---|---|---|
